अथ, पहिलो भाग श्री शिवस्वरोदयारम्भः—

देव्यु वाच—

देव देव महादेव, कृपां कृत्वा ममोपरि ।
सर्व सिद्धिं करं ज्ञानं कथयः स्व मम प्रभोः ।१।

श्री पार्वती आफ्ना प्यारा पति शिवजीलाई विन्ति गर्नु हुन्छ, हे देवताका देव महादेव मेरा उपर कृपा गरी सर्व सिद्धि प्राप्त हुने ज्ञान र ।

कथं ब्रह्माण्ड मुत्पन, कथं च परिवर्तते ।
कथं विलियते देव, कथं ब्रह्माण्ड निर्नयम् ।२।

यो ब्रह्माण्ड कसरी उत्पन्न हुनाकन जान्छ र कसरी अडेको छ । हे महादेव पुन, यो कस्तो तरहले लय हुन्छ यो निर्णय जो छ सो मलाई सत्य आज्ञा गर्नु हवस् भन्दा श्री सदाशिवजी आज्ञा गर्नु हुन्छ ।२।

श्री शिवो वाच—

तत्वात् ब्रह्माण्ड मुत्पन्न, तत्वैवः परिवर्त ते ।
तत्वे विलिय ते देवि तत्वात् ब्रह्माण्ड निर्णयः ।३।

यो ब्रह्माण्ड उत्पत्ति पनि तत्वैले गर्दछ अडियको पनि तत्वैले हो हे देवी तत्वैले गरी लय पनि हुनाकन जान्छ, यो ब्रह्माण्डको निर्णय यस्तो छ भन्दा फेरि उमा विन्ति गर्नु हुन्छ । ।३।

पार्वत्यौवाच—

तत्वमेव परं मूलं निश्चित तत्ववादिभिः ।
तत्व स्वरूपं किं देव, तत्वमेव प्रकाशयः ।४।

श्री पार्वती भन्नुहुन्छ हे महादेव सदाशिव त्यो तन्त्र भनेको के हो र तत्वादिले निश्चय गरिने परम तत्व मूल कारण जो छ सो तत्वको रूप मलाई सत्य सम्पूर्ण आज्ञा गर्नु हवस् भन्दा ।४।

ईश्वर उवाच–

निरञ्जनो निराकारो एकोदेवो महेश्वरः ।
तस्मा दाकाशमुत्पन्नं, माकाशद्वायु संभव ।५।

ईश्वर आज्ञा गर्नु हुन्छ हे उमा यौटै परमेश्वर निरञ्जन निराकार देखि आकाश उत्पन्न भयो फेरि त्यही आकाशबाट वायु प्रकट हुनाकन गयो– ।५।

वायोस्तेज स्ततश्चाप स्ततः पृथ्वी समुद्भवः ।
एतानि पञ्च तत्वानि, विस्तीर्णानि च पंचधाः ।६।

फेरि वायुबाट तेज तेजदेखि जल र जलबाट पृथ्वी उत्पन्न भै इनही पञ्च तत्त्वबाट संपूर्ण पञ्च भूतको अनन्त विस्तार फहिलीरहेछ ।६।

तेभ्यो ब्रह्माण्ड मुत्पन्नं, तै रेव परिवर्तते ।
विलियते च तत्रैव, तत्रैव रमते पुनः ।७।

त्यही पञ्च भूतले यो ब्रह्माण्ड उत्पन्न गर्छ, त्यो ब्राह्माण्ड जो छ सो त्यही पञ्च तत्वले अड्याइएको हुन्छ फेरी त्यो ब्रह्माण्ड त्यही पञ्च तत्वमहाभूतमालयपनिहुन्छ,फेरित्योब्रह्माण्ड त्यसैमा रमण गरी रहन्छ ।७।

पञ्चतत्व मये देहे, पञ्चतत्वानि सुन्दरी ।
सुक्ष्म रूपेण वर्तन्ते, ज्ञायन्ते तच्च योगिभिः ।८।

हे सुन्दरी यो देह पनि त पाँच तत्वमयै छ, यस्तो यो सुक्ष्म रूपले रहेको पञ्च तत्त्वलाई योगीहरूले मात्र जान्दछन् ।८।

अथ स्वरं प्रवक्षामि, शरीरस्य स्वरो दयम् ।
हंसचार स्वरूपेण, भवेज्ज्ञान त्रिकालयम् ।९।

हे देवी, यो शरीरको स्वरोदय ज्ञान जोछसो म कहन्छु तिमी सुन यो हंस चार स्वरुपको ज्ञानले नै योगीहरू त्रिकलज्ञ हुन सक्छन् ।९।

गुह्याद् गुह्यं तरं, सारम्, मुपकारं प्रकाशनं ।
इदं स्वरोदय, ज्ञानं ज्ञानानां मस्तके मणिः ।१०।

हे देवी यो स्वरोदय ज्ञान जो छ सो गुप्त भन्दा पनि अति गुप्त तथा तत्व भन्दा पनि महातत्व, ज्ञानको पनि सारवस्तु योगीहरूको शिरोमणि सर्वोपकारको निमित्त प्रकाश भईरहेको परम प्रकाशलाई तिमी जान ।१०।

सूक्ष्मात् सूक्ष्म तरं ज्ञानं, सुबोधं सत्यप्रत्ययं ।
आश्चर्य नास्तिके लोके, आधारं त्वास्तिके जने ।११।

यो स्वरोदय ज्ञान जो छ, सुक्ष्म भन्दा सूक्ष्मान्तर भएको हुनाले जान्नेका निम्ति यो प्रत्यक्ष दर्शन दिने, वालो छ आस्तिकहरू यसलाई अपनो ईष्ट देव ठान्दछन्, नास्तिकहरूचाई आश्चर्य मान्दछन् ।११।

शान्तशुद्धे सदाचारे, गुरो भक्ते क मानसे ।
दृढचित्त कृतज्ञे च द्वयंचैव स्वरोदयम् ।१२।

हे उमा, अब शिष्यको लक्षण कहन्छु सुन, यो स्वरोदय ज्ञान जो छ सो कस्तालाई दिनु भने शान्तचित्त भएको सदाचारमा रहने गुरु सेवामा

दृढचित्त भएको यस्तो कृतज्ञतालाई मात्र यो ज्ञान प्रदान गर्न उचित हुने छ यस्तालाई मात्र दिनु ।१२।

दुष्टे च दुर्जने क्रुद्धे, असत्ये गुरु तल्पगे ।
सत्यहिन दुराचारे स्वरज्ञानं नदोय ते ।१३।

अर्थात् दुष्टचित्त भएको र कष्टि असत् काम गर्ने अतः गुरु पत्नीमा भोग गर्न इच्छा गर्ने; आचारहीन घृणा काम गर्नमा तत्पर रहने यस्ता दुष्टलाई यो उक्त स्वरोदय ज्ञान नदिनु– ।१३।

श्रृणु त्वां कथितं देवि, बेहस्य ज्ञान मुक्तमम ।
येन विज्ञान मात्रेण, सर्वज्ञ त्वांहि जाय ते ।१४।

हे देवी यो देहको उक्त ज्ञान म भन्छु तिमी सुन यो स्वरोदय ज्ञानको अध्ययन गर्नालि मात्र संपूर्ण कुराहरू जान्ने हुइन्छ बुझ्यौ ।१४।

स्वरे वेंदाश्च शास्त्राणि, स्वरे गान्धर्व मुत्तमम् ।
स्वरे सर्व त्रैलोक्यं च, स्वर मात्र स्वरूपकम् ।१५।

यो स्वरबाटै निगमाधिक शास्त्र र विद्या उत्पन्न भयो स्वर्ग मर्त्य पाताल तिनै लोक पनि स्वरबाटै उब्जिइएको हो त्यस्तै विश्वात्मा पनि, स्वरै स्वरूपले रहेको हुन्छ ।१५।

स्वरहीनं च दैवज्ञं, नाथ हीनं यथा गृहे ।
शास्त्र हीनं यथा वाणो, शिरो हिनं च यद्वपुः ।१६।

अर्थात्-शास्त्र रहितको वचन र ईश्वरको भावना नभएको घर तथा शीर नभएको शरीर जस्तो हो त्यस्तै स्वर शास्त्रले हीन भएको योगीहरूको योग र ज्ञान पनि हो– ।१६।

नाडि भेदं तथा प्राणः, तत्त्व भेदं तथैव च ।
सुषुम्णा मिश्र भेदं च, योजानाति समुक्ति गः ।१७।

जो मानिस नाडि र तत्वहरूको तथा सुषुम्नाको भेद जान्दछ सो योगी पुरुष सधैं मुक्त भै रहेको हुन्छ ।१७।

साकारे वा निराकारे, शुभ वा युवलिकृते ।
कथयंति शुभं के चित् स्वर ज्ञाने वरानने ।१८।

अर्थात् साकार वा निराकार-रूप-सोऽहं वायुको लक्षण धेर्थो र जेहोस् म बढिया तरहले भन्छु हे वरानने तिमी राम्रो तरिकाले सुन ।१८।

ब्रह्माण्ड खण्ड पिण्डाद्यां, स्वरेणैवहि निर्मिताः ।
सृष्ठि संहार कर्ताच, स्वरः साक्षात्महेश्वरः ।१९।

यो ब्रह्माण्ड पिण्ड जो छ स्वरैको आधारले रहेको छ, यसको शृष्टि र सम्हारकर्ता पनि स्वरै छ, तसर्थ यो स्वर शब्द आत्मा महेश्वर हो।१९।

स्वर ज्ञानात् परं गुह्यं, स्वर ज्ञानात् परंधनं ।
स्वरज्ञानात् परं ज्ञानंन वा दृष्टि नवाश्रुतम् ।२०।

यो स्वर ज्ञान भन्दा परको गोप्य र स्वर ज्ञान भन्दा परको धन, स्वर भन्दा थर्को ज्ञान कुनै पनि छैन, हे देवी यो ज्ञान देख्ने सुन्ने पनि कोही छैन । ।२०।

शत्रु हन्या स्वर बले, तथा मित्र समा गमः ।
लक्ष्मी प्राप्तिः स्वरः बले कीर्तिस्वर बले सुखम् ।२१।

यो स्वर शब्द ब्रह्मको वलले, शत्रु पनि मारिन्छन्; मित्रको समागम पनि हुन्छ, तथा लक्ष्मी पनि प्राप्ति हुन्छिन् कीर्ति पनि रहन्छ, फेरि त्यस्तै अनेक किसिमको सुख पनि स्वरैका वलले हुन सक्छ। ।२१।

कन्या प्राप्तिः स्वरबले तद्बले राज दर्शनम् ।
स्वरेण देवता सिद्धिः स्वरेण क्षितियो वशः ।२२।

अर्थात-स्वरैका वलले कन्या पनि पाइन्छ, फेरि राजाको दर्शन पनि पाइन्छ, फेरि देवताहरूको सिद्धिः पनि मिल्छ, यो स्वरैका ववले गर्दा पृथ्वी पनि आफ्नो वसमा हुन सक्छिन् । ।२२।

स्वरेण गम्यते देशो भोज्यं स्वरबले तथा ।
लघु दीर्घं स्वरबले, मलंचैव निवारयेत् ।२३।

फेरि स्वरगो वलले यात्रा पनि सफल हुन्छ, भोजन पनि स्वादिष्ठ हुन्छ तसर्थ दिशा पिशापको कार्य त्याग पनि स्वरैका बलले खुल्दछ ।२३।

सर्भशात्र पुराणादि, स्मृति वेदान्त पूर्वकम् ।
स्वर ज्ञानात्परं तत्वं नास्ति किंचिद् वरानने ।२४।

जस्तै, संपूर्ण पुराणादिक सर्वशास्त्रहरू भए, त्यस्तै वेदान्त पूर्वक स्मृतिहरू भए, हे वरानने यसमा स्वर ज्ञान भन्दा अर्को तत्व केही पाइदैन ।२४।

नाम रूपादिकः सर्वो मिथ्या सर्वेषु विभ्रमः ।
अज्ञान मोहिता मूढा, यावतत्त्वं न विद्य ते ।२५।

अर्थात्–यो सवै नाम रूपादिक जो देखिन्छ, सो सवै मिथ्या भ्रम मात्र हो, अर्थात्–जहांसम्म जो मानिस अज्ञानको कारणले गर्दा पांच तत्त्वको खेलमा मोहित भैरहन्छ तहाँसम्म सर्वकालको एकै तत्त्व जान्दैन ।२५।

इदं स्वरोदयम् शास्त्रं, सर्वशास्त्रोत्तमो
आत्मघट प्रकाशार्थं प्रदीप कलिकोपमम् ।२६।

यो स्वरोदय शास्त्र जो छ सो संपूर्ण शास्त्र भन्दा उत्तम छ, जस्तै निर्मल वत्ती बालताले अन्धकार हराउँछ, त्यस्तै आफ्नो आत्मा ज्योति स्वर तत्त्व प्रकाश गर्नाले अज्ञान रूपी अन्धकार हराएर जान्छ– ।२६।

यस्मै कस्मै परस्मै वा न प्रोक्तं प्रश्न हेतवे ।
तस्मादेतत् स्वयंज्ञेय, मात्मानो वात्मनात्मनि ।२७।

अर्थात्–कोही मनुष्यले प्रश्नको हेतुमा यो स्वर शास्त्रको कुरा सोध्यो भने कसैलाई पनि न भन्नु; कारण आत्माको विषयमा आत्मैले मात्र जान्नु पर्ने र जानिने कुरा छ, तसर्थ यो शास्त्र ज्ञान आफूले जान्नु उचित हुने छ । ।२७।

न तिथि न नक्षत्रा च, नवारोग्रह देवता ।
न च वृष्टि र्व्यातिपातो वैधृत्याद्यास्तथैव च ।२८।

यो स्वरोदय शास्त्रको ज्ञान जान्ने पुरुषलाई तिथि वार नक्षत्र ग्रह-देवता-भद्रा-व्यातिपात वैधुत्यादि केहि दोष पनि लाग्दैन । ।२८।

कुयोगो नास्ति को देवि, भवन्ति न कदा च नः ।
प्राप्ते स्वरबले युक्ता, सर्वमेव फलं लभेत् ।२९।

हे देवी यो स्वरज्ञान को अध्ययन गर्ने पुरुपहरूलाई कुयोगले छुन सक्तैन यो स्वरकै बलले गरी सबै कर्मको फल योग प्राप्ति हुन्छ ।२९।

देह मध्ये ऽस्थिता नाड्यो, बहुरूपी सुविस्तरात् ।
ज्ञातव्याश्च बुधैर्नित्यं, स्व देह ज्ञान हेतवे ।३०।

यो देहमा नाडिहरू धेरै किसिमले रहेको हुन्छन् तसर्थ यो हेतु नाडिको रूप जानिफकार पुरुषहरूले नित्य जान्नु पर्ने कुरा छ ।३०।

नाभिस्थान गकं दोर्ध्वं, मकुरा देव निर्गताः ।
द्वि सप्तति सहस्राणी, देह मध्यव्यवस्थिताः ।३१।

यो देहको नाभिस्थान विशे मास्तिर फर्किएको–१–नाडि जोछ सो अनेकौंभै फहिलिएर -७२- हज्जार नाडिको संख्यामा रहेको हुन्छ ।३१।

नाडिस्था कुण्डली शक्तिर्भु जङ्गाकार शायिनि ॥
ततोद्ग शोर्ध्वगानाड्य दशौर्वाद्ध प्रतिष्ठिता ।३२।

नाभिस्थानमा रहेको, कुण्डली शक्ति जोछ, सो सर्पको आकारले सुतेको हुन्छ, त्यही देखि दश दिशाको उर्द्ध गाभीभै फहिली रहेको छ, फेरि वाँहुँ नाडि चाहिं अधोगामी भै रहेको हुन्छ. ।३२।

द्वे द्वे तिर्यंगतौनाड्यो श्चतुर्विंशति संख्यया: ।
प्रधाना दशनायस्तु, दश वायु प्रवाहिकाः ।३३।

जम्मा-७२-हजार नाडिमध्ये-२४-नाडि प्रधान छ, त्यसमध्ये-२२-नाडि तेर्सो चल्दछ, -१०-नाडि चाई वायुको प्रवाहमा छ, बाँकी-१०-नाडि देहमास्थि छं ।३३।

तीर्यंगूर्ध्वास्तथाऽधस्था, वायुदेह समन्विताः ।
चक्रवत्सस्थिता देहे, सर्व्वप्राण समाश्रिताः ।३४।

अर्थात् यो देहमा, तल र माथि, वर र पर चल्ने नाडि सबै संयोग भै कुमालेको चक्र समान गरी ई सबै प्राणको आधारमा रहेको हुन्छ ।३४।

ताशामध्ये दशश्रेष्ठा, दशनाडि सउत्तमाः ।
इडांच पिङ्गला चैव सुषुम्णा च तृतीयकम् ।३५।

ती नाडिहरुमध्ये दशनाडि श्रेष्ठ छ, ती भन्दा उत्तम-३-नाडि छ; ती नाडिहरुको नाम हो इडा र पिङ्गला तथा सुषुम्ना ।३५।

गान्धारी हस्ति जिह्वाच, पूषा चैव यशस्विनी ।
अलम्बुषा कुहुश्चैव, शांखिनी दशमस्तथा ।३६।

ती-३ नाडिवाट उब्जेका१०-नाडिको नाम हो गान्धारी हस्तिजिह्वा पूषा र यशस्विनी, अलंवुषार कुहू, शाङ्खिनी ई-७-र-३-ले-१०-भयो ।३६।

इडावामेस्थिता भागे, पिङ्गला दक्षिणेस्मृता ।
सुषुम्णा मध्ये देशेतु, गान्धारी वाँम चक्षुभिः ।२७।

यो देहमा इडा नाडि वायाँ तर्फ पिङ्गला दाहिने तर्फ तथा सुषुम्ना वीचमा रहन्छ, अनि गान्धारी नाडि चाँहि वाँया-नेत्रमा रहन्छ ।३७।

दक्षिणे हस्ति जिह्वाच, पूषा कर्णे च दक्षिणे ।
यशश्विनी वाम, कर्णे आनने चाप्यलंबुषा ।३८।

हस्ति जिह्वा नाडि दायां नेत्रमा र पूषा नाडि दाहिने कानमा तथा यशस्विनी देब्रे कानमा रहन्छ, अलंवुपा नाडि चाहि मुखमा रहन्छ ।३८।

कुहश्च लिङ्ग देशेतु, मूलस्थानेतु शंखिनी ।
एवं द्वारं समाश्रित्य । तिष्ठन्ति दशनाडिकाः ।३९।

कुहुनांको नाडि लिङ्गेन्द्रियमा र शखिनी गुद द्वारमा रहन्छ यस्ता प्रकारले दश नाडिहरू शरीरका द्वारको स्थानमा रहेका हुन्छन् । ।३९।

इडा पिङ्गला सुषुम्णा, प्राण मार्गे समाश्रिताः ।
एतांहा दशनाड्यस्तु, देहमध्ये व्यवस्थिता ।४०।

अर्थात् इडा पिङ्गला र सुषुम्ना, ई नाडि चाहि प्राग मार्गको आश्रयमा रहन्छन्। बाँकी दश नाडि चाहि शरीरका बीचमा रहेका हुन्छन् ।४०।

नामानी नाडिकानांतु, वातानांतु वदाम्यहम् ।
प्राणेऽपानः समानश्च, उदानोव्यान एव चः ।४१।

अतः इ नाडिहरूको जो छ सो नां वताये अव अरू नाडिहरूको आश्रयभूत् प्राण, अपान, समान, उदानतथाव्यानईपाँच वायुकोनांभन्दछुतिमीसुन ।४१।

नागः कुर्मोयऽथ कृकलो, देवदत्तो धनञ्जयः ।
हृदि प्राणो वशे नित्य अपानो गुद मण्डले ।४२।

नाग कुर्म कृकल र देवदत्त ई उप प्राण हुन अपान वायु चाहि गुदस्थानमा रहन्छ, बाँकी धनञ्जय प्राग चाही हृदयमा रहन्छ ।४२।

समानो नाभि देशेतु, उदानः कण्ठमध्यगः ।
व्यानाव्यापी शरीरेषु, प्रधान दश वायवः ।४३।

समान वायु नाभिस्थानमा, उदान कण्ठमा व्यान वायु चाँहि सर्व शरीरमा व्याप्त हुन्छ, यस्ता प्रकारले दशवायु रहन्छ भनि जान्नु ।४३।

प्राणाद्या पंच विख्याता, नागाद्या पंचवायवः ।
तेषामपि च पंचानां स्थानानि च वदाम्यहम् ।४४।

प्राणादिक पाच वायुको स्थान भने, अब नागादिक पाँच वायु जो छन् उनीहरूको स्थान जोछ सो, म अर्मले भन्दछु तिमी सुन ।४४।

उद्गारे नाग आख्यातः कुर्म उन्मिलनेस्मृतः ।
कृकलक्षुत कृज्ज्ञेयो, देवदत्तो विजृंभणे ।४५।

नाग वायुले डकार्ने कुर्मले आँखा उघार्ने र चिम्लने, कृकल वायुले छ्यौ गराउने देवदत्त वायुले चाँहि अल्छि लगाउने काम गर्दछन् ।४६।

नजहाति मृत वापि, सर्वव्यापी धनन्जयः ।
एते नाडि षुसर्वासु, भ्रमन्ते जीव रूपिणः ।४६।

अनि धनञ्जय वायु चाँहि हृदयबाट सबै शरीरमा व्याप्त हुन्छ । त्यसकारण मरेको शरीरलाई पनि-६-घडिसम्म छोड्दैन, (जीवात्मामा) यस तरिकाले १० वायु रहन्छन ।४६।

प्रकटं प्राण संचारं, लक्षये देहमध्यतः ।
इडापिङ्गला सुषुम्णा, नाडिभि स्तीं सृभिर्बुधः ।४७।

यो देहका वीच वीचमा चलेको प्राण संचार जोछ सो त्यसलाई जान्ने ज्ञानिहरू, इडा र पिङ्गला तथा सुषुम्ना ई तीन नाडिको अनुसन्धानबाट नै जान्दछन् ।४७।

इडा वामे च विज्ञेया, पिङ्गला दक्षिणेस्मृताः ।
इडा नाडिस्थिता वामे, ततोव्यास्ता च पिङगला ।४८।

अर्थात् इडा देब्रे र पिङ्गला दाहिने तर्फ चल्ने नाडिको गति जान्नू ।४८।

इडा यान्तुस्थिते चन्द्र पिंगलायां च भास्कर ।
सुषुम्णा शंभु रूपेणः, शंभु हंस स्वरूपतः ।४९।

इडामा चन्द्र र पिङ्गलामा सूर्य नाडि रहन्छ, सुषुम्ना नाडिमा चाँहि भगवान शङ्करजी रहनु हुन्छ, हँसरूपमा पनि शङ्करै रहन्छन् ।४९।

हकारो निर्गमे प्रोक्तः, सकारेण प्रवेशनम् ।
हकारः शिवरूपेणः, शकारः शक्ति रूच्यते ।५०।

बाहिर निक्लदाको स्वरलाई हकार कहिन्छ, भित्र पस्ताको स्वरलाई चाँहि सकार भन्दछन्, हकार स्वर शिव रूप हो सकार चाँहि शक्ति ।५०।

शक्तिः रूपस्थितश्चन्द्रो, वामनाडि प्रवाहकः ।
दक्षःनाडि प्रवाहश्च, शंभुरूपो दिवाकरः ।५१।

अर्थात् हाम्रो नाडि चलाउने देवता, देब्रेमा शक्ति र दाहिनेमा शंभु रहन्छन् ।५१।

स्वासे सकार संस्थेतु, यद्दानं दियते बुधेः ।
तद्दानं जीवलोकेऽस्मिन्, कोटिकोटि गुणं भवेत् ।५२।

अर्थात्-सकार स्वास चलेको व्यला ज्ञानी पुरुष जो सवस्तु दान् गर्छन् त्यस दानको फल अरूभन्दा कोटि गुण धेरै हुन्छ भनिएको छ ।५२।

अनेनलक्ष मद्योगी, चैकचित्तः समाहितः ।
सर्वमेव विजानिया, मार्गे वै चन्द्र सूर्य योः ।५४।

अर्थात्-जो योगी पुरुष छ, उसका एकाग्र चित्तको ध्यानले सबै जीवलाई चन्द्र र सूर्य स्वरको बाटो हिंडेको जानोस् ।५३।

ध्यायेतत्वं स्थिरे जीवे, अस्थिरे न कदाचनः ।
ईष्ठ सिद्धि भवेत्तस्य, महालाभो जयस्तथाः ।५४।

अतःजो योगी पुरुष छ, उसले आफ्नो चित्त स्थिर भएको व्यला तत्वको ध्यान गरोस्, तव उसको मनोरथ सिद्ध हुनेछ, र उसको जय र लाभ् पनि हुनेछ । तर, चित्त स्थिर नभएको व्यला चाँहि केही पनि सिद्ध हुँने छैन । ।५४।

चन्द्र सूर्य समाभ्यासं, ये कुर्वन्ति सदा नराः ।
अतीता नागता ज्ञानं, तेषाँ हस्ता गतं भवेत् ।५५।

जो मानव चन्द्र र सूर्य नाडिको वढिया तरहले ध्यान अथवा अभ्यास गर्छन भने उनीहरूको मनमा भूत् भविश्यको ज्ञान प्रत्यक्ष हुन्छ ।५५।

वामेचामृत रूपश्या ज्जगदा प्यायनं परम् ।
दक्षिणे चर भागे न, यगदुत्पाद येत्सदाः ।५६।

देव्रे नाडिले चाहि अमृतको वर्षा गरी सृष्ठिलाई पुष्ठयाई गर्छ, दाहिने पिङ्गला नाडिले चाँहि जगतकाप्राणिकोसृष्ठि गर्छ भन्नेधर्म-अकाट्यछ।५६।

मध्यमा भवतीक्रूरा, दुष्टा सर्वत्र कर्मसु ।
सर्वत्र शुभ कार्येषु, वामा भवती सिद्धिदा ।५७।

वीचमा (कुम्भक) सुषुम्ना नाडि चाँहि सबै काममा भाधा पर्ने वाला हुन्छ देव्रे नाडि चाँहि सबै काममा सिद्धिदिने वालो हुन्छ ।५७।

निर्गमतु शुभा वामा, प्रबेशे दक्षिणा शुभा ।
चन्द्र समस्तु विज्ञेयो, रविस्तु विषमःसदा ।५८।

अर्थात् वाहिर निक्लनु पर्दा देब्रे नाडि शुभ छ-भित्र पस्ता चाहि दाहिने नाडि शुभ हुन्छ । कारण चन्द्र नाडिसम र सूर्य सधैं विसम हुन्छ ।५८।

चन्द्रःस्त्री पुरुषः सूर्य श्चन्द्रो गौरो सितो रविः।
चन्द्रःनाडि प्रवाहेतु सौम्य कार्याणि कारयेत् ।५९।

अत चन्द्रनाडि चाँहि स्त्री हो, सूर्य चाहि पुरुष, चन्द्रको गोरो वर्ण छ सूर्यको चाँहि सेतो वर्ण हुन्छ; तसर्थ चन्द्र नाडि परेमा शुभ काम गर्नु ।५९।

सूर्य नाडि प्रवाहेण, रौद्र कर्माणि कारयेत् ।
सुषुम्णायाः प्रवाहेण, भुक्ति मुक्ति फलानिच ।६०।

अर्थात्-सूर्य नाडि चलेको व्यला चाहि दुष्ट.कामको सफल हुन्छ । सुषुम्ना नाडि चलेको वेला चाहि भक्ति र मुक्तिको काम अर्थात्-निस्काम्य कर्म शुभ हुन्छ भनी जान्नु ।६०।

आदौ चन्द्रः सितेपक्षे, भास्करो हीसिते तरः ।
प्रतिपत्तो दिनान्याहु, स्त्रीणि स्त्रीणि कृतोदयौं ।६१।

अर्थात्-शुक्ल पक्षको चन्द्र र कृष्ण पक्षको सूर्य, प्रतिपदादेखि तीन तीन दिन सम्म चन्द्रमा रसूर्य स्वरको उदय हुन्छ सो कुराको अभ्यास गर्नु ।६१।

सार्ध द्वि घटिके ज्ञेयेः, शुक्ले कृष्णे शशी रविः ।
वहत्येक दिनेनैव यथाषष्ठि घडि क्रमात् ।६२।

शुक्ल पक्षेमा प्रथम, अढाई घडि चन्द्रमा र कृष्णपक्षको प्रथम अढाई घडि सूर्यको उदय हुँदा स्वर चल्ने कामको रिति-६०-क्षडिरूम्म हुन्छ ।६२।

बहे यतद् घटीमध्ये, पंचतत्त्वानि निर्दिशेत् ।

प्रतिपत्तो दिनान्याहु, विपरिते विवर्जयेत् ।६३।

फेरि त्यँ-६०-घडिका बीचमा पाँच तत्त्वहरू चल्दछन् । फेरि परेवादेखि तीन दिन जो कहिएको छ, सो दिनमा विपरित उल्टो अर्थात्, सूर्यका दिनमा चन्द्र र चन्द्रको व्यला सूर्य, भएमा शुभ कर्म नगर्नु ।६३।

शुक्लपक्षे भवेथ् वाँमा, कृष्णपक्षे च दक्षिणाः ।

जानि यात् प्रति पत्पूर्वं, योगीत द्यत मानसः ।६४।

शुक्लपक्षको प्रतिपदामा देब्रे र कृष्णपक्षेको प्रतिपदामा दाहिने ई चन्द्र र सूर्य नाडि ती योगीहरूको एकाग्र चित्तले जानुन् ।६४।

शशाँकं वारये द्रात्रौ, दिवा वारय भास्करम् ।

इत्य भ्यासरतो नित्यं, सयोगो नात्र सं शयः ।६५।

अर्थात्-रातमा चन्द्र र दिनमा सूर्य स्वरको रोक्ने अभ्यास गर्ने योगीहरू सर्वश्रेष्ठ कहिन्छन्, यसमा सन्देह नगर्नु भन्छन् ।६५।

सूर्येण वध्यते सूर्य, श्चन्द्रेण श्चन्द्र वध्य ते ।

यो जानाति क्रिया मेताँ, त्रैलोक्यं वशगं क्षणात् ।६६।

अर्थात्-जो योगी, सूर्यका स्वरले सूर्य र चन्द्रका स्वरले चन्द्र ढाकिएको जान्दछन् तिनीहरू तीनै लोकको क्षणभरमा वस गर्न सक्तछन् ।६६।

उदयं चन्द्र मार्गेण, सूर्यैणास्त मनं यदिः ।
तदाते गुण संघाता विपरितं विवर्जयेत् ।६७।

अर्थात्‌चन्द्र स्वरले दिनको उदय र सूर्य स्वरमा अस्त भएको व्यला अनेक गुणहरू पैदा हुन सक्छन्, तर त्यसबो उल्टो पर्न गयो भनेता दोष पनि हुन्छ ।६७।

गुरुः शुक्रः बुधेन्दूनाँ, वासरे वाँम नाडि काः ।
सिद्धिदा सर्व कार्येषु, शुक्लपक्षे विशेषतः ।६८।

अर्थात्-गुरु र शुक्रः बुध र सोम ई चार बारमा देब्रे नाडि चल्यो भने सर्वै काममा सिद्धि दिने वाला हुन्छ अझ शुक्लपक्षमा ता विशेष फल दिने वाला हुन्छ ।६८।

अर्का गारक सौरीणा, वासरे दक्षः नाडि काः ।
अर्पव्या चरकार्येषु, कृष्णपक्षे विशेषतः ।६९।

अर्थात्-रवि र मङ्गल, शनि ई तीन वारमा दाहिने नाडि चलेको भये उसव्येला (चर चल्ती काम) गर्नु उचित हुनेछ । अझ कृष्णपक्षमा ता झन शुभ हुन्छ ।६९।

प्रथमं वहते वायुः द्वितीयं च तथा मलः ।
तृतीयं वहते भूमि, श्चतुर्थं वारुणी वहेत् ।७०।

अर्थात्-तत्त्वहरू मध्ये-पहिला वायु तत्व र दोश्रो अग्नि तत्त्व, तेश्रोमा पृथ्वीतत्त्व चल्दछ, चौथो चाहिं जलतत्त्व चल्दछ भनि जान्नु ।७०।

सार्व द्विघटिके पंच; क्रमेणै वोदयन्ति च ।
क्रमा वेकैक नाड्या च, तत्वानाँ पृथगुद्भव: ।७१।

अर्थात्-ई तत्त्वहरू क्रमैले अढाई घडिमा उदय हुन्छन् । फेरि इनै तत्त्वहरू क्रमैले एक एक नाडिमा पैदा पनि हुन्छन् ।७१।

अहोरात्रेण मध्येतु, ज्ञेयां, द्वादशसं क्रमा ।
वृष, कर्कट, मन्यालि, मृग-मीना-नीशाकरे ।७२।

अर्थात्-पहिला, दिन र रातको मध्ये बाह्र संक्रान्ति जान, त्यसमध्ये जेठ र श्रावण, आस्विन र मंसीर, माघ र मीन ई-६-महिनामा चन्द्रमाको राशि हुन्छ ।७२।

मेष-सिंहो श्च कुम्भश्च, तुला च मिथुनं धनम् ।
उदये दक्षिणे ज्ञेय:, शुभाशुभ विनीर्णय: ।७३।

अर्थात्-फेरि बैशाख र आसार, भादौ र कार्तिक अनि पौष र फाल्गुन ई-६ महिना चाहिं सूर्यको राशि हुन्छ भनि जान्नु, त्यसव्यला दाहिने सूर्य स्वर चलेमा शुभ कामना निश्चित गर्नु ।७३।

तिष्ठत् पूर्वोत्तरे चन्द्रो, भानु: पश्चिम दक्षिणे ।
दक्ष नाड्या प्रसारेतु, नागच्छेद्या क्ष पश्चिमे ।७४।

अर्थात्-ई महिनामा चन्द्रमा पूर्व र उत्तर तिर रहन्छन् सूर्य चाहिं पश्चिम र दक्षिणतिर रहन्छन्, त्यसव्यला सूर्य नाडि पऱ्यो भने पूर्व र दक्षिण तिर नजानू ।७४।

वामा चार प्रवाहेतु, नगच्छेत् पूर्व उत्तरे ।
परिपंथि भयंतस्य, गतोऽसौन निवर्त्त ते ।७५।

अर्थात्-देब्रे नाडि चलेको व्यला चाहिं पूर्व र उत्तरतिर नजानू जानाले अशुभ हुन्छ । यदि जवरजस्ति गै हाल्यो भने त्यो व्यक्ति फेरि फर्कदैंन.७५।

तत्र तस्मान्न गंतव्यं, बुधैः सर्व हितै षिणोः ।
तदा तत्र तुसंयाते, मृत्युर्रेव न सं शयः ।७६।

त्यसकारण, आफ्नो कल्याणार्थि मानव त्यस व्यला परदेश नजावस्, जवरजस्ति गयो भने मरिहाल्छ यसमा संशय छैन ।७६।

शुक्लपक्षे द्वितीया या, मर्के वहति चन्द्रमा ।
दृश्यते लाभदः पुंसाँ, सौम्ये सौख्ये प्रजाय ते ।७७।

अर्थात्-शुक्लपक्षे द्वितीयाको सूर्यस्वर चल्ने व्यला चन्द्रस्वर चल्यो भने त्यो मनुष्यले चन्द्रमाको दर्शनगर्नु बढिया सुख लाभ हुन्छ भनीजानोस्।७७।

सूर्योदये यदासूर्य श्चन्द्र श्चन्द्रोदये भवेत् ।
सिद्यन्ति सर्वकार्याणि, दिवा रात्रि गता न्यपि ।७८।

अर्थात्-जुन्दिनमा सूर्यस्वरमा सूर्य र चन्द्रस्वरमा चन्द्रस्वर चल्यो भने त्यो दिनमा गरेको शुभ कर्मबाट सिद्धि र लाभ परसस्त पाहिन्छ भनी जान्नू ।७८।

चन्द्रकाले यदा सूर्य सूर्य श्चन्द्रोदये भवेत् ।
उद्वेगः कल हो हानी शुभं सर्वं निवारयेत् ।७९।

अर्थात्-चन्द्रस्वरको व्यला सूर्यस्वर र सूर्यको व्यला चन्द्रस्वर चल्यो भने त्यो समय उद्वेग डरलाग्दो हानी हुनेछ। त्यसव्यला सुजनहरूले शुभ कामना नगर्नु ।७९।

सूर्यस्यवाहेप्रवदन्तिविज्ञा,ज्ञानंह्यगम्यस्यतु निश्चयेन ।
स्वासेनयुक्त स्यतुशीतरस्मे,प्रवाहकालेफलमन्यथास्यात्।८०।

अर्थात्-सूर्यस्वर चलेको व्यला अगम्य अर्तक्य ज्ञान पनि निश्चित् हुनेछ, चन्द्रस्वर चलेको व्यला चाहिं निश्चित हुँदैन भनि ज्ञानीहरूले भनेका छन् ।८०।

यदा प्रत्यूष कालेन, विपरितोद यो भवेत् ।
चन्द्रस्थाने वहत्यार्कौ, रविस्थाने च चन्द्रमा ।८१।

अर्थात्-विहान सूर्यस्वरको ठाउँमा चन्द्र र चन्द्रको ठाउँमा सूर्यस्वर चल्यो भने त्यस व्यला विपरित हुन्छ। तर उषा कालले गर्दा केही लाभ पनि हुन्छ कि ।८१।

(ईति श्री प्रथम भाग शिवस्वरोदय शिष्य लक्षणः समाप्ति)

अथ-द्वितीयभाग शुभ लक्षणारम्भः

प्रथम मन उद्वेग, धन हानि द्वितीय के ।
तृतीय गमनं प्रोक्तं ईष्ट नाशं चतुर्थके ।१।

हे देवी अब शुभःशुभ लक्षण सुन, त्यस्तो त्यो विपरित स्वास चलेमा प्रथम मन उद्वेग गराउदछ दोश्रोले धनको खती गर्दछ, तेश्रोले बाहिरतिर दुखको यात्रा गराउदछ, चौथोले चाहिं ईष्टमित्रको हानी नोक्सानी गराउदछ भन्ने कुरा जान ।१।

पञ्चमे राजविध्वंसे, षष्ठे सर्वार्थ नाशनम् ।
सप्तमे व्याधि दुःखानी, ह्यष्ट मे मृत्युमादिशत् ।२।

पाचौंमा राजाको नोक्सान हुन्छ, छैटौंमा सर्व वस्तुको नोक्सान हुन्छ सातौंमा अनेक रोग र व्याधिहरुले दुःख दिन्छ, फेरि आठौंका व्यला चाहिं मृत्युको नै भय हुने छ भन्ने बात कहिएको छ ।२।

कालत्रये दिना न्याष्टौ, विपरितं यदा वहेत्
यदादुष्ट फलं प्रोक्तं, किंचि न्न्यू नंतुशो भनम् ।३।

अर्थात्-यस्ता प्रकारले-८-दिनसम्म उषादि तीनै कालमा त्यस्तो स्वर चल्यो भने कहिलेकाँहि शुभ भएमात्र नत्र दुष्टफल हुन्छ भनी जान्नु ।३।

प्रातःमध्यान्न योश्चन्द्राः, शायं काले दिवाकरः ।
तदानित्यं जयालाभो, विपरितवि वर्जयेत् ।४।

अर्थात्-विहान र दिउँसो चन्द्रस्वर र ब्यलुका सूर्यस्वर चल्यो भने त्यो ब्यला चाहिं सधैं शुभ र लाभ हुने छ, त्यसको उल्टो भएमा दुःख हुन्छ भनी जान्नु ।४।

वामें वा दक्षिणे वापि, यत्र संक्रमते शिवः ।

कृत्वात्वत्पाद मादौ च, यात्रा भवति सिद्धिदा ।५।

अर्थात्-कुनहि काममा वाहिर जानु पर्दा, दायाँ-वायाँ जुनस्वर चलेको छ सो विचार गरी जता खुला स्वर छ उही पाइलो ढोका बाहिर सार्नाले यात्रा सिद्ध सफल हुनेछ ।५।

चन्द्रः सम पदः कार्यो, रविस्तु विषमः सदाः ।

पूर्णपादं पुरस्कृत्य, यात्रा भवति सिद्धिदाः ।६।

फेरि चन्द्रस्वर चलेको २-४-६ घडिभित्रमा वायाँ पाउ अघी सार्नाले पनि आफ्नो यात्रा सिद्धि दायक हुनेछ भनी जान्नु ।६।

यत्राँगे वहते वायुः, स्तदंगे करसत्तलात् ।

सुप्तो स्थितो मुखंस्पृष्टवा, लभते वान्छितं फलम् ।७।

अर्थात्-विहान चाडै उठेर जताको स्वास चलेको छ उतहीतिरको हातले आफ्नो मुख मुसार्नाले पनि त्यस दिन मन माफिक फल पाहिन्छ भनेको छ ।७।

परदत्त तथा ग्राह्ये, गृहान्नि गमनेऽपि च ।

यदंगे वहते नाडि, ग्राह्यं तेन कराँघ्रिणा ।८।

अर्थात्-अर्कालाई केही दिनु पर्दा र लिनु पर्दा तथा बाहिर जानु पर्दा पनि जताको नाडि खुला हुन्छ, उतहीतिरको हात र पाउ चलाउनाले कार्य सफल हुन्छ ।८।

नहानिःकल हो नैव, कण्टकै र्नापि भिद्य ते ।

निवर्त्त ते सुखी चैव, सर्वोपद्रव वर्जितः ।९।

अर्थात्-त्यसरी दैनिक साइत गर्नाले कहिल्यै पनि आफ्नो हानी हुंदैन, शत्रुको डर पनि हटेर जान्छ, बाहिर गएको भए पनि कुनही उत्पातले नछोई सुखैले घर फर्केर आउछ ।९।

गुरु वन्धु-नृपा-मात्ये, ष्वन्योषू शुभ दायिनी ।
पूर्णांगे खलु कर्तव्या, कार्यसिद्धि र्मन स्थिता: ।१०।

अर्थात्-गुरु र दाजु भाई, राजा र मन्त्रीसित शुभ लाभ लिनु छ भने आफ्नो जतापट्टीको स्वर चलेको छ उतैपट्टी गएर बस्यो भने स्व कामना सफल हुन्छ ।१०।

अग्निं चौरा धर्म धर्मा, अन्न्योषाँ वादि निग्रहा ।
कर्तव्याः खलु रिक्तायाँ, जय लाभ सुखार्थिभिः ।११।

अर्थात्-अग्निले अरुको नाश गर्नु पर्दा र चोरि काम गर्दा तथा अरू धर्मा धर्मको काम गर्दा र वादिप्रति वादिवाट लाभ लिनु पर्दा पनि रिक्ता तिथिको साहितवाट काम गर्दा जय र लाभ प्राप्ति हुन्छ ।११।

दूरदेशे विधातव्यं, गमनंतु हिमद्युतौ ।
अभ्यार्ण देशे दीप्तेतु, तरणा विति के च न ।१२।

अर्थात्-कुनही योगीहरुको भनाई यस्तो पनि छ कि, टाढा जानु पर्दा चन्द्रस्वरमा साइत गर्नू नजिकै चाहि सूर्यस्वरमा गए पनि शुभ हुनेछ भन्छन् ।१२।

सुन्य नाड्या विपर्यास्तं, यत्पूर्वं प्रति पादितं ।
जायते नान्यथा चैव, यथा सर्वज्ञ भाषितम् ।१३।

अर्थात्-जो पहिले कहिएको शुभ लाभ छ, त्यसमा खालि नाडि प=ो भने उसको उल्टो फल दिन्छ भनी विद्वानहरूले भनेका छन यो शिवोक्त वचन हो अन्यथा हुदैन ।१३।

व्यवहारे खलोच्चाटे, द्वेषि विद्या दिवं च के ।
कुपित स्वामि चोराद्ये, पूर्णस्था स्यु भयंकरा ।१४।

अर्थात्–व्यवहारमा दुष्टको उच्चाटन गर्दा र द्वेष गर्दा, विद्याको ठग्दा र छिपाएको मालिकसित व्यवहार गर्दा तथा चोरी काम गर्दा चाहि पूर्ण स्वास चलेको व्यला नै सो कार्य सफल हुन्छ भनी जान्नु ।१४।

दूराध्वनि शुभश्चन्द्रो, निर्विघ्नोऽभीष्ठ सिद्धि दः ।
प्रवेश कार्य हेतौ च सूर्यनाडि प्रशस्य ते ।१५।

अर्थात्-टाढा जादा चाहिं छन्द्रस्वर निर्विघ्न ईष्टसिद्धिफल दिने वालो हुन्छ। आफ्नो घरभित्र प्रवेश गर्दा चाहि सूर्य नाडि नै वढिया हुन्छ ।१५।

आयोग्यो योग्यतानाड्या, योग्य स्थाने प्ययोग्यता ।
कार्यानु वन्धनोजीवो, यथा रुद्र तथा चरेत् ।१६।

अर्थात्-अयोग्य नाडि योग्यका र योग्यनाडि अयोग्य भयो भनेता त्यो मानिस अवश्य कार्यको वन्धनमा पर्छ, त्यसकारण–यो स्वरोदय शास्त्रमा महेश्वरले जस्तो बताउनु भएको छ त्यो त्यस्तै गर्नाले नै शुभ हुन्छ ।१६।

इति श्री शिव-शक्ति सम्वादे, द्वितीय भाग शुभ लक्षण कार्य समाप्तम् ।

अथ–तृतीय भाग इडानाडिको व्याख्या

चन्द्रः चारे विष हते सूर्योबलि वशं नयेत् ।
सुषुम्णायां भवेत् मोक्षः एकोदेवो त्रिधास्थितः ।१।

हे सुन्दरी अब इडानाडिको व्याख्या सुन, चन्द्रस्वर चलेको वेला चाहिं विषलाई दूर्गछ सूर्यस्वरले चाहिं बलवान्हरूको बललाई आफ्नो अधिनमा राख्छ, अतः सुषुम्ना नाडि चाहि मोक्षको हेतु हो अर्थात्-एकै देवले तीनरूप लिएर कांगर्छ ।१।

शुभान्य शुभकार्याणी, क्रियते ऽर्हनिशं यदा ।
तदा कार्यानु रोधेन, कार्यनाडि प्रचालनम् ।२।

अर्थात्-दिनमा या रातमा जो शुभाशुभ काम गरिन्छ सो कामना नाडिकै चालानुसारले गर्नुमा उचित बढिया हुन सक्छ ।२।

स्थिर कर्मण्य लंकारे, दूराध्वगम ने तथा ।
आश्रम धर्म प्रसादे, वस्तु नां संग्रहेऽपिच ।३।

अब स्थिर कामको मुहूर्त बताउछु सुन–जस्तै गहना बनाउँदा र टाढा जानु पर्दा तथा आश्रम धर्मको काम गर्दा इडा नाडि शुभ हुन्छ ।३।

वापि कूप तडागादि, प्रतिष्ठा स्तभ देवयोः ।
यात्रादाने विवाहेच, वस्त्रालंकार भूषणे ।४।

कुवा तलाउ खन्दा र देवालय स्थापित गर्दा तथा बाहिर निक्लदा हिंड्दा र दान दिदा विवाहको गहना बनाउदा इडा नाडि शुभ हुन्छ ।४।

शान्ति के पौष्ठिक के चैव, दिव्यौंषधी रसायने ।
स्व स्वामी दर्शने मीत्र, वाणिज्ये कण संग्रहे ।५।

शान्ति कर्म गर्दा र रसायन औषधीहरू बनाउदा मालिकसित भेट गर्दा र मित लगाउने हित गर्दा-व्यायम गर्दा पनि इडा नाडिमा बढीया हुन्छ ।५।

गृह प्रवेशे सैवाया कृषौच बीज पावने ।
शुभकर्माणि मन्धौच, निर्गमेस शुभ शशी ।६।

गृह प्रवेश गर्दा र प्राणीहरूको सेवागर्दा खेति गर्दा र बिरुवा रोप्दा तथा अरु अरु शुभ काम गर्दा पनि चन्द्र नाडि नै शुभ हुन्छ भनी जान्नू।६।

यात्रारम्भे विवाहे च, प्रवेशे नगरादिके: ।
शुभ कार्याणि सिद्धयन्ति, चन्द्रचारेषु सर्वदा ।७।

अर्थात्- यात्रारम्भ गर्दा र विवाह गर्दा शहरभित्र प्रवेश गर्दा अथवा जुनसुकै शुभ कामना गर्दा पनि वायाँ नाडि नै सिद्ध हुनेछ ।७।

विद्यारंभादि कार्येषु, वान्धवानां च दर्शने ।
जन्ममोक्षेंच धर्मे च, दिक्षाया मन्त्र साधने ।८।

विदयारम्भ गर्दा र दाजु भाईहरूको मुख हेर्दा र जन्मोत्सव कार्य गर्दा दीक्षा मन्त्र साधनवाट सिद्धि लिदा पनि ।८।

कालविज्ञान सूत्रेतु, चतुष्पाद गृहागम ।
कालव्याधि चिकित्सायां, स्वामी संबोधने तथा ।९।

अनिकाललाई जान्दार पशुलाई घर्मा ल्याउदा-रोगको औषधी गर्दा र मालिकलाई वोलाउदा पनि सोम नाडि नै शुभ हुनेछ ।९।

गजा स्वा रोहणे धन्वी, गज स्वत्तां च बन्धने ।
परोपकारणे चैव, निधिना स्याव्य ते तथा ।१०।

२७६०८

फेरि-हाति घोडागाथि चढ्दा र धनुष विद्याको सिक्दा हाति घोडालाई वन्धनमा पार्दा र अरु प्राणिहरूको उपकार गर्दा धेरै धन दौलत कमाउने र थन्क्याउने काम गर्दा पनि ।१०।

गीतो वाद्यादि नृत्यादौ, नृत्य शास्त्र विचारणे ।
पुर ग्राम निवेशे च, तिलकं क्षत्र धारणे ।११।

गीत गाउदा र बाजा बजाउदा, नाच्दा र नित्य सिक्दा शहर गाउ भित्र पस्ता र तिलक भिषेक गर्दा तथा क्षत्र धारण गर्दा पनि ।११।

अर्तिशोकंविषादे च, ज्वरिते मूर्छिते ऽपिवा ।
स्वजने स्वामिसम्बन्धे, अन्नादे दारुसंग्रहे ।१२।

दुःख र शोक विष्माद र एकोरो मुर्छा पर्दा आफ्नो मान्छे अर्थात् स्वामी सितको सम्वन्ध गर्दा र अन्नादिको संग्रह गर्दा दारु अथवा लागू पदार्थको संग्रह गर्दा पनि ।१२।

स्त्रीणा दन्तादि भूषणं वृष्ठे रागमने तथा ।
गुरुःपुजा विषादानां, चालने च बरानने ।१३।

स्वास्नीमान्छेको दाँत राम्रो पार्दा र चुरा पोते इत्यादिको काम गर्दा पानी पार्दा र गुरुको पूजा गर्दा वीष वनाउदा पनि ।१३।

इडायां सिद्धिदंप्रोक्तं, योगाभ्यासादि कर्म च ।
तत्रापि बर्जये द्वायु, तेज आकाश मेव च ।१४।

फेरि योगको साधन गर्दा पनि इडानाडि नै सिद्धि दायक कहिएको छ, तर त्यसमा पनि वायु र तेज आकाश तत्त्वलाई छोडनुपर्छ ।१४।

सर्वकार्याणि सिद्धयंति, दिवा रात्रौ गतान्यपि ।
सर्वेषु शुभकार्येषु, चन्द्रःचारःप्रशस्य ते ।१५।

तत; रात र दिनमा जो कर्म गरिन्छ सो सबै कामनाहरू सोम नाडिमा सिद्धि हुन्छ भनी जान्नु, फेरि अरू शुभ कामना गर्दा पनि इडा नाडि नै सिद्धि हुन्छ ।१५।

इति श्री शिव पार्वती सम्वादे तृतीय भाग इडानाडि व्याख्या समाप्ता ।

श्री

अथ–चतुर्थ भागम्

पिंगला नाडिको व्याख्यारंभः

कठिन क्रुर विद्यानां, पठने पाठने तथा ।
स्त्रीसँगे वेश्यागमने, महानौकाधि ऽऽरोहणे ।१।

हे वरानने अब पिङ्गला नाडिको फल कहन्छु सुन कठिन क्रूरकाम गर्दा र कठिन विद्या पढ्दा अथवा पढाउदा स्त्रीसङ्गम वेश्या गमन गर्दा र महानाऊँ अर्थात् ठूलाठूला जहाज चड्दा ।१।

भ्रष्टकार्ये सुरापाने, विरमन्त्र दुयपासने ।
विह्वलो ध्वंसदेशादौ, विषदाने च वैरिणाम् ।२।

अर्थात्-मदिरा पिउदा र वीर मन्त्र साधन गर्दा व्याकुलता अथवा देशको विध्वंस गर्दा, तथा शत्रुलाई विष ख्वाउदा ।२।

शास्त्रा भ्यासे च गमने, मृगया पशुविक्रये ।
इष्टका काष्ट पाषाण, रत्नधर्षण दारुणे ।३।

शास्त्रको अभ्यास गर्दा र शिकार खेल्न हिंड्दा पशुलाई वेच्दा र इट काठ तथा ढुङ्गा र रत्नहरूलाई तरास्दा पनि पिंगला नाडि शुभ हुन्छ।३।

गत्याभासे यन्त्रतन्त्रे, दुर्गा पनहत ऽऽरोहणे ।
दयुते चौर्ये गजाश्वादि, रथसाधन वाहने ।४।

फेरि हिंड्ने काम गर्दा र यन्त्रतन्त्र गर्दा किल्ला पर्वतमा चढ्दा र जुवा खेल्दा चोरी काम गर्दा तथा हात्ति घोडादि रथ वहानको सधाउदा ।४।

व्ययामे मारणो च्चाटे, षटकर्माधि साधने ।
यक्षिणी यक्षःवेताल, विषभूतादि निग्रहे ।५।

कसरत गर्दा रण गर्दा; उक्चाटन गर्दा र षड कर्मको साधना गर्दा तथा भूत प्रेत आदि यक्ष वेतालको धपाउदा र विषलाई हटाउदा पनि ।५।

खरोष्ट्र महिषादिना, गज श्वारो हणे तथा ।
नदी जलौध तरणे, भेषजे लिपि लेखने ।६।

गधा, ऊट भैंसी, हाति र घोडाहरूमा चढ्दा र नदी र जल समुद्र-वाट उत्रदा, औषधी लिदा र अक्षर लेख्दा पनि शिव नाडि शुभ हुन्छ ।६।

मारणे मोहने स्तंभे, विद्वेषोच्चाटने वशे ।
प्रेरणा कर्षणे क्षोभे, दाने च क्रयविक्रये ।७।

अर्थात्-मारण मोहन स्तम्भन द्वेष-उच्चाट-वसिकरण तथा प्रेरणा आकर्षण क्षोभन गर्दा र दान दिदा किन्दा र वेचदा पनि ।७।

प्रेता कर्षण विद्वेष, शत्रु निग्रहणे ऽपि च ।
खड्गहस्ते बैरयुद्धे, भोगे विराज दर्शने ।।
भोज्य स्नाने व्यवहारे, दीप्तिकार्ये रविःशुभः ।८।

प्रेतको बोलाउदा-सत्रुको दण्ड दिदा-तरवार हातमा लिदा वैरीसित लड्दा अनेक पदार्थको भोग गर्दा तथा राजाको दर्शन गर्दा र स्नान-भोजनादिक व्यवहारको तेजस्व काम गर्दा चाहि सूर्य नाडि शुभ छ ।८।

भुक्तमार्गेण मन्दाग्नौ स्त्रीणावश्यानि कर्मणिः ।
शयने सूर्य वाहेन, कर्तव्यं सर्वदा बुधौः ।९।

खाना पचाउने मन्दाग्निको जगाउदा र स्त्री जातीको वसमा पार्दा तथा शयन गर्दा पनि बुद्धिमान् मानिसहरुले सूर्य स्वरमा गर्नु उचित हुने छ ।९।

क्रुराणि सर्वकर्माणी, चराणि विविधानि च ।
तानिसिद्धयन्ति सूर्येण, नात्र कार्यबिचारणाः ।१०।

संपूर्ण कपट काम र अनेक प्रकारका अरुचर कर्महरू पनि सूर्य स्वर चल्दामा सफल हुन्छ, अरू काम चाहि विचार गरेर मात्र ।१०।

इति श्री उमा महेश्वर सम्वादे चतुर्थ भाग पिङ्गला नाडिको व्याखया समाप्ति ।

अथ पंचम भागम्

सुषुम्ना नाडिको फलविवर्णन्

क्षणं वामे क्षणंदक्षे, यदा वहति मारुत ।
सुषुम्ना साच विज्ञेयः सर्वकार्यम् हरास्मृता ।१।

अब सुषुम्ना नाडिको फल वताइन्छ, जसको स्वास कहिले दाहिने र कहिले देब्रे छिटो छिटो चल्छ भने त्यसको नाउ हो सुषुम्ना त्यो सुषुम्ना नाडिले चाहि सम्पूर्ण कर्मको फल नास गरिदिन्छ यो वात सही हो ।१।

तस्यनाड्या स्थितो वह्नि ज्वल ते कालरूपकः ।

विषवत्तम् विजानियात्, सर्वकार्य विनाशकः ।२।

अर्थात्-त्यो सुषुम्ना नाडिमा कालरूप अग्नि चलेको हुन्छ; तसर्थ त्यसले सम्पूर्ण कर्मफलको नाश गरीदिन्छ त्यो नाडि विष तुल्य छ ।२।

यदानु क्रम मुल्लंघ्य, यस्य नाडिद्वय वहेत् ।

तदा तस्य विजानिय, दशुभ नात्र संशयः ।३।

अर्थात्-जव मनुष्यको नाडि दुवैतिर वरावर यथाक्रमले नाघिनाघि चल्दछ तव त्यो नाडिलाई अशुभ जान्नु यस्मा संशय छैन ।३।

क्षणं वामे क्षणं दक्षे, विषमं भाव वादिशत् ।

विपरितं फलंज्ञेयं, ज्ञातव्यं च वरानने ।४।

हे वरानने एक एक छिणमा देब्रे दाहिने स्वर चली रह्यो भने त्यो विषम विपरित भाव हो यसको फल विपरित हुन्छ भनी जान्नू ।४।

उभयो रेव सं चार, विषवं ते विदू बुधाः ।

नकूर्यात् क्रूर सौम्यानि, तत्सर्गम् विफलं भवेत् ।५।

अर्थात्-त्यसरी चलेको ती दुवै नाडिलाई जानिप्कारहरूले विषतुल्य गर्दछन् त्यसकारण ऊसव्यला शुभाशुभ केही काम नगर्नु ।५।

जीविते मरणे प्रश्ने, लाभा लाभे जया जये ।

विष मे विपरिते च, संस्मरे ज्जगदीश्वरः ।६।

अर्थात्-यसतो विपरित स्वर चलेको व्यला जीउनु र मर्नु अथवा जय र पराजय हुने प्रश्नोत्तर नगर्नु, वरु परमात्माको भजन चाईं गर्नु ।६।

ईश्वरो चिन्तिते कार्यम्, योगा भ्यासादि कर्म च ।
अन्यतत्व न कर्तव्यम् जय लाभ सुखैः षिभिः ।७।

अर्थात्-ईश्वरको भजन् र योगको अभ्यास चाहि गर्नु बढिया हुन्छ तर आफ्नो जय र लाभ होस् भन्ने इच्छा चाहि त्यो व्यला नगर्नू ।७।

सूर्येणा बह माना यां, सुषुम्णा यां मुहू र्मुहू ।
शापं दद्यात् परं दद्यात्, सर्वार्थैवत दन्यथा ।८।

अर्थात्-सूर्य स्परस युक्त भएको सुषुम्ना नाडि वारम्वार चलेको व्यला कुनही मानवलाई श्राप र वर दियेपनि त्यसवेला त्यो लाग्दैन ।८।

नाडि संक्रमणे काले, तत्व संगमने ऽपि च ।
शुभं किं चिन्न कर्तव्यं, पुण्य दानानि कोटि धा ।९।

अर्थात्-त्यस्तो नाडि चलेको व्यला र ती तत्वहरू चलेको व्यला फेरि उनीहरूको रदल् वदल् हुने व्यला चाहि काम्य कर्महरू नगर्नु निस्काम्य चाहि गर्नू ।९।

विषम स्यो दयो यत्र, मन सा पिन चिन्तयेत् ।
यात्रा हानि करी तस्य, मृत्युः क्लेशो नसंशयः ।१०।

अर्थात्- जुन व्यला विषम स्वर चलदछ त्यसव्यला चाहि मनले मात्र पनि केहि काम नसम्झनु, जवर्जस्ति सम्झनाले आफ्नो यात्रा हानि भै तुरन्त मृत्युको दुःख प्राप्ति हुन्छ यसमा संशय छैन ।१०।

पुरो वामोर्ध्व तश्चन्द्रो, दक्षाधः पृष्ठतो रविः ।
पूर्ण रिक्त विबेकोऽयं, ज्ञातव्यो दैशिकः सदा ।११।

जो चन्द्र स्वर, सोझो र देब्रे अथवा मास्तिर पनि चल्यो भने त्यो पूर्ण-

विवेक हो, त्यसलाई राम्रोसित जान्नु, उसको उल्टो चल्यो भनेचाहि विद्वान-रूह सधैं खालि जान्छन्, दायाँ र उँधो पछाडि तीर चलेमा चाहि पूर्ण सूर्य स्वर कहिन्छ ।११।

ऊर्ध्व वामा ग्रतो दूती, ज्ञेयो वामपथि स्थितः ।

पृष्ठे दक्षे तथा धस्तात्, सूर्य वाह गतः शुभः ।१२।

अर्थात्– चन्द्र नाडि माथि र देब्रे अगाडि चलेको शुभ हुन्छ । सूर्य स्वर चाहि दाहिने र पछाडि तल तीर चलेको शुभ हुन्छ भनी जान्नू ।१२।

अनादि विषमःसेधि, निरा हारो निरा कुलः ।

परसुक्ष्मे विलीयते सासन्ध्या सन्धिरूच्चय ते ।१३।

अर्थात्– अनादि निराहार निराकूल जोविषम सन्धी छ– त्यो सुषुम्ना नाडि सुक्ष्म तत्वले लीन भयो भने त्यो व्यलालाई सुजनहरू सुसंध्या भन्दछन् ।१३।

नवेदं वेद इत्याहूर्वेदो वेदो न विद्य ते ।

परात्मा विद्यतेयेना सवेदो वेद उच्चय ते ।१४।

जो व्यवहारिक प्रसिद्ध वेदलाई सज्जनहरू मान्दैनन् त्यसमा वेद तत्व छैन भन्छन्, अर्थात्– जुन तत्वले परमात्मा चिनिन्छ त्यसैलाई मात्र वेद मान्छन् ।१४।

नसन्ध्या सन्धि रित्याहुः, सन्ध्या सन्धिर्निगद्य ते ।

विषमः सन्धिगः प्राणः, ससन्धि सन्धि रूच्चय ते ।१५।

अर्थात्– साधारण मनुष्यको लागि चाहि दीन रातको बीचमा सन्ध्या कर्म गर्छन् (सन्ध्य मान्दछन्) सन्तहरू चाहि विषम सन्धि गत सुषुम्ना नाडिमा रहेको प्राणलाई सन्ध्या मान्दछन् । ।१५।

इति श्री शिव पार्वती सम्वादे शिवस्वरो दय पञ्चम भागम् ।।

अथ-षष्ठ भाग

गुप्त रहस्य प्रकरणारम्भः

(पार्वत्यौवाच)

देव देव महादेव, सर्व सन्सार तारकः ।
स्थितं त्वं दीय हृदये, रहस्यं वदमे प्रभो ।१।

देवीं पार्वतीले नाडिहरुको शुभाशुभ फल सुनिसकेपछि महादेवसित फेरि विन्ति गर्नु हुन्छ, हे सम्पूर्ण जीवको संसार तारक प्रभो जो तीन किसिमका नाडिको विवर्णन ता सुने अव गुप्त रहस्य प्रकरण सुन्न पाउँ भन्दा ।१।

महादेव उवाच–

स्वर ज्ञान रहस्यातु, नका चिच्चेष्टु देवता ।
स्वर ज्ञान रतो योगी, सयोगी परमो मतः ।२।

हे देवी छैठौं भागको गुप्त रहस्य विवर्णन् सुन, सबैभन्दा गोप्य जो स्वर शास्त्रको ज्ञान छ त्यो भन्दा अर्को ईष्ट देव कोही केही छैन तसर्थ यो स्वरको विचार गर्ने योगीहरू उत्तम् हुन्छन् ।२।

पंच तत्वात् भवेत् सृष्टि, स्तत्वे तत्वं प्रलीय ते ।
पञ्च तत्वं परं तत्वं, तत्वा तीतं निरञ्जनम् ।३।

हे पार्वती जो यो पाँच तत्व छ तत्वैबाट जगतको सृष्टि हुन्छ, फेरि त्यो सृष्टि तत्वमैं लय पनि हुन्छ । त्यसो हुँदा हे देवी यो पांच तत्व नै परम तत्व हो यो भन्दा अर्को गोप्य केही छैन ।३।

तत्वा नां नाम विज्ञेयं, सिद्धि योगे न योगिनां ।

भूता नां दुष्ट चिह्नानि जानातिह स्वरोत्तमम्: ।४।

अर्थात्- यस्तो तत्व जान्ने योगीहरूलाई योगको सिद्धि पनि चाँडै मिल्छ, फेरि ती तत्वको नाम र स्वर जान्ने योगीहरूले दुष्ट मानवको दुष्ट चित्त जान्ने शक्ति पनि चाँडै मिल्न सक्छ ।४।

पृथिव्यपस्तथा तेजो, वायु राकाश मेव च ।

पञ्च भूतात्म कं विश्वं, योजानाति सुपूजितः ।५।

अर्थात्- पृथ्वी-जल-तेज-वायु र आकाश ई पाँच तत्व आत्मा भूत् जगत्लाई जो जान्दछ त्यो नै पूज्यमान मनुष्य योगी हो ।५।

सर्वलोक स्वजोवानं, नदेही भिन्न तत्वकः ।

भूर्लोकात्सत्य पर्यन्तं, नाडिभेदः पृथक्पृथक् ।६।

अर्थात्- भूर्लोक देखि लिएर सत्यलोक सम्म सम्पूर्ण लोकका जीवहरूको देह-तत्वदेखि भिन्न छैन, (अर्थात्- सर्व देह पाँच तत्व मय नै छ) परन्तु नाडि भेदले गर्दा मात्र भिन्न जस्तो देखिन्छ ।६।

वामेवा दक्षिणे वापि, उदयः पञ्च कीर्तिताः ।

अष्टधा तत्व विज्ञानं, शृणु वक्ष्यामि सुन्दरी ।७।

हे सुन्दरी- जो मानवहरूको देब्रे वा दाहिने स्वरबाट पाँच तत्वको उदय हुन्छ भनी यो शास्त्रले जो भनेको छ त्यो ८ प्रकारको विज्ञान सुन ।७।

प्रथमे तत्वसंख्यानां; द्वितीये स्वास सन्धगः ।

तृतीये स्वर चिह्नानि, चतुर्थे स्थानमेव च ।८।

अर्थात्- पहिला तत्वको सख्या, दोश्रोमा स्वांस सन्धि, तेश्रोमा स्वरको चिन्ह, चौथो भागमा चाहि स्थानको वृतान्त बताइन्छ ।८।

पञ्चमे तस्य वर्णां च षष्ठेतु प्राण एव च ।
सप्तमे स्वाद संयुक्ता, अष्ठमे गतिलक्षणात् ।९।

पाँचौंमा तत्वको रङ्ग, छैटौंमा प्राणको वोध, सातौंमा स्वादयुक्त, आठौंमा चाहि उसको गति र लक्षण बताइएको छ ।९।

एवं सष्ट विधि प्राण, विषतुं तं चराचरम् ।
स्वरात्पर तरं देवीं, नान्यथा त्वंबुजे ऽक्षणें ।१०।

एवं प्रकारले ८ किसिमको प्राण चराचर संसारमा व्याप्त छ, हे कमल नयने यो स्वरको ज्ञान भन्दा अर्को उत्तम् ज्ञान केही पनि छैन ।१०।

निरीक्षी तव्यं तत्वै न, सदाप्रत्युष कालतः ।
कालस्य वञ्च नार्थायः, कर्म कुर्वन्ति योगिना: ।११।

सुजनहरूले विहानै देखिन् आफ्नो स्वरको लक्षण दैनिक बुझ्नु पर्छ, स्वरको अध्यायन गर्दा गर्दै योगीहरुले काललाई पनि दूर गर्दछन् ।११।

श्रुत्यो रंगुष्ठ कौमध्यां ऽगुल्यौ नासा पुट द्वये ।
वदन प्रान्त के चा न्यं ऽगुली ददयच्च नेत्रयोः ।१२।

अर्थात्- दुवै कानको प्वाललाई बुढी औंलाले ढाकि साहिली औंलाले नाकको पोरा ढाक्नु, चोर औंला र माझि औंलाले चाहि दुवै आँखा थुन्नू ।१२।

अस्यान्तस्तु पृथिव्यादि, तत्वज्ञानं भवेत् क्रमात् ।
पीतश्वेता रुणश्यामै, विन्दुभिः निरूपाधिकम् ।१३।

योगीहरू यसैलाई षन्मुखि मुद्रा भन्दछन्, यहि षन्मुखी मुद्रा गरेको व्यला क्रमैसित पृथिवी आदि तत्वहरूको ज्ञान हुन्छ र त्यो उपाधि रहितको पृथिवी पहेंलो वर्ण र जलको सेतो वर्ण तथा तेजको रातो वर्ण हुन्छ, वायुको चाहि कालो वर्णको विन्दुरूप देखिन्छ, तेसै वीचमा आकाश तत्वको वर्ण चाहि चित्र-विचित्र देख्दछन् योगीहरूले ।१३।

दर्पणेन समा लोक्य, तत्र स्वासं विनिर्क्षि पेत् ।
आकारैस्तु विजानिया त्तत्व भेदं विल क्षणः ।१४।

अहिनामा आफ्नो मुख हेरि स्वास निकाल्नु र त्यसमा आफ्नो रूप जस्तो देखिन्छ त्यसै वीचमा पृथिव्यादि तत्वहरूको भेद जान्नु ।१४।

चतुरस्त्रन् चार्ध चन्द्रम्, त्रिकोण वर्तुलम् स्मृतं ।
विन्दु भिस्तुनभोगेय, माकारैस्तत्व लक्षणम् ।१५।

अर्थात्– चौकोण र अर्धचन्द्र, त्रिकोण र विन्दु इत्यदिक क्रमैले पृथिवी– जल–तेज–वायु–आकाश ई ५ तत्वको आकारको लक्षण जान्नु ।१५।

मध्ये पृथिवीह्यध श्चाप, श्चोर्ध्वं बहति चानलः ।
तिर्यंग्वायु प्रवाहश्च, नभो बहतिसं क्रमे ।१६।

उसको गति, माथितर अग्नि, तलितर जल, वीचमा पृथिवी, तत्व चल्छ । वायु तत्वचाहि तेर्सो चल्छ दुईस्वर मिलेर चल्यो भने आकाश-तत्व जान्नु ।१६।

आपः श्वेतः क्षितिः पीता, रक्त वर्णो हुताशनः ।
मारुतो नील जीमूत, आकाश सर्व वर्ण कम् ।१७।

अर्थात्- जल तत्वको सेतो र पृथिवी तत्वको पहेंलो तथा अग्नि तत्वको रातो वर्ण हुन्छ। आकाश हत्वको चाहि चित्र-विचित्र रङ्ग-को विवरर्णन गरिएको छ, सो कुरा राम्ररी जान्नु, ।१७।

इती श्री शिव पार्वती सम्वादे शिव स्वरोदयः षष्ठभाग गुप्तरहस्य समाप्ति ।

श्री

अथ-सप्तम भागम्

स्थानादि कर्मफलको लक्षणारंभः

स्कन्ध ये द्वस्थितोवह्नि नाभिर्मूलेप्र भञ्जनः ।
जानुदेशो क्षितिस्तोयं, पादान्ते मस्तके नभः ।१।

अर्थात्- अग्नि तत्व दुवै काधमा रहन्छ वायु तत्व नाइटाको वीच मा रहन्छ पृथिवी तत्व घुँडामा र जल तत्व दुई पयेरमा रहन्छ, आकाश तत्व चाहि वीचमा रहन्छ ।१।

महेयं मधुरं स्वादु, कषायं जल मे वच ।
तीक्ष्णं तेजः समीरोऽम्लं आकाशं कटुकं तथा ।२।

पृथिवी तत्वको मिठो र जल तत्वको टर्रो, अग्नि तत्वको तीतो र वायु तत्वको अमिलो स्वाद हुन्छ; आकाश तत्वको चाहि पीरो हुन्छ ।२।

अष्टाङ्गुलं बहेत् वायु, रनलश्च तुरङ्गुलम् ।
द्वादशांगुलि माहेयं, वारुणं षोडशां गुलम् ।३।

वायु तत्वको स्वर ८ अंगुल र अग्नि तत्वको -४- अंगुल, पृथिवी तत्वको -१२- अंगुल र जल तत्वको चाहि -१६- अंगुल सम्म चल्छ वायुको गती ।३।

ऊर्ध्वं मृत्यु रधः शान्ति, स्तिर्यग च्चाटनं तथा ।
मध्येस्तं भं विजानियान्नभः सर्वत्र मध्यगम् ।४।

अर्थात्- अग्नि तत्व माथिबाट चल्यो भने मरिन्छकी भन्ने ठहरिन्छ जल तत्व तलबाट चल्यो भने शान्ति गर्नु पर्छ, वायु तत्व तेर्सो चल्यो भने आफ्नो कार्य नाश गर्छ, आकाश तत्व चाहि मध्य हुन्छ ।४।

पृथिव्यां स्थिर कर्माणि, चर कर्माणि वारुणे ।
तेजसि क्रूर कर्माणि, मारणो च्चाटने ऽनिले ।५।

पृथिवी तत्व चल्दा मास्थीर काम र जल तत्व चलेका व्यला चाडो गर्ने काम तथा अग्नि तत्व चल्दा दूर कर्महरू अनी वायु तत्व चलेको व्यला चाहि उफार्ने र पछार्ने काम सफल हुन्छ भनी जान्नु ।५।

व्योंनि किंचिन्न कर्तव्यं, मभ्यासेद्योग सेवनं ।
शून्यता सर्व कार्येषु, नात्र कार्या विचारणात् ।६।

अर्थात्- आकाश तत्व चलेको व्यला अरू कुनै काम नगर्नु, भक्ति र योगको अभ्यास चाहि खुब गर्नु अरू काम गरेमा फल छैन ।६।

पृथिवी जलाभ्यां सिद्धिस्यन्, मृत्युर्वह्नौ क्षयोऽनिलः ।
नभसो निस्फलं सर्वम्, ज्ञातव्यं तत्व वेदिभिः ।७।

पृथिवी र जल तत्व चाहि सिद्धि दायक छन्, अग्नि तत्व चाहि मृत्यु कारक छ, वायु तत्व चाहि नाश गर्ने वाला हुन्छ, आकाश तत्व चलेको व्यला चाहि जुनसुकै काम गरेता पनि निस्फल हुनेछ भन्ने कुरा तत्व ज्ञानिहरूले जानुन् ।७।

चिर लाभः क्षितेर्ज्ञेय, स्तत्क्षणे तोय तत्वतः ।
हानिःस्य द्वह्नि वाति भ्यां, नभसो निस्फलं भवेत् ।८।

अर्थात्– पृथिवी तत्व चलेको व्यला केही काम गरेमा केही ढीलो फल पाइन्छ, जल तत्वमा चाहि चाडै सिद्धि मिल्छ, अग्नि र वायु तत्वमा चाहि नोक्सान हुन्छ, आकाश तत्वको व्याला चाहि सबै कर्म निस्फल हुन्छ ।८।

पीतः शनैर्मध्य वाहि, हिनुर्यावद्गु रुध्वनिः ।
कवोष्णः पार्थिवो वायु, स्थिर कार्यं प्रसाधकः ।९।

अर्थात्– पहेलो वर्ण भएको र मध्यं अथवा ठूलो स्वरले विस्तारै चिउँडो सम्म आउने केहि तातो जस्तो पृथिवी सम्बन्धीको शव्दले चाहि स्थीर स्थाई कामलाई राम्रो सिद्धि दिनेछ भनी जान्नु ।९।

अधो वाही गुरुध्वानः शीघ्रगः शीतल स्थितः ।
यःषोड शांगुलो वायुः, स आपः शुभकर्म कृत् ।१०।

अर्थात्– ठूलो शव्दले तलतीर छिटो हिड्ने –१६– अगुल प्रमाण र सीतल हुने सेतो वर्ण भएको जल तत्वको स्वरले चाहि शुभ कर्ममा लाभ दिन्छ ।१०।

आवर्त्त गोश्चा त्युष्णश्च, शोणा भश्च तुरंगुलः ।
ऊर्ध्ववाही च यः क्रूर कर्मकारीस तैजसैः ।११।

फेरि चक्र समान -४- अंगुल माथितीर चल्ने निर्के तातो कपट कामलाई लाभ दिने जो स्वर छ त्यो अग्नि तत्वको हो भनी जान्नू ।११।

उष्णः सीत कृष्ण वर्ण, स्तिर्यग्गा स्यस्ट कांगुलः ।
वायुः पवन संज्ञस्तु, चरकर्म प्रसाधकः ।१२।

कालो वर्ण भएको ८ अंगुल तेर्सो हिड्ने र कहिले गर्मी र कहिले सीतल हुने वायु तत्वको स्वास जो छ चलित काममा लाभ दिन्छ ।१२।

यः समीरः समरसः, सर्व तत्व गुणा वहः ।
मास्बरं त विजानियं, द्योगिनां योगदायकम् ।१३।

जुन वायु बरावर रस सर्व तत्व मिश्रीत गुणलाई वहाउने वाला हुन्छ। त्यो चाहि आकाश सम्वन्धी स्वर हो त्यो स्वरले योगीहरू-लाई योग दिन्छ भनी जान्नू ।१३।

पीत वर्णां चतुष्कोणं, मधुरं माध्यमाश्रितम् ।
भोगदं पार्थिवं तत्वं, प्रवाहें द्वादशां गुलम् ।१४।

पहेलो रङ्गको आकृति र चतुष्कोण तथा मधुरो र वीचमा चल्ने -१२- अंगुल प्रमाण भएको पृथिवी तत्वको स्वासले चाहि भोगको सिद्धि दिन्छ ।१४।

श्वेत मर्धेन्दुशंकाशं, स्वादु काषाय मार्द्रकं ।
लाभकृत् वरुणं तत्वं, प्रवाहे षोडशां गुलम् ।१५।

सेतोवर्ण र अर्धचन्द्रसमान तथा गोलो र टर्रोस्वाद भएको १६ अंगुल सम्म चल्ने जलतत्वको स्वास चाहि निकै राम्रो लाभदायक हुन्छ ।१५।

रक्तं त्रि:कोणं तीक्ष्णम् च, ऊर्ध्व भाग प्रवाह कं ।
द्वीप्तं च तैजसं तत्वं, प्रवाहे चतुरं गुलम् ।१६।

फेरि रातो वर्ण र त्रिकोण समान तातो स्वाद् र मास्तिर चल्ने दैदिप्यमान ४ अंगुल प्रवाह तेजको स्वाद चाहि अग्नि तत्वको हो भनी जान्नु ।१६।

नीलंच वर्तुलाकारं, स्वा द्वम्लं तिर्यगा श्रितम् ।
चपलं मारुतं तत्वं, प्रवाहेऽष्टाँगूलं स्मृतम् ।१७।

निलो रङ्ग र वाटुलो स्वरूप, अमिलो स्वाद र तेर्सो चल्ने –८– अंगुल प्रवाहको जो छ सो स्वास चाहि वायु तत्वको हो भनी कहिएको छ ।१७।

वर्णाकारे स्वाद वाहे अव्यक्तं सर्व गामिनं ।
मोक्षदं नभतत्वंच, सर्वकार्येषु नोष्फलम् ।१८।

वर्ण स्वरूप स्वादले चलेको र गति प्रकट नहुने जो आकाश तत्व-को स्वास छ, सो सम्पूर्ण कामनाको निस्फल गर्ने र मोक्ष दिने वाला हुन्छ ।१८।

पृथ्वीजले शुभे तत्वे, तेजो मिश्रित् फलोद्वयं ।
हानि मृत्युः करौ पुंसा, मशुभौ व्योम मारुतौ ।१९।

अर्थात्– पृथिवी र जलतत्व चाहि शुभ हुन्छ, तेज मिश्रित चाहि मध्यं फल हुन्छ, वायु र आकाश तत्व चाहि मानवहरुको मृत्युः-

अर्थात् हानि गर्ने वाला हुन्छ ।१९।

आपूर्व पश्चिमें पृथ्वी, तेजश्च दक्षिणे तथा ।

वायुश्चोत्तर दिग्गेयो, मध्ये कोणंगतं नभः ।२०।

पूर्व र पश्चिममा पृथिवी तत्व, दक्षिण तर्फ अग्नि तत्व, उत्तर दिशामा वायु तत्व, अनी मध्ये भागमा चाहि आकाश तत्व रहन्छ ।२०।

चन्द्रे पृथ्वी जलेस्यातां सूर्ये ऽग्निर्वायदा भवेत् ।

ददा सिद्धिर्न सन्देहः, सौम्यसौम्येषु कर्मसु ।२१।

चन्द्र स्वरमा भू र जल तत्व, सूर्य स्वरमा चाहि अग्नि तत्व चलेको व्यला शुभाशुभ सर्व काममा सिद्धि मिल्छ यसमा सन्देह छैन ।२१।

लाभं पृथ्वी कृतेअन्हि, स्यान्निशा लाभ कृञ्जलम् ।

वन्हौ मृत्युः क्षयो वायुः, नभः स्थानं दहे त्क्वचित् ।२२।

दिनमा पृथिवी तत्व र रातमा जल तत्व चलेको व्यला लाभ हुन्छ, अग्नि र वायु तत्व चलेमा चाहि नाश – मृत्यु नै हुन्छ, अझ आकाश तत्वले ता स्थानै डढाउँदछ ।२२।

जीवि तव्यःजये लाभ, कृष्यां च धन कर्मणि ।

मन्त्रार्थे युद्ध प्रश्नेच, गमना गमने तथा ।२३।

जीवको जय र खेतिको काम तथा धन कमाउने र मन्त्रार्थ लाभको प्रश्न गर्दा अनी युद्धमा आउने र जाने काम गर्दा चाहि पृथ्वीतत्व शुभ हुन्छ।२३।

आयाति वारुणे तत्वे, शत्रु रस्ति शुभःक्षितौ ।

प्रयाति वायुतोऽ न्यत्रः हानि मृत्युः नभोऽनले ।२४।

पृथ्वी र जल तत्व बहेको व्यला शत्रु आयो भने आफुलाई शुभ हुन्छ, वायु र अग्नि आकाश उत्व चलेको व्यला शत्रु आयो भने चाहि आफूलाई नै मार्छ ।२४।

पृथिव्यं मूल चिन्तास्या च्छुन्यमाकाशतो वदेत् ।
तेज सा धातुचिन्तास्था ज्जीवस्य जल वात योः।२५।

अर्थात्– (कोही मानव केही प्रश्न सोध्न आयो भने त्यसका मनको विचार तत्ववाट जान्नु) जस्तै– पृथ्वी तत्वको वेला मूल चिन्ता वृक्षयादि जराहरूको विचार, जल तत्व र वायु तत्वमा जीवहरुको चिन्ता, तेज तत्वमा धातुको चिन्ता, आकाश तत्वमा चाहि शुन्य हुन्छ भनी जान्नु ।२५।

पृथिव्यं बहु पादास्यु द्विपद स्तोय वायुतः ।
तेजस्ये व चतुष्पा दो, नभःसा पाद वर्जितः ।२६।

अतः पृथ्वी तत्व चलेको व्यला धेरै खुट्टा हुने जन्तुको चिन्तन हुन्छ; जल र वायु तत्व चलेको व्यला चाहिं दुई खुट्टे अर्थात्, मानवादि पक्षीहरूको चिन्तन गरीन्छ अग्नि तत्व चलेको व्यला चाहिं (चौपाय) अतः चार खुट्टेहरुको चिन्तन हुन्छ फेरि आकाश तत्व चलेको व्यला चाहिं पाद रहित् शुन्य हुन्छ भनी जान्नू ।२६।

कुजो वन्ही रविः पृथ्वी, राप सौर प्रकीर्तिताः ।
वायुस्था नास्थितो राहु र्दक्षः रन्ध्रःप्रवाहकः ।२७।

अर्थात्- दाहिने स्वर चलेको व्यला अग्नि तत्व रहन्छ त्यस व्यला केही शुभ कर्म गरे हुन्छ पृथ्वी र जल तत्वमा शनिश्चर हुन्छ, वायु तत्वमा चाहिं राहु रहन्छ भनी जान्नू ।२७।

जल चन्द्रो बुधः पृथ्वी, गुरो वातःसीतो ऽनलः ।
वाम नाड्या स्थिताःसर्वे, सर्व कार्येषु निश्चिता ।२८।

अतः बायाँ नाडि चलेको व्यला, जल तत्वमा चन्द्रमा र पृथ्वी तत्वमा बुध रहन्छ । वायु तत्वमा चाहिं बृहस्पति रहन्छन्, फेरि अग्नि तत्वमा चाहिं शुक्र रहन्छन्, त्यसव्यला गरेको कर्मफल शुभ हुन्छ ।२८।

पृथ्वी बुधो जलादिन्दुः, शुक्रो वन्हि रविःकुजः ।
वायु राहुः शनीर्व्योम, गुरोशर्वे प्रकीर्तिताः ।२९।

अर्थात्- पृथ्वी तत्वमा बूध र जल तत्वमा चन्द्रमा रहन्छ, फेरि अग्नि तत्वमा शुक्र र मङ्गल तत्वमा सूर्य रहन्छन्, अनी वायु तत्वमा राहु ग्रह बसेको हुन्छ तत्पश्चात् आकाश तत्वमा चाहिं शनी र बृहस्पति रहन्छन् भनी जान्नू ।२९।

प्रवास प्रश्न आदित्ये, यदि राहु र्गतो ऽनिले ।
तदासौ चलित्तो ज्ञेय, स्थानान्तर मपे क्षते ।३०।

सूर्य स्वर चलेको व्यला कुनही परदेशीले केही विषय सोध्यो भनेर त्यसव्यला आफ्नो स्वरमा राहु वसेको भए त्यो प्रदेशि पहिलेको ठाउँबाट अन्तै गयो पुनः तहाँबाट पनि अन्तै जान्छ भनी दिनू ।३०।

आयाति वारुणे तत्वे, तत्र वास्ति शुभ्र क्षितौ ।
प्रवासी पवनेऽन्यत्र मृत्युः रेवानले भवेत् ।३१।

फेरि जल तत्व चलेको व्यला प्रश्न गरेमा चाहिं त्यो परदेशी-

चोंडै आउँछ अनी-पृथ्वी तत्व चलेकोमा सोधे चाहि त्यहि ठाउँमा आनन्दले बसेकोछ, वायु तत्वमा सोध्यो भने तहाँबाट अन्तै गयो; अत: अग्नि तत्वमा सोधे चाहि मऱ्यो भनी दिनू ।३१।

पार्थिवे मूल विज्ञानं, शुभं कार्यं जले तथा ।
आग्नेयं धातुविज्ञानं, व्योम्नि शुन्यं विनो दिशेत् ।३२।

पृथ्वी तत्वमा मूल वृक्षको ज्ञान र जल तत्वमा शुभ कर्मको ज्ञान् तथा अग्नि तत्वमा चाहि धातुको ज्ञान हुन्छ, आकाश तत्वमा चाहि केहि ज्ञान हुँदैन ।३२।

तुष्टि पुष्टि रतिः कृडा, जय हर्षौ धरा जले ।
तेजो वायोश्च सुप्ताक्षो ज्वर कंपःप्रवासि नः ।३३।

अर्थात् पृथ्वी र जल तत्व चलेको व्यला कोही प्रदेशि विषय सोध्न आयो भने त्यो प्रदेशि हृष्ट पुष्ट तथा जय हर्षको कृडाले खुव सुखी छ भनी दिने । अग्नि र वायु तत्वमा चाहिं काज्वरो आयेर सुती रेछ भन्ने ।३३।

गतायु मृत्युः राकाशे, तत्वस्थाने प्रकीर्तिताः ।
द्वादशैताः प्रयत्नेन, ज्ञातव्या दैशिकैः सदाः ।३४।

आकाश तत्व चलेको व्यला कोही मानवले परदेशी विषय सोध्यो भने त्यो परदेशी मऱ्यो भनी जान्नू। अर्थात्- यो स्वर र तत्वको ठाउँका यी वाह्र प्रश्न देशकाल अनुसार तत्व ज्ञानीहरूले दैनिक जान्नु पर्ने कुरा छ ।३४।

पूर्वायं पश्चिमे याम्मे, उत्तरस्यं यथा क्रमः ।
पृथिव्यादि निभुतानि, बलिष्ठानि विनिर्दिशेत् ।३५।

अर्थात्-पृथ्वी, जल, तेज वायुः ई तत्वहरू पूर्व पश्चिम उत्तर दक्षिण–ई चारै दिशामा बलिष्ठ छन् आकाश तत्व चाहि आकाशै भंगो।३५।

पृथिव्यापस्त था तेजो, वायुः राकाश मेव च ।
पंच भूतात्म को देहो, ज्ञातव्यश्च वरानने ।३६।

हे वरानने - यो पृथ्वी र जल-तेज, वायु र आकाश सहित पाँच तत्वले बनेको देहलाई पञ्च भूतात्मक देह हो भनी जान्नु पर्नेऽत्यवशेक् छ ।३६।

अस्थि मास त्वचा नाडी, रोम चैवतु पञ्च मं ।
पृथ्वीपञ्च गुणा प्रोक्ता, ब्रह्मा ज्ञानेन भाषितम् ।३७।

अर्थात्-हाड्, मासु र छाला नाडि तथा रऊँ समेत् गरी पाच गुण पृथिवी तत्वबाट बनेको हो भन्ने वेदान्तिहरूको वक्तव्य छ ।३७।

शुक्रः शोणित मज्जाश्च,मुत्रं लाला च पञ्चमम्।
आपःपञ्च गुणा प्रोक्तौ, ब्रह्मा ज्ञानेन भाषितम् ।३८।

फेरि वीर्य र र्याल् रगत र मासी अनी पिशाप् यो-५-चाहिं जल तत्वबाट बनेको हो भन्ने वेदान्त शास्त्रले नै बताएको छ ।३८ः

क्षुधा तृषा तथा निन्द्रा, कान्ति रालस्य मेव च।
तेजःपञ्च गुणं प्रोक्तं, ब्रह्म ज्ञानेन भाषितम् ।३९।

फेरि क्षुधा र तृषा निन्द्रा र आलस्य-अनीप्रेम यति पाच गुण जो छ सो तेज तत्वको अंस हो भन्ने निश्चय वेदान्तले बताएको छ ।३९ः

धावनं चलनं ग्रन्थं, संको च न प्रसारणे ।
बायोर्पञ्चगुणं प्रोक्ता, ब्रह्म ज्ञानेन भाषितम् ।४०।

फेरि दउडनु र चल्नु, गाँठो पर्नु र सुक्नु, फुक्नु पनि ई पाच गुण जो छ सो वायु तत्वको अरुस हो भन्ने कुरा वेदान्तमा छ ।४०।

राग द्वेषौ तथा लज्जा, भयं मोहश्च पंच मं ।
नभःपञ्च गुणं प्रोक्तं, ब्रह्म ज्ञानेन भाषितम् ।४१।

प्रिती र द्वेष गर्नु लाजमान्नू डराउँनू अनी मोह हुनू ई पाच गुण चाहि आकाश तत्वको अंश हो भन्ने यो पनि वेदान्तले नै बताइएको पाहिन्छ । ।४१।

पृथिव्या पलानि पंचाशच्चत्वारिंश तथां भसः ।
अग्नित्रीरा त्पुनः वायो, विंशती र्नभ सो दशः ।४२।

अर्थात्- हाम्रो देहमा, पृथ्वी-५०-पल-जल-४०-पल-अग्नि-३०-पल-वायु-२०-पल-आकाशा-१०-पल हुन्छ भनी तत्व ज्ञानीहरुले तथ्य कुरा जान्नू पर्छ ।४२।

पृथिव्यां चिरकालेन, लाभश्चापः क्षणत्भवेत् ।
जायते पवने स्वल्पः, सिद्धिऽप्यग्नौः विनश्यतिः ।४३।

पृथ्वी तत्वको ब्यला ढीलो लाभ् हुन्छ, जल तत्वको ब्यला उत्ति खेरै लाभ् हुन्छ वायु तत्वको ब्यला थोरै सिद्धि हुन्छ, अग्नि तत्व चलेको ब्यला चाहि नाश् हुन्छ ।४३।

पृथिव्याःपंच ह्यापा वेदा, गुणास्तेजो द्विवायुतः ।
नभस्यकः गुणाश्चैव, तत्व ज्ञानामिदं भवेत् ।४४।

पृथ्वीको -५-गुण-जलको-४- गुण-तेजको-३-गुण-वायुको-२-गुण- आकाशको एकै गुण हुन्छ भन्ने कुराको बोध् तत्वको ज्ञान भएपछि मात्र हुन्छ ।४४।

फुत्कार-कृत्प्रस्फुटिता, विदीर्णा पतिता धरा: ।

ददाति सर्व कार्येषु, अवस्थास दृशंफलम् ।४५।

अर्थात्- फुत्कार भएर खसेकी र फुटेकी तथा फाटेकी पृथिवी जो छन् ती आफ्नो अवस्था अनुसारले सबै कार्यमा सबैलाई शुभ फल दिन्छिन् ।४५।

धनिष्ठा, रोहिणी, जेष्ठा, ऽनुराधा, श्रवणं तथा ।

अभिजित्वुत्तरा षाढा, पृथ्वी तत्व मुदाहृतम् ।४६।

अर्थात्-धनिष्ठा र रोहिणी, जेष्ठा र अनुराधा, श्रावण र अभिजित् तथा उत्तरषाढा ई सात् नक्षत्र जोछन् पृथ्वी तत्वको हो भनी जान्नू ।४६।

पूर्वाषाढा तथा श्लेषा, मूल भाद्रा च रेवती ।

उत्तर भाद्रपदा तोयं, तत्वंशत भिषक् प्रिये ।४७।

हे प्रिये पूर्वषाढा र अश्लेषा मूल र आर्द्रा रेवती र उत्तराभाद्र पद तथा शतभिषा ई -७- नक्षत्र चाहि जल तत्वको हो भनी जान्नू ।४७।

भरणी कृतिका पुष्पौ, मघा पूर्वा च फाल्गुनी ।

पूर्व भाद्र पदा स्वाती, तेजस्तत्व मिती प्रिये ।४८।

फेरि-भरणी र कृतिका पुष्पा र मघा तथा पूर्वफाल्गुनी र पूर्वभाद्रा पद र स्वाती ई सात नक्षत्र चाहि तेज तत्वको हो भनी जान्नू ।४८।

विशाखो त्तर-फाल्गु न्यौ, हस्त चित्रे पुन र्वसुः ।

अस्विनी-मृगशीर्षे च, वायु तत्व मुदा हृताः ।४९।

तत्पश्चात्-विशाखा र उत्तरफाल्गुनी अनी हस्ता र चित्रा पुनरवसु फेरि अस्विनी र मृगशिरा येति सात नक्षत्र चाहि वायु तत्वबाट उदय भएको हो भनी जान्नू ।४९।

जन्मान्तरीय संस्कार, प्रसाद्वा दथवा गुराः ।
केषां चिज्जाय ते तत्वं वासनाःविमलात्मनाम् ।५०।

अर्थात्-आफ्नो पूर्व जन्मको संस्कारले र गुरु कृपा द्वारा निर्मल अन्तःकरण भएका ज्ञानी मनुष्यलाई मात्र यो तत्वको ज्ञान थाहा हुन्छ अतः उनीहरू जान्दछन् ।५०।

लं बीजं धरणी ध्याये, च्चातुरस्त्रांसु पीतभाम् ।
सुगन्धां स्वर्ण वर्णा भां, प्राप्नुयाद् देह लाघवम् ।५१।

अर्थात्-लं भन्ने शब्द पृथिवी तत्वको बीज मन्त्र हो, उसको रूप चारपाटे हुन्छ, रङ्ग पीत् र वासना सुगन्धित्हुन्छ, उसको उपासना र ध्यान गर्ने पुरुषहरू आफ्नो शरीर हल्का गराउन सक्ने हुन्छन् ।५१।

बं बीजं वारुणं ध्याये त्तत्व मर्ध्द शशीप्रभं ।
क्षुत्तृष्णादि सहिष्णु त्वं, जल मध्ये चमज्जनम् ।५२।

वंयो जलतत्वको बीज मन्त्र हो त्यसको आकार अर्ध चन्द्र जस्तो हुन्छ उसको खुशी पार्ने पुरुषहरू भोक प्यास सहेर जलमा डुबी रहन सक्ने हुन्छन् ।५२।

रं बीजं मग्निजं ध्यायेत्, त्रिकोणः गारुणः प्रभं ।
वब्हन्न पान भोक्तृत्व, मातापाग्नि सहिष्णु ता ।५३।

रं यो अग्नि तत्वको बीज मन्त्र हो, उसको आकार त्रिकोण र रातो वर्णको हुन्छ; उसको ध्यान गर्ने पुरुषहरू लाई धेरै अन्न खाई–

पचाउने सामर्थ र सूर्य र अग्निको राफ सहन सक्ने शक्ति प्राप्त हुन्छ ।५३।

यं बीजं पवनं ध्यायेत्, वर्तुलं श्यामलं प्रभं ।
आकाश गमना दयं च, पक्षी वद्गमनं तथा ।५४।

यो वायु तत्वको बीज मन्त्र हो, यसको आकार बाटुलो र कालो रङ्गको हुन्छ, उसको उपासना गर्ने पुरुषहरू चराको साथ उढ्न सक्ने हुन्छन् ।५४।

हं बीजं गमनं ध्याये, न्निरा कारं बहू प्रभम् ।
ज्ञानं त्रिकाल विषय, मैश्वर्यं मणि मादिकम् ।५५।

हं यो आकाश तत्वको बीज मन्त्र हो यो निराकार अनेक रङ्गको हुन्छ, यो तत्वको ध्यान गर्ने पुरुष चाहि त्रिकालज्ञ, ज्ञानी र अणिमादिक अर्थात्– (अष्ट सिद्धिको अंसद्वारा ऐश्वर्य र वैभव् पाउँने वाला हुन्छ) ।५५।

स्वर ज्ञानी नरो यत्र, धनं नास्ति ततः परम् ।
गम्यते स्वर ज्ञानेन, अना यासं फलं लभेत् ।५६।

हे प्यारी, जो मानव स्वरको ज्ञानी छ, त्यो मनुष्य कहीं जानु पर्दा आफ्नो स्वरको साहितले हिडेर बिना परिश्रम उसले आफ्नो कामना सिद्धि गर्छ ।५६।

देव्योवाच-

देव देव महा देव, महा ज्ञानं स्वरो दयं ।
त्रिकालं विज्ञयं चैव कथं भवति शंकर ।५७।

देवी पार्वती विन्ती गर्नुहुन्छ, देवताका पनि देव हे महादेव हजुर ले जो स्वरोदय महाज्ञान बताउनु भयो त्यसमा भूत् भविष्यत् तथा वर्तमान ई तीनहि काल को ज्ञान कसरी हुन्छ त्यो पनि सुन्ह पाउँ भन्दा ।५७।

ईश्वर उवाच-

अर्थ-काल, जय, प्रश्न शुभा शुभ मिति त्रिधाः ।
एकत्रि काल विज्ञानं, नाःन्यद् भवति सुन्दरी ।५८।

श्री पार्वतीजिको सुप्रश्न सुनेर भगवान शङ्करजी आज्ञा हुन्छ हे सुन्दरी भूत् भविष्यत् र वर्तमान ई तीनहि कालको ज्ञान र शुभा शुभ को जय प्रश्न केवल् आफ्नो स्वर जान्नाले मात्र हुन्छ (अन्य) अरु ज्ञानबाट हुँदैन ।५८।

तत्वे शुभा शुभं कार्ये, तत्वे जय पराजयौ ।
तत्वे शुभिक्षः दुर्भिक्षे, तत्वं त्रिपद मुच्यते ।५९।

यो तत्व मानैं शुभा शुभ कार्य हुन्छ, तत्व बाटै जय र पराजय हुन्छ, फेरि तत्वकै विचारमा नै सहकाल र अनिकाल को अनुमोदन गरिन्छ, त्यसकारण सुजन हरूको निमीत्त यो तत्वको तीनपाठ निकै उत्तं छ ।५९।

देव्योवाच-

देव देव महा देव, सर्व सन्सार सागरे ।
किं देवायां परं मित्रं, सर्वकायार्थ साधकम् ।६०।

फेरि पार्वती जी विन्ती गर्नु हुन्छ, सर्वदेवका देव महादेव यो संसारमा

मनुष्यहरूको सम्पूर्ण कार्यसिद्धि गर्ने परम मित्र ईष्ट देव को छ त्यसको तथा कुरा मलाई भन्नुहोस् भन्दा ।६०।

महा देवो वाच-

प्राण एवं परं मित्रं, प्राण एव परं, सखा ।
प्राण तुल्यो परो वन्धु, नास्ति नास्ति वरानने: ।६१।

श्री महादेव जी पार्वतीलाई आज्ञा गर्नु हुन्छ, हे वरानने हे सुन्दरी सुन- यो सन्सारका मानवहरूको सम्पूर्ण कार्य सिद्धि गर्ने आफ्नो प्राण वरावर अर्को केही छदै छैन- प्राणै परम मित्र हो प्राणरूपी वन्धु कै आधारमा उसले उसलाई मानिता गर्दछन् ।६१।

।।इति श्री शिव शक्ति सम्वादे सप्तम भाग कर्मफल समाप्ति।।

अथ-अष्टम भागम

प्राणशक्ति प्रकरणारम्भः

श्री देव्युवाच

कथं प्राण स्थितं वायु, देह कि प्राण रूपक: ।
तत्वेषु सं चर-प्राणी, ज्ञाय ते योगि भिर्कथम् ।१।

अत: यो आठौं भाग प्राण शक्ति प्रकरणको वार्ता श्री पार्वती महादेवलाई फेरि सोध्नु हुन्छ, हे नाथ, यो प्रागमा वायु कसरी रहन्छ, फेरि, देहमा प्राण कसरी रहन्छ, पुन: तत्वको वायु हिड्ने प्राण वायुलाई योगीहरू कसरी जान्दछन् मलाई त्यो सम्पूर्ण आज्ञा गर्नु हवस ।१।

काया नगरमध्यस्थो, मारुतो रक्ष पालकः ।
वेशे दशांगुलः प्रोक्तो, निर्गमे द्वादशां गुलः ।२।

तब श्री महादेव जी आज्ञा गर्नु हुन्छ, शरीर रूपी नगरमा रहेर प्राणी हरुको रक्षा गर्ने वायु भित्र पस्ता -१०- अंगुल र बाहिर निक्लदा -१२- अगुलको हुन्छ ।२।

गमने तु चर्तुविंश, नेत्र वे दास्तु धावनः ।
मैथुने पञ्च षष्ठी च, शयने च शतां गुलम् ।३।

अर्थात्, हिड्दा -२४- अंगुल-दौडदा -४२- अंगुल -मैथूनुगर्दा -६५- अंगुल र निधाउँदा -१०० अङ्गुल- प्रमाण वायुको गति हुन्छ भनी जान्नू ।३

प्राणस्य तु गतिर्देवीं, स्वभा वद् द्वादशांगुलं ।
भोजने वचने चैव, गति रष्टा दशां गुलम् ।४।

हे देवी प्राणको स्वभाविक गति -१२- अंगुलको हुन्छ, तर खाँदा र बोल्दा बाहि -१८- अङ्गुलको गति हुन्छ भनी यो स्वर शास्त्रले भन्छ ।४।

एकांगुले कृते न्यूने, प्राणे निकाम ता मता ।
आनन्दस्तु द्विती येस्याद्, कविः शक्तिःतृतीयके ।५।

अर्थात्- त्यो -१२- अंगुल प्राणको गतिमा योगीहरूले -१- अंगुल मात्र घटाउँन सके भने निस्काम्य कर्म पूर्ण हुन्छ, -२- अंगुल घटायेमा आनन्द प्राप्ति गर्दछन्, -३- अंगुल कं गर्न सकेता काव्य रचन सक्ने शक्ति पाउँदछन् ।५।

वाचां सिद्धि श्चतु र्थेतु, दूर दृष्टिस्तु पञ्चमं ।
षष्ठे त्वाकाश गमने, चण्ड वगश्च सप्तमे ।६।

फेरि -४- अंगुल कम गरेमा चाहि वाक्य सिद्धि हुन्छ, -५- अङ्गुल कम गर्नाले टाढा दगुर्न सक्ने शक्ति मिल्छ -६- अंगुल कम्गर्न सक्यो भने आकाशमा जान सक्ने शक्ति हुन्छ -७- अंगुल कं गर्नाले चाहि प्रचण्ड वेग प्राप्ति हुन्छ ।६।

अष्टमे सिद्धि यश्चैव, नवमे विधया नवः ।
दशमे दशमूर्तिश्च, छाया एकादशं भवेत् ।७।

अर्थात् -८-९-अंगुल कं गर्न सके अणि मादिक अष्ट सिद्धि र नव निधि समेत् प्राप्ति हुन्छ -१०- अंगुल कं गरेमा चाहि दशैं प्रकार्का स्वरूपको अवतार लिन सकिने हुईन्छ, अर्थात् -११- अङ्गुल प्रमाण वायुको कम गर्न सक्यो भनेता छाया सदृश हुन सक्ने शक्ति प्राप्त गर्न सकिन्छ ।७।

द्वादश हंश चारश्च, गङ्गा मृत रसं पिवेत् ।
अन खाग्रं प्राण पूर्ण, कश्य भक्ष्यं च भोजने ।८।

अर्थात् जो मानिस -१२- अंगुल वायुको गति कम गर्न सक्छ त्यो मानिस हंश गतिले गंगा मृत रस पान गर्न सक्त छ, अर्थात् जो मानिस एवं रितले शिरदेखि नख सम्मका प्राणको विरोध गर्छ भने उसलाई खानु केही पर्दैन गंगामृत पान गरे पुग्छ ।८।

एवं प्राण विधिः प्रोक्ता, सर्व कार्य म्फल प्रदाः।
ज्ञायते गुरुवाक्ये न, नविदद्या शास्त्र कोटिभिः ।९।

अर्थात्- यस्तो सम्पूर्ण कामको फल दिने वालो प्राणरूपी विदद्या महिले तिमीलाई भने, यो विद्याको ज्ञान गुरुको सद्वाक्य द्वारा-

मात्र ठीक् हुन्छ गुरु विना अरु शास्त्रादि कोटि उपायले पनि प्राप्ति हुन सक्तैन ।९।

प्रातः श्चन्द्र रवि शायं, यदि दैवा न्न लभ्य ते ।
मध्यान्हन्मध्य रात्राश्च, परतस्तु प्रवर्त ते ।१०।

अर्थात्– दर्शनीय मानिस्हरूले, विहान चन्द्रमाको र साँझ सूर्यको दर्शन पाहिएन भने उसको बदला आधादिन अथवा आधा रात वितेपछि पनि सो दर्शनको महूर्त प्राप्ति हुन्छ ।१०।

निशाकारे रवौ चारै, मध्ये यस्य समी रणः ।
स्थितो रक्षत् दिगं तानि, जयकांक्षी गतः सदाः ।११।

अर्थात्- चन्द्र वा सूर्य जुन वातको स्वर चलेको होस्ता पनि, हमेशा विश्वको जय र कल्याण चिताई रहले पुरुष बाहिर निक्लदा सर्व दिशाहरूको रक्षा र कल्याण स्वतै हुन्छ ।११।

हका रस्य सका रस्य, बिना भेदं स्वरःकथं ।
सो ऽहं हंस पदे नैव, जीवो जयति सर्वदा ।१२।

अतएव-हकार र सकार स्वरको भेद बिना शब्द ब्रह्मको ज्ञान् कहिल्यै हुँदैन – हुनही सक्तैन- त्यसकारण - यो सोऽहं हंस शब्द ब्रह्म को दैनिक् अनुमोदन गरेमा जीवात्माले सधैं सर्वोत्कर्ष पाउछ ।

।।इति श्री शिव शक्ति सम्वादे आठौं भाग प्राणशक्ति समाप्ति।।

अथ–नवम भागम्

युद्ध प्रकरणः प्रारम्भः–

यत्किञ्चित् पूर्वस्न हिष्टं, लाभादि समरागमः ।
तत्सर्वं पूर्ण नाडीश, जय ते र्निवि कल्मकम् ।१।

अब यो नवौं भाग मा रण विषयको कार्य बताइन्छ आफूलाई लाभ् हुने रणमा विजय गर्नाको लागि दोश्रो भाग -१२- श्लोक मा जो बताइएको छ सो सम्पूर्ण स्वर चल्दामा साहित् गरे शंका रहित् शुभ हुन्छ ।१।

दूर युद्धे जयी चन्द्रः, समा सन्न दिवाकरः ।
वह नाड्या गतः पादः, सर्व सिद्धि प्रदायकम् ।२।

अर्थात्-लडाई गर्न हिंड्दा को साहित् (मुहूर्त) टाढा जानु पर्दा चाहि चन्द्र र नझिकै भए सूर्य नाडिले विजय गरिन्छ; अतएवं जताको स्वर खुलाछ उतै तीरको पयर अगी सार्नाले सबै कार्यको सिद्धि मील्छ ।२।

अयन तिथि दिने शैः स्वीय तत्वे च युक्ते ।
वहति यदि कदा चिद् दैव योगेन पुंसाम् ।।
सजयति रिपु सैन्यस्तम्भ मात्र स्वरेणः ।
प्र भवतु नच बिघ्नं, केश वश्यापि लोके ।३।

अर्थात्–अयन तिथि का मालिक रविः आफना स्वर को तत्वमा युक्त जो छ सो दैव योगको भरले रण गर्न हिंडेता पनि त्यो पुरुषको-

स्वर रोक्नाले मात्र शत्रुलाई जितिन्छ उसलाई विघ्न पर्दैन र गोलोकमा बसे जस्तै सुखी हुन्छ ।३।

जीवरक्षः जीवं रक्षः जीवांगे परिधाय च ।
जीवो जयति यो युद्धे, जीवं जयति मे दिनिम् ।४।

अर्थात्– जो रण धीर पुरुष छ उसले रणको साहित् गर्ने व्यला अंगा भूषण कवचहरू पहिरिंदा जीव रक्ष भन्ने मन्त्र निरन्तर जप्छ भने सो पुरुष युद्धमा जीवितै रहन्छ र उसले सम्पूर्ण पृथ्वीको आफैं लिन सक्छ ।४।

भूमौ चलेन कर्तव्यं, गमनं शान्त कर्म सुः ।
वन्ही वायो प्रदिप्ते षु, खे पुनर्नो भवेष्वपिः ।५।

अर्थात्-शान्त कर्म गर्न हिंडदा चाहि पृथ्वी र जल तत्वमा शुभ हुन्छ, अग्नि र वायु आकाश तत्वमा चाहि युद्धादिक् उग्र कर्म गरेमा अशुभ पनि हुन्छ ।५।

जीवेनः शस्त्रं बध्नीया, ज्जीवनै व विकाशयेत् ।
जीवनः प्रक्षिपे च्छस्त्रं, युद्धे जयति सर्वदा ।६।

अतः जुन तरफको आफ्नो जीव स्वर पूर्ण रूपले चलेको छ उतही पट्टीको हातले शस्त्र बाधेर स्वर कै विचारले प्रहार गर्‍यो भने त्यो पुरुषले रण जिती रहन्छ ।६।

आकृष्य प्राण पवन, समारो हेत वाहनम् ।
समुत्तर पदं दद्यात्, सर्व कार्याणि साधयेत् ।७।

अर्थात् जो मानव प्राण वायुको आकर्ष गरी घोडाको दाहिने–

तरफको काटिमा गोडा राखि चढेर जान्छ भने त्यो पुरुषको सर्व कार्य सिद्धि हुन्छ ।७।

अपूर्णं शत्रु सामाग्रि, पूर्णे वा स्व बलं तथा ।
कुरुते पूर्णं तत्वस्थो, जय तेको वसुन्धरा ।८।

अर्थात्- जुन तर्फको स्वर चल्दैन उसै तर्फ- शत्रुका सेनाको रणका सामग्री ठिक गरी पूर्ण स्वर चले पट्टी चाहिं आपनो सेनाको सामान् टिक पारी पूर्ण स्वर को तत्वमा स्थित् भै युद्ध गर्न हिड्छ भने त्यो एक्लैले सम्पूर्ण पृथिवी मा विजय गर्छ ।८।

आदौ तु क्रिमते मुद्रा पश्चादयु द्धं समा चरेत् ।
सर्प मुद्रा कृताये न, तस्य सिद्धि र्न संशयः ।९।

अर्थात्- जो मानव पहिले सर्प मुद्रा गरी उसको रूप हेरि पछिवाट रणको सुरू गर्छ भने नि:सन्देह सर्व ठाउँमा उसकै जीत हुन्छ । ।९।

चन्द्र प्रवाहे प्यथ सूर्यवाहे भटाःसमायान्ति चयु द्धकासा ।
समीरणस्तत्व विदां पतीतो, या शून्यतासापरा जयस्था ।१०।

अतएव- चन्द्रः या सूर्य स्वर चलेको व्यला कोही मानव युद्ध गर्ने इच्छाले आयो र त्यस व्यला आपनो वायु तत्वमा पूर्ण स्वर मिलेको भये आफूले हारिन्छ शत्रुको चाहि विजय हुन्छ । फेरि शून्य स्वर चलेमा चाहि शत्रुको पराजय भै आफ्नो चाहि विजय अर्थात्-जीत हुन्छ भनी जान्नू ।१०।

यान्दिशं बहते वायुः युद्धं तद्दिशिदाप येत् ।
जय तेव न सन्देह, शक्रोऽपि यदि चाग्रतः ।११।

अतएव– जुन्दिशाको स्वर चलेको छ उही तरफ खडा भै युद्ध गर्‍यो भनेता इन्द्रादिक् जुन सुकै देवता वीरहरू लड्न आयेता पनि आफ्नै जय हुन्छ शत्रुहरूको हार हुन्छ यसमा संशय छैन ।११।

यत्र नाड्यो वहेद् वायु स्तदंगे प्राण मेव च ।
आकृष्य गच्छ कर्णान्तं, जय तेव पुरन्दरम् ।१२।

अर्थात्- जुन नाडी पट्टी वायु सफा चल्छ उही अंगको कान सम्म प्राण वायुले खिचि रण गर्न हिड्यो भनेता इन्द्र सहित् सबै वीरलाई आफैले जित्न सकिन्छ ।१२।

प्रति पक्ष प्रहारे भ्यः पूर्णा गयो ऽभिरक्षति ।
न तस्यरिपुभी शक्ति् बलिष्ठैः र्विहन्य तः ।१३।

अतएव– जो पुरुष युद्धको व्यला आफ्नो वायु तत्वमा विवेक् जगाई आफ्नो सम्पूर्ण अङ्ग बचाउछ भने त्यो वीर पुरुष को पराक्रमलाई जस्तै बलवान् रणका वीर वीरका शस्त्र अस्त्रहरुले पनि त्यो वीर-लाई नाश गर्न सक्तैन भनी जान्नू ।१३।

तत्वै राम जयं प्राप्तेः, सु तत्व च धनञ्जयः ।
कौरवा निहता सर्वे, युद्धे तत्व विपर्य यात् ।१४।

तत्व बलकै प्रभावले राम चन्द्रको कार्य सफल भयो उनले विजय पाये, तत्वकै बलले अर्जुनको बिजय भयो सोही तत्व बिग्रनाले कौरव हरू समाप्त हुना कन गए ।१४।

अङ्गुष्ठ तर्जनी वीशे, पादांगुष्ठे तथा ध्वनी ।
युद्धकाले च कर्तव्य, लक्षयोद्धा जयो भवेत् ।१५।

जो मानवको रण गर्नँ व्यला हात्को वा गोडाको वृढि औलो वा चोर औंलो पटक्यो भने लाखौं योद्धाहरू सित लडेर पनि उसैले विजय पाउछ ।१५।

वह नाडि स्थितो दूतो, यत्पृच्छ ति शुभा शुभम् ।

तत्सर्वं सिद्धि माप्नोति, शुन्या शुन्यं न संशयः ।१६

अर्थात्– चलती भएको नाडि तर्फ आयि शुभाशुभ फल सोधेमा त्यो दूतले सर्व सिद्धि पाउन सक्छ तर शुन्य स्वर पर्‍यो भने चाहि कार्य शुन्य हुन्छ यसमा संशय छैन ।१६।

पूर्णो ऽपि निगमे स्वास सुतत्वपि न सिद्धि दं ।

सूर्यश्चन्द्रो तथा नृणां सम्वा हे सर्व सिद्धि दम् ।१७।

पूर्ण श्वास चलेको व्यला शुभ तत्व भए पनि जो कोहीले केही प्रश्न गरेमा कार्यसिद्धि हुँदैन चन्द्र र सूर्य स्वर चलेको व्यला चाहिं हुन्छ ।१७।

स्वास प्रवेश काले तु, दूतो जल्पति वाञ्छितम् ।

तस्यार्थ सिद्धि माप्नोति, नीर्गमे नैव सुन्दरी ।१८।

हे सुन्दरी जसको स्वास भित्र पस्दा कोही दूतले इच्छा माफिक कुरा सोध्यो भने त्यसको काम सिद्धि हुन्छ, स्वास बाहिर जाँदा चाहि उसको सिद्धि हुँदैन भनी दिनू ।१८।

नरे दक्षा स्वकी याच, स्त्रीयां वामा प्रसस्य ते ।

कुम्भको युद्धकालं च, तिस्रो नाडचास्त्रयी गतिः ।१९।

अर्थात्– पुरुपको दाया र स्त्रीको बाया नाडि चल्दा कार्य शुभ–

हुन्छ भनी जान्नू । तर रण गर्ने व्यला चाहि कुम्भक नाडि धेरै चल्छ यो-३- नाडिको गति यस्तो हुन्छ ।१९।

लाभादिऽन्यपि कार्याणि, पृष्ठानि कीर्ति तानि च।

जीवे विशति सिध्यन्ति, हानि निःशरणे भवेत् ।२०।

अर्थात्- स्वास भित्र पस्दा दूतले लाभादिको प्रश्न गरेमा उसको सिद्धि हुन्छ, स्वास बाहिर निस्कदाको प्रश्नले चाहि दूतको हानि हुन्छ भनी जान्नू ।२०।

यानाडी वहते चाँगे, तस्य मे वाधि देवता ।

सन्मुखेऽपि दिशाते षां, सर्व कार्य फलंप्रदाः ।२१।

आफ्नो जताको नाडि चलेकोछ उही नाडिका अधिपति देवता मिलेको छ भने उतै फर्केर कार्य गरेमा उसलाई संपूर्ण सिद्धि मिल्छ ।२१।

शून्यांगं पुरितं कृत्वा, जीवांगे गोप येज्जयं ।

जीवाङ्गे घात माप्नोति, शुन्यांगं रक्षते सदाः ।२२।

अर्थात्- शुन्य अंगको पूर्ण गरी सके उप्रान्त जीवाङ्गको रक्षा गरेमा उसलाई जय प्राप्ति हुन्छ। जीवाङ्गको रक्षा नगरी शून्याङ्गको रक्षा गरेमा सो जीवको हानि हुन्छ ।२२।

वामेवा यदिवा दक्षे, यदि पृच्छति पृच्छ कः ।

पूर्णे घातो नजाये त, शून्यघातं विनिर्दिशेत् ।२३।

अर्थात्- देव्रे वा दाहिने तर्फ आई दूतले पृथक् -२- युद्ध गमनको विषय सोध्यो भने र त्यसव्यला आफ्नो पूर्ण स्वर चलता भएमा-

आफ्नो घात हुदैंन, शून्य स्वरको व्यला रण गर्न हिडेता आफै मरिन्छ है भनिदिनू ।२३।

भू तत्वे नोदरे घात, पदस्थाने ऽ वुना भवेत् ।
ऊरुस्थाने अग्नि तत्वं, करस्थाने च वायुना ।२४।

अर्थात्- दूत्ले प्रश्न गर्ने व्यला पृथ्वी तत्व चलेको भए पेट र जल तत्वमा गोडा- अग्निस्ततत्वमा तीघ्रा र वायुतत्व चल्दा भएमा हात काटिन्छ है भनी दिनू ।२४।

शिरसी व्योम तत्वे च, ज्ञातव्यो घात निर्णयः ।
एवं पञ्च विधो घात, स्वर शास्त्र प्रकाशितः ।२५।

फेरि आकाश तत्व चलेको व्यला चाहि शिर कटिन्छ भनी जान्नू । भन्ने कुरा रणमा मर्ने -५- प्रकारको निर्णयस्वर तत्व जान्नेले भनेका छन् ।२५।

युद्धकाले यदाचन्द्र, स्थाई जय त निश्चितं ।
यदा सूर्य प्रवाहस्तु, यायी विजय ते तदा ।२६।

अर्थात्- युद्धको व्यला चन्द्रस्वर चले आफ्नै देशमा विजय पाइन्छ सूर्य स्वर चलेको भये विदेशको रणमा जय पाइन्छ यो कुरा निश्चित् छ ।२६।

जय मध्येतु सन्देह , नाडि मध्येन्तु लक्षयेत् ।
सुषुम्ना यां गते प्राणे, समरे शत्रु संकटम् ।२७।

आफ्नो विजय पाउने व्यला मनमा संशय भयो भने नाडि मध्ये अवलोकन गर्नु त्यसव्यला सुषुम्ना नाडिभए शत्रुले दुःख दिन्छ ।२७।

यस्य नाड्या भभेच्चार, स्तांदिश युधिसं श्रयेत् ।

तदासौ जय माप्नोति, नात्र कार्यं विचारणात् ।२८।

अर्थात् रणको सुरूमा बाँया स्वर चलेको भए र पूर्व र उत्तर- दायास्वर चलेको भए दक्षिण र पश्चिम खडा भै रण गरेमा विजय पाइन्छ यसमा खुव गहिरो विचार गर्नु पर्ने कुरा छ ।२८।

यदि संग्राम कालेतु, वाम नाडि यदा वहेत् ।

स्थायिनो विजयं विद्या, द्रिपु वस्योदयोऽपि च ।२९।

अर्थात्- युद्ध गर्ने वेला वाया नाडि चल्यो भने आफ्ना देशका वीरहरूले विजय पाउँदछन् उनीहरूको शत्रुपनि आफ्नै वसमा रहन्छन् ।२९।

यदि सङ्ग्राम कालेतु, सूर्यस्तु व्यवृतो वहेत् ।

तदा यायि लयं विद्यात्, सदेवा सुरमान वे ।३०।

जहिले पनि सूर्य नाडि चलेको व्यला रण गर्न हिड्यो भने त्यो पुरुषले देवता र दैत्य मनुष्यहरूको साथ युद्ध गर्दा पनि उसले नै विजय पाउदछ ।३०।

रणे हरति शत्रुस्तं, वामा यो प्रविश नरः ।

स्थान वीषुव चारेण, जय सूर्येण धावताः ।३१।

अर्थात्- जो पुरुष वाया नाडि चलेको व्यला रणभित्र पस्छ भने त्यसले सबै शत्रुलाई जित्न सक्छ । तर सुषुम्ना नाडि चलेकोव्यला चाहि स्थान मात्र पाउछ- सूर्य नाडिमा हिंडे चाहि दौडने शक्ति प्राप्त हुन्छ ।३१।

युद्ध द्वये कृते प्रश्ने, पूर्णस्य प्रथमे जयः ।

रिक्ते चैव द्वितीयस्तु, जयी भवत नान्य था ।३२।

दुई दूतले एकै बार रणका विषयको प्रश्न गऱ्यो र त्यो व्यला आफ्नो पूर्ण स्वर छ भने पहिलो प्रश्नले जय पाउछ बाया नाडि चल्ता भएता दोश्राको पनि जय हुन्छ ।३२।

पूर्ण नाडि गतः पृष्ठे, शुन्यां गं च तदा ग्रतः ।

शून्यस्थाने कृत शत्रु, मृयते नात्र संशयः ।३३।

पूर्ण स्वरको व्यला युद्धमा हिडेदेखि शत्रु पछाडि हुन्छ । शुन्य स्वरको व्यला चाहि रिपु अग्र हुन्छ, अचल स्वर भएको व्यला हिड्यो भने चाहि त्यो शत्रु मर्छ यसमा सन्देह छैन ।३३।

वाम चारे सम नाम, यस्य तस्य जयो भवेत् ।

पृच्छाको दक्षिणे भागे, विजयी विषमा क्षरः ।३४।

अर्थात्- कुनही दूत बायाँ तर्फ आइ रणमा जितिन्छ कि हारिन्छ भन्ने प्रश्न गऱ्यो भने कर्ताको मुखबाट निक्लेको अक्षर -२-४-६- यस्तो जोर भए सम्म यसले उसको विजय हुन्छ । फेरि-१-३-५- यस्तो विजोर अक्षर भएमा-विसम उसको पराजय हुन्छ भनी जान्नू, दायाँपट्टीको प्रश्नले चाहि विसमको विजय, समको पराजय हुन्छ ।३४।

यदा पृच्छति चन्द्रस्य, तदा सन्धान मा दिशेत् ।

पृच्छादच दातु सूर्यस्य, तदा जानिहि बिग्रहम् ।३५।

अर्थात्- दूतले चन्द्र स्वरको व्यला रणको प्रश्न गऱ्यो भने त्यो युद्धमा मेल हुन्छ सूर्यस्वरको व्यला चाहि प्रश्नकर्ताले रण गर्नपर्छ । ।३५।

पार्थिवे च सम युध्दं, सिद्धि र्भवति वारुणे ।

युद्धेहि तै जसे ऽभङ्गो, मृत्यु र्वायोन भस्यापिः ।३६।

अर्थात्- पृथ्वी तत्वको व्यला कुनै दूतले प्रश्न गर्‍यो भने युद्धमा मेल हुन्छ । जल तत्वको व्यला चाहि जय पाहिन्छ । फेरि अग्नि तत्व भयो भने शरीर अङ्गभङ्ग हुन्छ भनी जान्नू । फेरि वायु र आकाश तत्व भयो भनेता त्यो संग्राममा आफै मरिन्छ है भनीदिनू ।३६।

निमित्त तः प्रमादाद्वा, यदा न ज्ञायते ऽनिलः ।

प्रश्न काले तदा कुर्या, दिदं यत्नेन बुद्धिमान ।३७।

आफ्नो शरीरको दाया वा बायाँ पट्टी आई नबुझिने कुरा सोध्यो कोही दूतले भने जान्ने पुरुषका अग्रगै यतनले त्यो गफ कुरा बुझोस् ।३७।

नकालं विविधं घोरं, न शस्त्र नच पन्नगा ।

न शत्रौ व्यधि चोराद्याः शून्यस्थानाशितं क्षमः ।३८।

अनेक किसिमका काल र शत्रुका भयानक शस्त्रास्त्र र सर्पादि व्याधि हरुले पनि आफ्नो शुन्यांगमा रहेको व्यला मार्न सक्तैन ।३८।

निश्चलां धारणांकृत्वा पुष्प हस्ता निपात येत् ।

पूर्णाङ्गे पुष्प पतनं, शून्य वा तत्परं भवेत् ।३९।

अर्थात्- आफ्नो शरीसिधा गरी हातमा फूल् लियेर जमिन्मा खसाल्दा आफ्नो छायाको पूर्ण अङ्गमा पर्‍यो भने त्यो अङ्ग शून्य भै हाल्छ ।३९।

तिष्ठन्नुप विशन्नापि, प्राणमा कर्ष यन्निजं ।

मनो भंग न कुर्वाण, सर्व कार्येषु जीवति ।४०।

अर्थात्- जो मनुष्य उठ्ता र बस्दा हिड्दा अथवा जे काम गर्दा पनि मनको उत्साहलाई भङ्ग नगरी प्राण खिच्न तान्छ भने त्यो सबै काममा जिवितै रहन्छ ।४०।

स्वर ज्ञानि बला दग्रे, निस्फलं कोटि धा भवेत् ।

इहलोके परत्रापि, स्वर ज्ञानी बली सदा: ।४१।

अर्थात्– स्वर ज्ञानी मनुष्यका सामुन्ने जस्तै बलवान्को कोटि उपायले विरुद्ध गरेता पनि त्यो सबै निष्फल हुन्छ कसहिको केही जोर चल्दैन अर्थात्- स्वर तत्वको जान्ने ज्ञानी यहलोक तथा परलोकमा पनि त्यो वीर बलवान हुन्छ ।४१।

दश शता युतं लक्षं, देशाधिय बलंस्वचित् ।

शत ऋतु सुरेन्द्राणां, बल कोटि गुणं भवेत् ।४२।

अर्थात्- कुनही राजाहरुका हजारौं लाखौं वीरहरुको अनन्त बल र इन्द्रादि सकल देवताहरुको बल पनि स्वरैको भर हो भनी जान्नू ।४२।

जीवेन स्थापयेद्वायु, जीवेना रम्भवेत् पुनः ।

जीवेन क्रीडते नित्यं, दद्युते जयति सर्वदा: ।४३।

अर्थात्–पहिला जीवले वायुलाई स्थिर गरी फेरि स्वरैले प्रारम्भ गरोस् र जुवादि खेलास्– त्यो मनुष्यको सधैं जीत भईरहन्छ ।४३।

देव्यो वाच–

परस्परं मनुष्याणां, युद्धे प्रोक्तो जयस्त्वयः ।

यमयुद्धे सुत्पन्ने, मनुष्याणां कथं जयः ।४४।

पार्वती जी विन्ती गर्नु हुन्छ हे प्रभो–मनुष्यहरुको परस्पर युद्धमा जय विजय र पराजय हुने कुरा ता आज्ञा भो सुने परन्तु यमराजका साथ युद्ध गर्दा कसरी जितिन्छ सो पनि आज्ञा हवस ।४४।

ईश्वर उवाच–

ध्यायेद् देवं स्थिरो जीवे जुहु याज्जीव सङ्गमे ।
ईष्ट सिद्धि र्भवेत्तस्य महालाभो जयस्तथाः ।४५।

तव श्री पार्वतीजीको असल प्रश्न सुनी श्री महादेव जी आज्ञा हुन्छ हे उमा सुन जो मानव स्थिर भै आफ्नो ईष्ट देवताको ध्यानद्वारा जीवलाई जीव संगम अर्थात्-कुम्भ नाडिमा नित्य हवन गर्छ भने त्यो ईष्ट सिद्धिद्वारा नै त्यो मानव लाई यमराजले जीत्न सक्तैनन् उसलाई ता अझ लाभ् र जय पनि हुन्छ ।४५।

निराकारात्स मुत्पन्नं, साकारं सकलं जगत् ।
तत्साकारे निराकारं, ज्ञाने भवति तत्क्षणात् ।४६।

हे देवी जो निराकार पराकार परमात्माबाट सम्पूर्ण जगत् उत्पन्न भयो र तेहि निराकार प्राणेश्वर यो जगतमा साकार रूपले देखिएको व्यापक छ भन्ने ज्ञान भएमा त्यो मनुष्य तत्क्षणमा निराकार हुन सक्छ ।

।।इति श्री शिव शक्ति सम्वादे नवौं भागं युद्धप्रकरण समाप्ति ।।

अथ दशम भागरोगप्त प्रकरणाम्भः–

मही तत्वे स्वरोगश्च, जले च जल मातृ काः
तेजसी खेट बाटीस्थ, शाकिनीपितृ दोषतः ।१।

यो दशौं भागमा, रोग विषयको वार्ता बताइन्छ, किनही दूतले पृथ्वी तत्वको व्यला रोग विषयको प्रश्न गर्‍यो भने त्यो प्रारब्धको रोग हो भनी जान्नु, जल तत्वको व्यला जल मातृका सम्बन्धीबाट भएको हो भन्नु तेज तत्वमा प्रश्न आयो भने चाहि गाउँघर र पर्वतमा बस्ने–

डाहिनी पोकसी अनी वायुको दोष हो भनी बुझाई दिनू ।१।

आदौ शून्य गतोद्दूतः, पश्चात्पूर्णे विरोद्ध्यति ।
मूर्छितोऽपि ध्रुवं जीवे, द्यदर्थं प्रति पृच्छति ।२।

अर्थात्–प्रश्नकर्ता दूत् नचल्ने स्वर तर्फ बसेर फेरि तुरन्त पूर्ण स्वर पट्टी गई प्रश्न गर्छ भने त्यो मनुष्य मरणान्त भएता पनि त्यो मर्दैन ।२।

य स्तत्रङ्गे स्थिता जीव, तत्रस्थः परि पृच्छति ।
तदाजीवति जीवोऽसौ, यदि रोगैरुप द्रुतः ।३।

जुन अङ्ग पट्टी जीव स्वर स्थित हुन्छ उतै पटी बसेर रोगी दूतले प्रश्न गर्‍यो भने त्यस ब्यलाको त्यो रोगले त्यो रोगी मर्दैन ।३।

दक्षिणे न यदा वायु, दूतोरौद्राक्षरे वदेत् ।
तदाजीवति जीवासौ, चन्द्रे राम फलं लभेत् ।४।

सूर्य स्वर चले तर्फ आई जुन रोगी दूतले डर्लाग्दो प्रश्न गर्छ भने त्यो रोगी झट्ट मर्दैन, फेरि चन्द्र स्वर पट्टी आई बोलेता त्यसले चन्द्र समान फल पाउछ । ।४।

जीवाकारं चवावृत्वा, जीवाकारं विलोक्य च ।
जीवस्थो जीवित प्रश्ने तस्य स्यज्जीवितं फलम् ।५।

जीवले जीवैलाई पक्डेर उसको रूप हेरी जीव भावमा बसेको जो दूतले जीव विषयको प्रश्न गर्‍यो भने उसले मर्ने फल पाउदछ ।५।

वामचारे तथा दक्षे, प्रवेशे यात्र वाहने ।
दक्षस्थः पृच्छते दूत, तस्य सिद्धिर्न संशयः ।६।

अर्थात्· आफ्नो वाया वा दाया स्वर प्रवेश गर्ने व्यला जीवाङ्गत तर्फ बसी दूतले आफ्नो प्रश्न गऱ्यो भने त्यो व्यलाको रोग निको हुन्छ यसमा संशय छैन। ।६।

प्रश्ने चाधः स्थितो जीवे नूनं जीवो हिजीवति।

ऊर्ध्वश्चार स्थितो जीवो, जीवोयाति यमा लयम्।७।

जो दूत आई तलतिर फर्केर प्रश्न गर्छ भने त्यो रोगी हत्पत् मर्दैन तर मास्तिर फर्केर प्रश्न गरेता त्यो मानव यमपुरी जाइहाल्छ ।७।

विपरीताक्षर प्रश्ने, रिक्तायांपृच्छको यदि।

विपर्य मच विज्ञेयं, विषम स्योद ये सति।८।

अर्थात्- जो दूत आई रिक्ता नाडि पट्टी विपरीत अक्षरको प्रश्न गर्छ र उस व्यला विषम सुषुम्ना नाडी उदय भयो भने दूतलाई नराम्रो विपरीत हुन्छ : ।८।

चन्द्र स्थाने स्थितो जीव, सूर्यस्थाने तु पृच्छकः।

तदा प्राप्त वियुक्तोऽसौ, यदि वै द्यशतैर्वृतः।९।

आफ्नो प्राण वायु चन्द्र स्थानमा र दूतको प्राण सूर्यस्थानमा भएको व्यला दूतले प्रश्न गऱ्यो भने १०० वैद्यको अग्र भएता पनि त्यो रोगी पक्का मर्छ भन्ने यो श्लोकले बताउछ ।९।

पिंगला या स्थितो जीवो, वाम द तस्तु पृच्छति।

तदापि मृयते रोगी, यदि त्राता महेश्वरः।१०।

फेरि पिंगला स्वर चलेको व्यला दूत बायाँ पट्टी आई रोग विषयको प्रश्न गऱ्यो भने भगवान शंकरै रक्षक भएता पनि त्यो रोगी मर्छ ।१०।

एकस्य भूतस्य विपर्य येण, रोगामी भूतिभवतिहयुसां।
तयोर्द्व योर्वन्धु सुहृद्विपत्ति, पक्षद्वयेव्यत्ययतोमृतिस्यात् ।११।

अर्थात्- तत्वहरूको विपरितमा एकै तत्व विपरित भए मनुष्यलाई धेरै विपरितको उपद्रव हुन्छ, दुई तत्व विपरित हुँदा वन्धु र मित्र हरूलाई दुःख पर्छ । फेरि एक महिनासम्म विपरित् तत्व चलीरह्यो भनेता त्यो मानवको मरण चाँडै नै हुन्छ भनी जान्नु ।११।

मासादौ चैव पक्षादौ, वत्सरादौ यथाक्रमः ।
क्षयकालं परोक्षत, वायु चार वसात्सुधीः ।१२।

अर्थात्- वुद्धिमान मनुष्यले आफ्नो स्वासको चाल अनुसार क्रमैसित मास पक्ष र वर्षादि मध्ये, मरणकालको सत्य परीक्षा गरोस् ।१२।

पञ्च भुतात्मकं द्वीपं, शिवश्वेहेन सेचितं ।
रक्षयत् सूर्य वातेन, प्राणी जीव स्थिरो भवेत् ।१३।

यो पञ्च भूतात्मक शरीर स्वासरूपी तेलले भिजेको हुन्छ तसर्थ सूर्यरूपी तेजले जो रक्षा गर्छ त्यो पुरुपको प्राण सधैं स्थिर रहन्छ ।१३।

मरुतं वन्ध यित्वतः, सूर्यं वन्ध यते यदिः ।
अभ्या साज्जीवते जीवः सूर्य कालेऽपिवंचिते ।१४।

अर्थात्- जुन पुरुपले दिनभर प्राण वायुको रोकी सूर्य अस्त भएपछि मात्र दाहिने स्वरवाट छोड्छ भने त्यो त्यस्तो अभ्यासी महापुरुप धेरै वर्षसम्म वाच्न सक्त छ ।

गगनात् स्त्रव चन्द्रस्य, काम पद्मं विकाशयेत् ।
कर्म योगै सदा भ्यासे, रमरःशशि संश्रयात् ।१५।

त्यस्तो अभ्यासमा लागेका महायोगीहरूको मस्तक रूपी कमलमा चन्द्रमाले आकाशबाट अमृत वर्षागरी उनीहरूको शरीरलाई प्रफुल्लित गराई चन्द्रमाले ती अभ्यासी योगीहरूलाई सदा अम्मर राख्तछन्। ।१५।

श शांकं वार ये द्रात्रौ, दिव वायो दिवा कर: ।
इत्या भ्यास र तो नित्यं, सयोगी नात्र संशय: ।१६।

जोमानव रातमा चन्द्र र दिनमा सूर्य स्वरको रोक्छ भने त्यो योगी ठूलो अभ्यासी योगी हो यसमा संशय कत्ति पनि छैन। ।१६।

।।इति श्री शिव शक्ति सम्वादे दशम भाग रोगप्त प्रकरणं समाप्तम्।।

अथ एकादश भागं कालप्रकरणारम्भः-

अहोरात्र यदैकत्र, वहते यस्य मारुतः ।
तदा तस्य भवेत् मृत्युः, सम्पूर्णे वत्सरः त्रय ।१।

यो एकादश भागमा कालको गति बताइन्छ, अर्थात्, जो मानवको स्वास राती दिन एकै स्वरमा चली रहन्छ भने त्यो पुरुषको आयु तीन वर्ष मात्र बाकी हुन्छ त्यसपछि ऊ मरिहाल्छ। ।१।

अहोरात्र द्वय यस्य, पिंगलायां सदागतिः ।
यस्य वर्ष द्वयं प्रोक्तं, जीवित तत्व वेदिभिः ।२।

फेरी जो मानवको पिंगला दाहिने नाडि मात्र चौविसै घण्टा चलीरहन्छ भने स्वर तत्वका ज्ञानी महापुरुष हरूले उसको आयु दुई वर्ष मात्र हो है भनेर तोकेका छन्। ।२।

त्रिरात्रं वहते यस्य, वायु रेकपुटे स्थितः ।
तदा सम्वत् सरा युस्त, प्रवदन्ति भनी पिणः ।३।

जो मानवको स्वर रातो दिन नाकको एकै प्वालबाट मात्र चल्छ भने उसको आयु एकै वर्ष मात्र हो भन्दछन् तत्व जान्नेहरु ।३।

रात्रीचन्द्रो दिवा सूर्यो, वहतस्य निरन्तरम् ।
जानियात्तास्यद्वै मृत्यु, षन्मासा भ्यन्तरे भवेत् ।४।

अर्थात्- जो मनुष्यको रातमा चन्द र दिनमा सूर्य स्वर मात्र चल्छ भने त्यो मानिस छ महिना भित्रैमा मर्छ भनी जान्नू । ।४।

लक्षं लक्षित लक्षणेन मुदक, भानू यदा दृश्यते ।
क्षीणो दक्षिण पश्चिमोत्तर पुरःषट्त्रीद्विमासै वकत ।।
मध्यं छिद्र मिदं भवद् दशदिने, धूम्रा कुलं तद्दिने ।
सर्वज्ञै रपि भाषितं मुनिवरै र्रायु प्रमाण स्फुटम् ।५।

अर्थात्- काँचको भाडामा पानी हालि सूर्यको छायाँमा देखाउँदा त्यसको दक्षिणतिर क्षिण देखिएमा त्यो मनुष्य छ महिना भित्रैमा मर्छ; फेरी पश्चिम पट्टी देखिये तीन महिनाभा र उत्तर पट्टी देखिए दुई महिनामा तथा पूर्वपट्टी देखिये एकै महिनामा मरिन्छ भनी जान्नू । अनी पानीमा सूर्यको छायाँ हेर्दा बीचैमा प्वाल देखियो भनेता दश दिनमै मरिन्छ अथवा त्यो छायाँलाई धुवाँले ढाकिएको देखियो भने ता त्यो मानव उहि दिनमा मर्छ भन्ने कुरा तत्व ज्ञानी मुनि महर्षि हरुले भनेका छन् । ।५।

दूतो रक्त कषाय कृष्ण वसनो दन्त क्षतो मुण्डितः ।
स्तैला भ्यक्त शरीर रज्जु करो दीनश्च पूर्णोत्तरः ।
भस्माङ्गार कपाल पाश मुशली सूर्यास्त मायातिय ।
काली शून्यपद स्थितो गतयुत कालानलस्या दूतः । ६ ।

अर्थात्- दाँत झरेको र कपाल खौरिएको शरीरमा तेल घसेको तथा हातमा डोरी लिएको र चोर कुराको जवाफ तुरन्त दिन सक्ने अनी रातो या कालो लुगा लगाएको यस्ता किसिमको त्यो दूत आफूलाई लिन आएको देखियो भने देख्नेलाई केहि पनि हुँदैन त्यो व्यर्थ हुन्छ । पुनः खप्परू र पाश मुशल लिएको दूत आई अचल स्वर पट्टी वस्यो भने त्यो चाँहि कालाग्नि सामान हो भनी जान्नू । ६ ।

अकस्मात् चित्त विकृति, रकस्मातपुरुषोत्तमः ।
मक्कस्मा दिन्द्रियोत्पातः, सन्निपाताग्रलक्षणम् । ७ ।

अर्थात्- जो योगीको अकस्मात चित्त बिग्रियो र उत्तम पुरुष देखा पऱ्यो र फेरि अकस्मात् इन्द्रियहरूमा उत्पात् तथा दुश्चिन्ह भएको देखियो भने चाँहि त्यो पूर्वकृत सन्निपातप्रालब्ध हो भनी जान्नू । । ७ ।

शरीतं शीतलम् यस्यत, प्रकृतिं विकृता भवेत् ।
तद रिष्टं समासेन, व्यास तस्तु निबोधमे । ८ ।

हे उमा, जसको शरीर चिसो भै स्वभाव पनि बदलियो भने त्यो नराम्रो अरिष्ठ हो त्यो विलक्ष म भन्छु तिमी सुन । ८ ।

दुष्ट शब्देषु रमते शुद्ध शब्देषु चात्मनि ।
पश्चात्तापो भवेद्यस्य, तस्य मृतु र्न संशयः । ९ ।

अर्थात्- जो मनुष्य दुष्ट र खराव शब्द सुन्दा खुशी हुन्छ वढिया शब्द सुन्दा पश्चात्ताप गर्छ भने सो रोगी चाँडै मर्छ यसमा संशय छैन। ।९।

हुंकारः शीतलो यस्य, फुत्कारोवह्निसन्निभः।

महा वैद्योप्य वेद्यस्य, तस्य मृतु र्भवेत्ध्रुवम्।१०।

अर्थात्- जसको हुँकार ठण्डा हुन्छ जसको स्वास तातो निक्लन्छ भने उसलाई जस्तै ठूलो वैद्यले पनि रक्षा गर्न सक्तैन उसको मृत्यु हुन्छ हुन्छ। ।१०।

जिह्वा विष्णुपदं ध्रुवं सुरपदं, सन्मातृका मण्डलम्।

स्वेता न्यैवमरुन्धती ममृतगुं, शुक्रंत्वगस्त्यक्षणम्।

ए ते ष्वेक मपिस्फुटं न पुरुष, पश्येत्पुरः प्रेषितम्।

सोऽवश्य विंशतीद्रु काल वदनं, सम्वत्सरा दूर्ध्वतः।११।

जसले आफ्नो जिब्रो र विष्णुको पाउ तथा आकाशका ध्रुव देवता-र मातृका मण्डल, अरुन्धती र चन्द्रमा तथा शुक्र, अगस्त्यादिक तारा मध्ये एक पनि प्रष्ट देखेन भने अथवा देख्तैन भने त्यो पुरुष पनि -१- वर्ष भित्रैमा मर्छ ।११।

अरस्मि बिंब सूर्यस्य, वन्हे शीता सु मा लिनः।

दृष्ट्वै आकाश मासायु, नरेश्चोर्ध्वं न जीवति।१२।

अर्थात्- जो मानव सूर्य र चन्द्रको प्रतिबिम्बको कीरण स्पष्ट देख्दैन भने र अग्निको (पनि निस्तेज) देख्छ भने त्यो मनुष्य पनि ११ महिना भित्रैमा मर्छ त्यो अवस्य बाँच्तैन भनी जान्नू। ।१२।

वाष्पं पुरीष मुत्राणि, सुवर्ण रजतं तथा।

प्रत्यक्षं मथवा स्वप्ने, दशमासा न जीवति ।१३।

फेरि जो मानिस सपनामा अथवा जाग्रत जो होस् पानीमा मल मूत गर्छ भने र सुन चाँदिको झझल्को देख्छ भने पनि त्यो मानव १०- महिना भित्रैमा मर्छ त्यो अवश्य बाँच्तैन भनी जान्नू । ।१३।

क्वचित् पश्यति यो दीपं सुवर्णं च कषान्वितां ।

विरूपाणि च भूतानि, नव मासान्न जीवति ।१४।

जो मानव बत्तीलाई कहिले पहेलो, कहिले रातो र कहिले कालो रङ्गको देख्छ भने त्यो नराम्रो विपरित हो, त्यो पनि नौ महिनामै मर्छ । ।१४।

स्थूलांगोऽपिकृशःकृशोऽपि सहसास्थूलत्वमाल्यभ्यते ।

प्राप्तो वा कनक प्रभां यदिभवे त्क्रूरोऽपि कृष्णच्छवि ।।

शूरोभीरु र धर्मगोऽपि निपुणः शान्तो विलोलःपुनः ।

नित्ये वं प्रकृतिः प्रयाति विकृति मासाष्ठकं जीवति ।१५।

जो मानव तुरन्त तुरन्त मोटाउने र दुब्लाउने फेरि बेलाबेलामा कालो र गोरो अथवा पहेलो पनि हुने फेरि तुरन्त सुरवीर र कांतर पनि हुने– फेरि धर्मात्मा र अधर्मी पनि भै हाल्ने– फेरि शान्त र तुरन्त चन्चल स्वभावको पनि हुने भयो भने त्यो ठूलो विपरित हो, सो मानव आठ महिना मात्र बाच्दछ । ।१५।

पीडा भवेत् पाणि तले च जिह्वा ।

मूले यथास्या दुधिरं च कृष्णाम् ।।

विद्धं नः चग्लायतियत्र दृष्ट्या
जीवेत् मनुष्यः सहि सप्त मासम् ।१६।

जो मानवको हत्केलामा र जिब्भ्राको जरामा पिडा हुन्छ भनेर रगत पनि कालो देखिन्छ भने अथवा शरिर भित्र र बाहिर घोच्ने व्यथाले दुःख दिन्छ भने त्यो मनुष्य ७ महिना चाहि परिपक्का बाँच्दछ । ।१६।

मध्यां गुलीनां त्रितयं नवक्रम् ।
रोगं विना शुष्यति यस्य कण्ठः ।।
मुहू र्मुहू प्रश्न करोति जाड्यात् ।
षड्भी समासै; प्रलयं प्रयाति ।१७।

अर्थात्, बीचका तीन औंला बाँगिदैंन र विना रोगले कण्ठ सुक्छ तथा वार-वारहड्डोले प्रश्न गर्छ भने त्यो मानिस पनि -६- महिनामा मर्छ । ।१७।

तद्रूपं कृष्ण वर्णा यः पश्यतिव्योम्नि निर्मले ।
षण्मासा न्मृत्युर्माप्नोति, सयोगीना त्रसंशयः ।१८।

जो योगीहरू आकाशमा शिवजीको निर्मल स्वरूपलाई कालो देख्छन् भने तीनिहरूको मरण पनि छ महिना मै हुन्छ यसमा संशय छैन । ।१८।

न यस्य स्मरणे किं चि द्वि विद्यस्तेन चर्मणि ।
सऽवश्यं पंचमे मासि, स्कन्धा रूढो भविष्यति ।१९।

अर्थात्, जसको छातिका दूधको छाला लाटो हुन्छ, जसलाई केही सम्झना रहँदैन भने त्यो मानव पाँच महिनामै दोश्राको काँधमा चढ्नेछ । ।१९।

यस्य नस्फुरति ज्योतिः, पीड्यते नयन द्वयम् ।
मरणं तस्य निर्दिष्टं, चतुर्थे मास निश्चितम् ।२०।

अर्थात्, जसको दुवै आँखामा तेज छैन र आँखा दुखी रहन्छ भने त्यो मानव पनि चार महिनामा अवश्य मर्छ भन्ने परिपक्का जान्नू ।२०।

दन्ताश्चवृषणौ यस्य, नकिंचिदपि पीड्यते ।
तृतीय मासतोऽवश्य, कालाज्ञायां भवेन्नरः ।२१।

अतएव– जसको दाँत र अण्डकोषलाई व्यसरी समाउँदा पनि दुख्दैन भने त्यो मनुष्य पनि कालको आज्ञानुसार तीन महिना भित्रैमा मरी हाल्छ भनी जान्नू ।२१।

एकादि षोडशा हानि, यदि भानु निरन्तरम् ।
वहेतस्य भवेन्मृत्युः, शेषा हेन च मासिके ।२२।

जो मानवको १ देखि १६ दिन तक् सूर्य स्वर मात्र चल्छ भने त्यसको पनि -१-महिना भित्रैमा मृत्यु हुन्छ भनी जान्नू ।२२।

अ शिरो मास मरणं, विनाजंघे दिनाष्टकम् ।
अष्टाभिःस्कन्ध नाशेन, छाया लोपेनतत्क्षणात् ।२३।

अर्थात्- छाँयामा आफ्नो टाउको देखिएन र जाँघ र काँध पनि देखिएन भने ८ दिनमा मरिन्छ भनी जान्नू । फेरि एकदम् सम्पूर्ण छायांमा शरीरका चिन्हहरू केही पनि देखिएन भनेता त्यो नराम्रो विपरितले त्यति बेरै मरिन्छ । ।२३।

प्रातः पृष्ठगते रवौच निमिषा च्छायांगुलींश्चा धरः ।
दृष्टव र्धेन मृतिस्त्वनंतर महोच्छाया नरं पश्यति ।
तत्कर्णा सकरास्यपार्श्वहृदया भावेक्षणाधर्तत्स्वयं ।
दिंमूढोहि नरःशिरोऽपिगम तोमासास्तु षड्जीवति। २४।

अर्थात् विहान सूर्य तीर पीठ फर्काई आफ्नो छायाँ हेर्दा औला र तल्लो ओठ प्रनि आफूलाई पनि देखिएन भने र आफ्नो छायाँलाई मधुरो पनि देखियो भने फेरि छायाँ पुरुषको शिर पनि देखिएन भने तथा हात पाखुरा, र कान तथा काँध र मुख इत्यादि केही पनि देखिएन भने त्यो मानिस छ महिना मात्र बाँच्दछ । ।२४।

संपूर्ण वहते चन्द्रः, सूर्यो नैव च दृश्यते ।

मासेन जायते मृत्युः, कालाज्ञेनानु भाषितम् ।२५।

जसको सदा चन्द्र स्वर मात्र चल्दछ सूर्य चाहिं चल्दैन भने त्यो मानव पनि एक महिनामा मर्छ भनी कालको गति जान्नेले भनेका छन् । ।२५।

संपूर्णं वहते सूर्य, चन्द्रमा नैव दृश्यते ।

पक्षेण जायते मृत्युः कालाज्ञे नानु भाषितम् ।२६।

फेरि जो मनुष्यको सधैं सूर्य स्वर मात्र छल्छ र चन्द्र स्वर चाहि चल्दैन भने उसको मृत्यु -१५- दिनमा हुन्छ भनी कालको गती जान्ने ज्ञानीहरू भन्दछन् । ।२६।

मूत्रं पुरीषं वायुश्च, समकाल प्रवर्त ते ।

ददा सोचलितो ज्ञेयो दशाहे मृयते ध्रुवम् ।२७।

अर्थात्- जसको दिशा बस्दा मलमूत्र र वायु एकैचोटी निक्लन्छ भने त्यो मानवको प्राण-१०- दिन भित्रमा परिपक्क जान्छ भनी जान्नू ।२७।

कणावक्ष्णो रंगुली भ्यां, किं चित्पीड्य निरीक्षयेत्।

मदा नदृष्यते वीन्दुः दशाहे न भवेत् मृतः ।२८।

फेरि जस्का आँखाको कुनालाई -२- औंलाले थिचि हेर्दा त्यो आँखाले

जलको विन्दु देखेन भने पनि त्यो मानवको मृत्यु दशौं दिनमा हुन्छ ।२८।

न व भ्रूवं सप्तघोषं, पञ्च तारां त्रिनासिकाम् ।

जिह्वा मेक दिनंप्रोक्तं, मृयते मानवोध्रुवम् ।२९।

फेरि भृकुटी पनि देखिएन भने -९- दिनमा, कानले केही सुनियेन भने -७- दिनमा, ताराहरू देखियेन भने -५- दिनमा नाक देखियेन भने तीनै दिनमा, फेरि जिब्रो पनि देखिएन भने ता एकै दिनमा मरिन्छ भन्ने यो आश्चर्यको कुरा बुझ । ।२९।

अरुन्धतीं ध्रुवंचैव, विष्णोस्त्रीणि यदा नि च ।

आयु र्हीना नपश्यन्ति, चतुर्थ मातृमण्डलाम् ।३०।

अर्थात्, अरून्धती र ध्रुव तारा तथा विष्णुको पाउ र मातृ मण्डलहरू लाई पनि देखतैन भने सो मानवको आयु खतं भो भनी जान्नू ।३०।

अरुन्धतीं र्भवेत्जिह्वा, ध्रुवो नासाग्र मेव च ।

भ्रुवैं विष्णुर्पदं ज्ञेयं, तारकं मातृ मण्डलाम् ।३१।

अर्थात्- अरून्धती भनेको जिब्रो हो- ध्रुव भनेको नासिकाग्र भाग हो आखिभौं लाई विष्णु पद भन्दछन्, मातृ-मण्डल भनेको ताराहरू हुन् ।३१।

पादाँगुल्फेचजठरे, विनाशः क्रमशो भवेत् ।

विनश्यतो यदा बाहु, स्वयंतु मृयते ध्रुवम् ।३२।

आफ्नो छायामा पैंताला र गोली गाँठा तथा पेट क्रमहिसित नासिएको देखियो र हातपनि काटिएको देखेमा उसको निश्चय मर्ने व्यला भयो भनी जानोस् ।३२।

वाम बाहु तथा भार्या, नश्ये नष्टे न सं शयः।

दक्षिणे वन्धु नाशोही, मृत्युर्मात्मा विनिर्दिशेत् ।३२।

अर्थात्, आफ्नो छायाँमा देब्रे हात देखिएन भने पत्नी मर्छे दाहिने हात देखिएन भने वन्धुहरू नाश भै आफु पनि मरिन्छ भनी जान्नू ।३३।

पीतेव्याधि भयंरक्ते, नीले हानिं च निर्दिशेत् ।

नानावर्णोऽथचेतस्मिन्, सिद्धश्च गीयते महान् ।३४।

अर्थात्- आफ्नो आंखाले हेर्दा सबै तिर पहेलो वर्ण देखियो भने नराम्रो व्याधि आउँछ । रातो वर्ण देखिएमा डर हुन्छ । नीलो वर्ण देखियो भने चाहिं, आफ्नै हानि हुन्छ भनी जान्नु । फेरि अनेकौं प्रकार रङ्ग चित्र विचित्र देखियो भनेता त्यो देख्ने योगीको महान् सिद्धि पनि हुन सक्दछ ।३४।

।।इति श्री शिव शक्ति संवादे एकादश भागं काल प्रकरण् समाप्तम्।।

अथ द्वादशभागं स्त्रीवशीकरणंप्रारम्भः-

चन्द्र सूर्येण चाकृष्य, स्थापयज्जीव मण्डले ।

आजन्म वशमा रामा, कथिते यं तपो धने ।१।

यो द्वादश भागमा श्री महादेव जी आज्ञा गर्नुहुन्छ, हे देवी जुन पुरुषले पत्नीको चन्द्र स्वर चलेको वेला आफ्नो सूर्य स्वरले उसको चन्द्र स्वरलाई खिचि आफ्नो जीवमा मिलाउन सक्यो भने उसकी स्त्री जन्म भर आफ्नो वशमा रहन्छे भन्ने कुरा तपस्वीहरुले भनेका छन् ।१।

जीवेन गुह्यतेजीवो, जीवो जीवस्य दीयते ।

जीव स्थाने गतो जीवो, बला जीवान्त कारयेक्ः ।२।

जो पुरुष आफ्ना जीव स्वरले स्त्रीका जीव स्वरलाई तान्छ भने र स्त्रीका जीव स्वरमा आफ्नो जीव स्वर दियेर जीवस्थानमा रहेको स्त्रीका जीव स्वरलाई आफ्नो अधिनमा राख्दछ भने; ।२।

रात्र्यं तयास्म वेलायां, प्रसुप्ते कामिनी जने ।
ब्रह्म जीवपिबे द्यस्तु, वालाप्राण हरो नरः ।३।

फेरि रातको पछिल्ला पहरमा सुतीरहेकी पत्नीको ब्रह्म जीव सुषुम्ना स्वर आफ्नो स्वरले पानगर्छ भने उसकी पत्नीको प्राण आफ्नै वसमा राख्न सक्छ

अष्टाक्षरीं जपित्वातु, तस्मिन् काले गते ससित् ।
तत्क्षणं दियते चन्द्रो, मोह मायाति कामिनी ।४।

फेरि सुषुम्ना नाडि चलेको बेला व्यतित् भएपछि अष्टाक्षरी ॐ ह्रं परब्रह्मणे नमः यो मन्त्र जपी आफ्नो चन्द्रस्वर जुन पुरुषले जुन स्त्रीलाई दिन्छ त्यो परस्त्री भए पनि मोहीत् भै तत्काल आफ्नो वशमा हुन्छे ।४।

शयने वा प्रसंगे वा, युवत्यालिङ्गने ऽपिवा ।
यः सूर्येण पिवेच्चन्द्रं, सभवेन्मकरध्वजः ।५।

जो पुरुष रतिका साथ सुतेका बेला वा प्रसंग गर्दा उसलाई अँगालो हाली आफ्नो सूर्यस्वरले स्त्रीको चन्द्र स्वरलाई पान गर्छ भने त्यो पुरुषलाई त्यो स्त्रीले कामदेव समान देखेर सदा सर्वदा मोह हुन्छे । ।५।

शिव आलिङ्ग ते शक्त्या, प्रसंगे दक्षिणे ऽपिवा ।
तत्क्षणात् दापये दयस्तु, मोहयत्कामिनी शतम् ।६।

अर्थात्, शिव शक्तिका आङ्गिनको वखतमा शिवको सूर्य र शक्तिको चन्द्र स्वरमा मिलायो भने; अथवा स्त्रीको दाहिनेमा पुरुपको देब्रे स्वर पर्‍यो–

भने पनि उसले रमा जस्ती स्त्रीलाई वशमा गर्छ । ।६।

सप्त नव त्रयः पंच, वारान्संगस्तु सूर्यभे ।

चन्द्रे द्वी चतुर्षट् कृत्यो, वस्या भवति कामिनी ।७।

अर्थात्, स्त्रीका सूर्य स्वरमा आफ्नो चन्द्र स्वर हालि ७-९-२-५ वाट समागम गरी; फेरि २-४-६ वाट भोग गऱ्यो भने त्यो स्त्री सदा आफ्नो वशमा रहन्छे । ।७।

सूर्य चन्द्रौ समा कृष्य, सर्पा क्रान्त्या धरोष्ठयोः ।

महा पद्मे मुखं कृष्टवा, वारंवार मिदं चरेत् ।८।

अर्थात्, सर्पका चालले स्त्रीका ओठमा आफ्नो ओठ जोरी स्त्रीको चन्द्र वा सूर्य स्वरमा वार वार आफ्नो कमलरूपी मुख मिलावोस् ।८।

आप्राब मिति पद्मस्य, यावन्निन्द्रा वशंगताः ।

पस्चाज्जाग्रति वेलायां, चोष्ये ते गल चक्षुषो ।९।

फेरि जवसम्म त्यो स्त्री मस्त निद्रामा रहन्छे, तवसम्म त्यो स्त्रीको मुख कमलको चुम्बन गर्दै रहोस् व्युँझेपछि नेत्रको पनि चुम्बन गरोस् । ।९।

अनेन विधिना कामी, वशयेत् सर्व कामिनी ।

इदं वाच्यंमनन्यस्मिन्, नत्यज्ञा परमेश्वरी ।१०।

हे महेश्वरी जो कामी पुरुष यस किसिमको कार्य गर्छ भने त्यो पुरुषले सम्पूर्ण स्त्रीलाई वशमा गर्न सक्छ । हे देवी परन्तु यो स्त्री वसीकरण तिम्रो र मेरो यो गोप्य रहस्य सम्वाद कसैलाई पनि नभन्नू है, मेरो यो सदाका लागि आज्ञा छ । ।१०।

।। इतिश्री शिवशक्ति संवादे द्वादश भाग स्त्री वसीकरण समाप्ति ।।

श्री

गर्भ प्रकरणम्

अथ-त्रयोदशभागंगर्भप्रकरण प्रारम्भः-

ऋतु स्नाता रतानारी, पञ्चमेऽह्नियदा भवेत् ।
सूर्यास्चन्द्रस संयोगे, सेवनात्पुत्रसंभवः ।१।

अर्थात्, स्त्री जातिहरू नछुने भएको पाँच दिन विते पछि, पुरुषको चन्द्र र स्त्रीको सूर्य स्वर चलेको वेला वीर्य दान गऱ्यो भने सो मुहूर्तमा छोरो हुन्छ । ।१।

शंख वल्ली गवाँदुग्धे, पृथ्व्यापी वहते यदा ।
भर्तु रेव वदे द्वाक्यं, दर्प देहि त्रिभि र्वच ।२।

फेरि, जव पृथ्वीमा जल तत्व चल्दछ तव त्यो वेला त्यो स्त्रीले ऋतु स्नान गरी गाईको दुधमा शंखवल्ली मिलाई आफुले पियेर आफ्ना पति सीत प्रेमले नलजाईकन मलाई तीन खेप वीर्य दान गर अर्थात् भोग गर भनोस् । ।२।

ऋतु स्नाता पिवेन्नारी, ऋतुदानं तु यो जयेत् ।
रूप लावण्य सम्पन्नो, नरसिह, प्रसुय ते ।३।

अर्थात् यस्ता किसिक सित नछुने भएको वेला पूर्वै झैं शंख वल्ली पिएर, आफना पतिसँग यस्तो मुहूर्तमा भोग गराउन सकी भने त्यो स्त्रीले राम्रो र वलियो सिंह समान पराक्रमी हुने छोरो पाउँछे ।३।

सुषुम्णा सूर्य वाहेन, रितु दानं तु यो जयेत् ।
अंग हीनः पुमान्यस्तु, जायते त्रास विग्रहः ।४।

फेरि सुषुम्ना अथवा सूर्य स्वर चलेको वेला पुरुषले ऋतु दान दिन्छ भने उसकी स्त्रीले अंगहीन भएको अपाङ्ग छोरो पाउँछे। ।४।

विषमांके दिवारात्रौ, विषमांके दिना धिपः।

चन्द्र तो याग्नि वत्वेषु, वन्ध्या पुत्रम वाप्नु यात् ।५।

अर्थात्, नछुने भएको ५ दिन र ५ रात वितेपछि आपनो सूर्य स्वर र स्त्रोको चन्द्र स्वर हुँदा र अग्नि तत्व चलेको वेला त्यो स्त्रीलाई पतिले वीर्य दान गऱ्यो भने बाँझी स्त्रीले पनि छोरो पाउँछे। ।५।

ऋत्वा रम्भे रविं पुंसा, स्त्रीणांचैव सुधाकरः।

उभयोः संगमे प्राप्ते, बंध्या पुत्रःमवाप्नु यात् ।६।

अर्थात् ऋतुकालको प्रारम्भ मैं आफ्नो चन्द्र र पतिको सूर्य स्वर चलेको वेला, त्यो स्त्रीले आफ्ना स्वामीलाई भोग गराउन सकी भने पनि दैव सन्जोग त्यो बाँझी स्त्रीले छोरै पाउँछे। ।६।

ऋत्वारम्भे रविं पुंसा शुक्रान्ते चा सुधाकरः।

अनेनाकर्म योगे ना, नादत्ते दैव दारुकः ।७।

ऋतु कालारम्भमा भोग गर्दा सूर्य स्वरमा वीर्य पात भयो र फेरि तुरुन्त चन्द्रस्वर चल्न लाग्यो भने अनेक किसिमको कर्मयोगको मुहूर्तले गर्दा त्यो भाग्यहीन पुरुषलाई कहिल्यै पनि गर्भधारणा हुन दिदैन। ।७।

चन्द्र नाडि यदा प्रश्ने, गर्भ कन्या तदा भवेत्।

सूर्यो भवेत्तदा पुत्रो, द्वयो गर्भोविहन्यते ।८।

गर्भको वारेमा प्रश्नकर्ताले सोध्यो भने र उसबेला चन्द्र स्वर चलेको भए छोरी हुन्छे, सूर्य स्वरमा चाहिं छोरो हुन्छ, सुषुम्नामा चाहिं गर्भ–

पतन हुन्छ भनी दिनु । ।८।

पृथिवी पुत्रीजले पुत्रः, कन्याकातु भवेज्जनः ।
तेजसि गर्भ पातस्यान्, न भस्यपि नपुंसकः ।९।

अर्थात्, दूतले प्रश्न गरेको वेला पृथ्वी तत्व चलेको भए छोरी हुन्छे । जलतत्वको वेला चाहिं छोरो हुन्छ । अग्नितत्व चल्दा भए गर्भपात हुन्छ । फेरि आकाशतत्व चलेको देला गर्भ रहेमा चाहि नपूंसक हुन्छ भनी जान्नू । ।९।

चन्द्रे स्त्री पुरुषः सूर्ये, मध्येमाने नपुंसकः ।
गर्भ प्रश्ने वदा दूतः, पूर्णपुत्रः प्रजाय ते ।१०।

अर्थात्, चन्द्र स्वरको बेला प्रश्न गरे स्त्री र सूर्य स्वरको प्रश्नमा पुरुष हुन्छ । फेरि मध्य भाग सुषुम्ना नाडिमा प्रश्न गरेमा नपूंसक हुन्छ । फेरि दूतले पूर्ण स्वर तर्फ आई प्रश्न गरेमा पक्का छोरो हुन्छ । ।१०।

शुन्ये शुन्यं यूगे युग्मं गर्भपात श्च सक्रमे ।
वत्व वित्स विजानी यात्, कथितं च स सुन्दरी ।११।

अर्थात्, हे सुन्दरी शुन्य स्वरको वेला कोहि दूतले गर्भ विषयको प्रश्न गऱ्यो भने त्यसको केहि जवाफ हुँदैन । दुवै स्वर चलेको वेला त्यो स्त्रीले छोरो पाउँछे । फेरि सुषुम्ना नाडिको वेला गर्भ रहेमा पतन हुनाकन जान्छ भन्ने कुरा तत्व वेत्ता ज्ञानी पुरुषहरूले भनेका छन् । ।११।

गर्भाधांन मारुतेयास्चदुखी, दिक्षूस्यातो वारुणे सौख्य युक्त।
गर्भस्त्रावस्वल्पजिवश्चवन्हौ,भोगीभव्यः पार्थिवेनार्थयुक्त।१२।

फेरि वायुतत्व चलेको बेला गर्भधारण हुन गएमा दुःखी पुत्र जन्मन्छ–

जल तत्वको वेला भए दशौं दिशामा प्रख्याति सुखी पुत्र जन्मन्छ पृथ्वी तत्वमा पनि भाग्यमानि नै छोरो हुनाकन जान्छ। तर अग्नि तत्व पऱ्यो भने त्या अल्पायुको हुनेछ। १२।

धनवान् सौख्य युक्तांश्च, भोग वानर्थ संस्थितिः।
स्यान्नित्यं वारुणे तत्व, व्योम्निगर्भो विनश्यति।१३।

अर्थात् जल तत्व चलेको वेला गर्भ रह्यो भने धनवान् सुख सम्पन्न भोगयुक्त र द्रव्यको स्थिति पार्ने वाला विनय शीलले परिपूर्ण हुने सुपुत्र जन्मन्छ। फेरि आकाश तत्वमा गर्भ रहे चाहि सो पुत्र नास् हुन्छ।१३।

महिन्द्रेषु सुतोत्पत्तिःवारुणे दूहिता भवेत्।
शेषेषु गर्भ हानिस्या ज्जात मात्र स्यवा मृतिः।१४।

फेरि पृथ्वी तत्वमा गर्भ रहे छोरो र जल तत्वमा छोरी हुनेछ। अरु तत्वमा चाहि गर्भैमा नास हुन्छ। कदाचित् जन्मी हाल्यो भने पनि तुरुन्त मर्छ भन्ने यो दोश्रामतमा कहिएको छ।१४।

रविः मध्य गत स्चन्द्रः, चन्द्रमध्य गतो रविः।
ज्ञातव्य गुरुतःशीघ्रं, नवेद शास्त्र कोटिभिः।१५।

अर्थात्- सूर्य स्वरको वेला चन्द्र स्वर र चन्द्र स्वरको वेला सूर्य स्वर चल्न लाग्यो भने त्यो मानव तुरन्त गुरुका सामू गै सोधनी गरोस्। किनकि यस्तो अप्ठ्यारो श्लोकको ज्ञान गुरु विना वेदादि करोडौं धर्मशास्त्र पढेको भरले मात्र जानिदैंन।१५।

।।इतिश्री शिवशक्ति सम्वादे त्रयोदश भागं गर्भ प्रकरणं समाप्ति।।

अथ-चतुर्दशभागंसम्वतसरफलंविवर्णन्

चैत्र शुक्ल प्रति पदि, प्रात स्तत्व विभेदतः ।
पश्येद् विचक्षणो योगो, दक्षिणे चोत्तरायणे ।१।

यो चौथो भागमा सम्वत् सरको विवर्णन् कहिन्छ, जस्तै चैत्र शुक्ल प्रतिपदाको बिहान ब्रह्म मुहूर्तमा तत्व भेदका जानिपकार योगीहरूले पूर्वादि ईशानतकका संवत् सरभर्को शुभाशुभ फलको लक्षण विचारोस् ।१।

चन्द्रोदयस्य वेलायां, वह मा ना थ तत्व तः ।
पृथ्वी आपस्तथा वायूः, सूभिक्षं सर्वसस्यजम् ।२।

अर्थात्- विहान चन्द्रस्वर चलेको बेला, पृथ्वी र जल अनी वायुतत्व चलेको थाहा भयो भने उसवेला जानिप्कार हरूले शुभ इच्छा गरुन् यसो गर्नालि सम्पूर्ण खेतीको अन्नमा सबै प्रकारको सह हुन्छ ।२।

तेजो व्योम्नि र्भयंघोरं, दुर्भिक्ष काल तत्व तः ।
एवं तत्व फलं ज्ञेयं, वर्षे मासे दिनेष्यपि ।३।

फेरि त्यसै बेला अग्नि र आकाश तत्व चल्यो भने ता त्यो वर्ष भयङ्कर घोर डरलाग्दो अनिकाल हुनाकन जानेछ; यस्ता तरिकाले बर्ष र महिना पक्ष र दिनको स्थान तत्वैले गरीकन जान्नू ।३।

मध्यमा भवति क्रूरा, दुष्टा सर्वे सुकर्मसु ।
देश भंग महारोगं, क्लेश कष्टादि दुःखदाः ।४।

त्यस वेला मध्य नाडी हुन गयेमा त्यो साल भर क्रूर सम्पूर्ण कार्यमा दुष्टता र देश भङ्ग महामारी रोग उत्पत्ति र क्लेश कष्टादि दुःख हुनेछ ।४।

मेष संक्रान्ति वेलायाँ, स्वर भेद विचार येत् ।
सम्बत्सर फलं ब्रूयात् सकामां तत्वचिन्तकः ।५।

अर्थात्, स्वर भेद जान्ने योगीहरूले मेष संक्रान्तिको विहानदेखि ब्यलुका तक स्वरैबाट त्यसको अनुमोदन गरी वर्ष भरिको शुभ अथवा अशुभ सबै कुराको फल भन्न सक्नेछन् ।५।

पृथिवयादिक तत्वेन, दिनमास फलं जलं ।
शोभनं च याथादुष्टं, व्योम मारुत वन्हिभिः ।६।

जुन वर्षको संक्रान्तिमा विहान पृथ्वीर जल तत्व चल्यो भने त्यो वर्षमा सबै सफल हुन्छ, अरु तत्व चलेमा दुःखदायी दुष्ट फल हुन्छ ।६।

सुभिक्ष राष्ट्र बुद्धि स्याद्, बहुसस्या वसुन्धरा ।
बहुवृष्टि स्तथा सौख्य, पृथ्वितत्वं वहेद्यदि ।७।

फेरि त्यो दिन पहिले पृथ्वी तत्व चल्यो र आफूले शुभ कामना चिताइयो भने त्यो वर्ष राम्रो वर्षा भै अन्नादि वस्तु उब्जी प्राणीहरूलाई सुख हुनेछ

अति वृष्टि सुभिक्ष स्या, दारोग्यं सौख्य मे वच ।
बहु सस्या तथा पृथ्वो, आप्तत्व वैवहेद्यदि ।८।

अर्थात्- उस दिन पहिला पृथ्वी वा जल तत्व चलेको भए पनि त्यो वर्ष राम्रो भै सबै चिजको सह हुन्छ र मनुष्यहरू सुखी भै निरोगी पनि हुनेछन् ।८।

दूर्भिक्षं राष्ट्र भंगस्या, दुत्पत्ति श्च विनश्यति ।
अल्पादल्प तर वृष्टि, रग्नि तत्वं वहे द्यदि ।९।

उसदिन विहान अग्नि तत्व चलेको भए त्यो वर्ष भरी दूर्भिक्षे भै वर्षा कम् हुन्छ अन्न पनि फल्दैन फेरि लडाई भै मनुष्यहरू पनि नाश हुन्छन् ।९।

वत्पातोप द्रवाभीति, रत्पवृष्टिः स्यूरो तयः ।
मेष संक्रान्ति वेलायां वायु तत्वं वहेद्यदि ।१०।

फेरि उसदिन पहिला वायुतत्व चल्यो भनेता अनेक किसिमको उल्का र उपद्रव तथा रिपुको भयङ्कर डर र अतिवृष्टि भै संसारमा ठूलो विघ्न पर्नेछ।१०।

मेष संक्रान्ति वेलायां, व्योम तत्वं वहे द्यादि ।
तत्रापि शून्यताज्ञेया, सस्यादिनासुखस्य च ।११।

मेष संक्रान्तिको प्रात आकाश तत्व चल्यो भने त्यो वर्ष जऊ धान्यादिक अन्नहरू घटी दुनियाँमा मानवादि प्राणीलाई सुख शून्य हुन्छ ।११।

पुर्ण प्रवेश ने स्वासे, सस्य तत्वे नसिद्ध्यतिः ।
सूर्ये चन्द्रे ऽन्यथा भूते, संग्रहः सर्व सिद्धिदः ।१२।

अर्थात्- पूर्ण स्वर भित्र प्रवेश गर्ने बेलाको तत्वले चाहि जऊ धान ईत्यादिक अन्नको खुवै सह हुन्छ । फेरि तत्वोदयको बेला सूर्य र चन्द्र स्वरको गड्बड् भएमा पनि त्यो व्यला शुभिछा गरेमा लाभै हुनेछ ।१२।

विषमे वह्नि तत्वस्य, जायते केवलं नभः ।
तत् कूर्याद् वस्तुसंग्रहो, द्विमासे च महर्घता ।१३।

फेरि त्यो वेला जो बिषम सूर्यस्वर चलेको भएर त्यसपछि तुरन्त तेज र आकाश तत्व बट्यो भने त्यो वेला अन्नादि वस्तुहरूको संग्रह अर्थात् जम्मा गऱ्यो भने दुई महिना पछि महगो भै त्यो बेपार्मा आफुलाई निकै फाईदा हुनेछ ।१३।

रवीं संक्रम ते नाडी, चन्द्रमन्ते प्रसर्पिता ।

खालीले वन्हि योगेन, रौरवं जगती तले ।१४।

अर्थात् मेष सक्रान्तिको राति सूर्य स्वर चल्यो र फेरि विहान पख चन्द्र पनि चल्यो भने फेरि त्यो व्यला आकाश र अग्नि तत्व वह्यो भने त्यो कुसमयले गर्दा पृथ्वीमा मानवादि सारा प्राणीलाई अनेक किसिमको रोगले पिडीत दु ख हुनेछ भनी जान्नू ।१४।

।।इतिश्री शिवस्वरोदय चतुर्दश भागं सम्वतसर फल समाप्तम्।।

अथ-पंचदश भाग साधन् प्रकरणं प्रारम्भः–

पार्वत्यौवाच

नर युद्धं यमयुद्धं, त्वया प्रोक्तं महेश्वरः ।

इदानी देव देवानी, वसीकरण कं वदम् ।१।

यो पन्द्र भागमा साधन प्रकरण सुन्नाको लागि श्री पार्वती विन्ति गर्नुहुन्छ हे महादेव हजुरले धर्मराजादिक देवता र मनुष्यकासाथ युद्ध गर्ने युक्तिता आज्ञाभो, अब देवताका पनि देवतालाई वस कसरी गर्ने सो कुरा पनि राम्रो तरिकाले मलाई आज्ञा गर्नुहोस् ।१।

कालो दरस्थितो विप्रो, येनोपायेन लक्ष्यते ।

मंवदामी समा सेन, यथा दुष्तं शिवा गमे ।२।

तव भगवान शङ्करजी आज्ञा गर्नु हुन्छ, हे देवी जसको मरण काल टाढा अथवा नजिक छ भनी जानिन्छ सो कुरा शिव शास्त्रमा जस्तो लेखिएको छ त्यो त्यस्तै संक्षेपमा म भन्दछु तिमी सुन ।२।

एकान्तं विजनं गत्वा, कृत्वादित्यं च पृष्ठतः ।

निरिक्ष ये न्निज छाया, कण्ठे देशे शमा हितः ।३।

जो साधक वाला योगी मानव छ सो एकान्तमा गै निज मेरु दण्ड सिधा गरी पश्चिम तर्फ फर्किएर वसोस् र सावधान भै आफ्नो छायाको कण्ठमा दृढचित्तले हेरोस् ।३।

तत श्चाकाश मिक्षेत, ह्रीं परब्रह्मणे नमः ।

अष्टोतर शतंजप्त्वा,तनः पश्यति शङ्करः ।४।

फेरि आकाश तर्फ हेरी ॐ ह्रीं परब्रह्मणंनमः भन्ने अष्टाक्षरी मन्त्र दिनको १०८ वार जप्न सक्यो भने साक्षात भगवान शिवजीको दर्शन पाइन्छ ।४।

शुद्धस्फटिकसंकाशं, नानारूप धरं हरम् ।

षण्मासा भ्यासयोगेन, भूचराणां पति र्भवेत् ॥

वर्ष द्वयन ते नाथ, कर्ता हर्त्ता स्वयं प्रभुः ।५।

अर्थात्- शुद्ध सेतो मणिको समान कान्ति भएका र अनेकौं रूपधारण गर्न सक्ने शम्भुको दर्शन हुने अभ्यास साधन जो छ सो छमहीना सम्म गर्न सक्यो भने सो योगी मनुष्यादि प्राणी हरूको राजा हुन सक्छ । फेरि त्यस्तै दुई वर्ष गर्न सक्यो भनेता त्यो योगी आफै सृष्टि कर्ता प्रभुः पनि हुन सक्छ ।५।

आदौ साधन माख्यातं, सद्यः प्रत्यूप कारकं ।

वद्ध पद्मासनो योगी, वन्धये दूड्डिया नकम् ।६।

अर्थात्- पह्लिलेको श्लोकमा विश्वास हुने साधन कहिएको जो छ सो निमित्त योगीहरूले पद्मासन कसी अर्थात् उड्डियान नामक आसनको साधनद्वारा अपान वायुको उपर खिचि नाभिस्थानमा ल्याउने हो ।६।

त्रिकालज्ञ त्वमाप्नोति, परमानन्दमेव च।

शतता भ्यास योगेन, नास्ति किंचित्सुदू र्लभम् ।७।

अर्थात्·यस्तो अभ्यास निरन्तर गर्ने मनुष्य अतः योगीहरूलाई त्रिकालको ज्ञान भै परमानन्द पनि प्राप्ति हुन सक्छ उसलाई कुनहि कुराको कति पनि केही दुर्लभ हुँदैन । ।७।

।।इतिश्री शिवस्वरोदय पञ्चदश भागम सप्तश्लोकी साधन प्रकरण समाप्ति।।

अथ-शोडषभाग यं नियम्प्रकरणारंभः-

तिर्थस्नान न दानेन, तपसा सुकृते न च।

जपै ध्यानै र्नयोगेन, जायते काल वञ्चना ।१।

अर्थात, तीर्थस्नान र दान तपस्या तथा ध्यान जपादिक योग पुण्यकर्म गर्नाले कालको गति, निकै टाढा हट्न सक्छ भन्दछन् ज्ञानीहरू ।१।

शरीरं नाशयं त्य ते, दोष धातु मल स्तथा ।

समस्त वायु विज्ञेयो, बल तेजो विवर्द्धनम् ।२।

अर्थात् हाम्रो अनेक प्रकारको दुराचार धातु मलादिकको दोषले गर्दा शरीरलाई नाश गर्छ । सम प्राणले चाहि बल र तेज् बढाउछ ।२।

रक्षणी यस्ततो देहो, यतो धर्मादि साधनं ।

रोगाजाप्यत्वमायान्ति, सावि जाप्यास्त्वसाध्यताम् ।।

असाध्या जोवितं घन्ति, नतत्रास्ति प्रतिकृया ।३।

फेरि यो देह जो छ सो धर्म अर्थ काम तथा मोक्ष इत्यादि कर्मको साधन वालाहो, तसर्थ यो देहको रक्षा गर्नु पर्छ । किनकी जरो आदि रोग-

हरूको इलाज नगर्दा हाम्रो जपादिक धर्म कर्म संज्ञक् हुन्छ अर्थात्- जव सम्म शरीर्मा औषधी गरिन्छ तव सम्म यो देह शान्त रहन्छ। तसर्थ रोग हटाउनको लागि यो देह मा औषधी हरूले रक्षा गर्नु कर्तव्य हो सो नगरे असाध्य हुन्छ- असाध्य भएमा जीवलाई दुःख हुन्छ जीव लाई शान्ति न भए धर्मको रक्षा अर्थात् प्रतिक्रिया कसरी हुन्छ र त्यसकारण यो निफँ वुझ्नु पर्ने कुरा छ ।३।

एषां हृदिस्फुरति शास्वत न द्वितीयं ।
तेजस्तमो निवह नाश करं रहस्यम् ।।
तेषां सखण्ड शरीरस्य सुकान्ति भाजां ।
स्वप्नेऽपिनोभवतिकाल भयं नराणाम् ।४।

आदी अनादि अद्वितीय तमोगुणको नाश गर्ने वाला यो गोप्य शिव स्वरोदय शास्त्रको ज्ञान जो योगी पुरुषको हृदयमा रहन्छ सो पुरुष पूर्ण चन्द्र समान कान्ति वाला हुनेछ। अर्थात्— उसलाई सपनामा पनि कालको भय हुँदैन भन्ने कुरा यो श्लोकले वताउँछ ।४।

इडा गंगेति विज्ञेया, पिंगला यमुना नदी।
मध्ये सरस्वतीं विद्यात्, प्रयागादिसमस्तथाः ५।

अर्थात्— इडानाडि गगा पिंगलाचाहिं यमुना ततः वीचको सुषुम्ना नाडि चाहिं सरस्वती हुन् भनी जान्नू योतिन नाडिको संगं तीर्थ राज प्रयागहो।५।

पुरकं कुंभक श्चैव, रेचकश्च तृतीय कम्।
ज्ञातव्यो योगिभि र्नित्यं, देहसंशुद्धि हेतवे ।६।

अर्थात्-आफ्नो देह शुद्धिको लागि योगीहरूले पूरक र कुंभक रेचक तथा ई-

तिन् प्रकारको नाडि जानिपकारहरुले परिपक्व जान्नु पर्छ ।६।

पूरकं कुरुते वृष्टिं, धातु साम्यं तथै वच ।
कुम्भके स्तं भनं कुर्याद्, जीवरक्षां विवर्द्धनम् ।७।

पुरक भनेको प्राणलाई भित्र तान्नु: हो त्यसले अमृतको वर्षा गरी शरीरको गिलो र धातुहरुको समत्तो गराउँछ, कुंभकले चाहि वाहिर भित्र दुवै तर्फ स्थिर गराई उसले जीव रक्षाको वृद्धि पनि बढाउँदछ । ।७।

रेच्चको हरते पापं, कूर्याद्योगपदं व्रजेत् ।
पश्चात्संग्राम वत्तिष्ठ ल्लय वन्धं चका रयेत् ।८।

फेरि-रेचक प्राणले चाहि भित्रको वायु वाहिर निकालिन्छ र उसले सम्पूर्ण पापको फाली योग प्राप्ति गराउँछ । यस्तो प्राणायाम गर्ने विचारवान् योगी हरूले काललाई पनि जिती समान भावमा स्थिर रहन्छन् ।८।

कुंभयेत् सहजस्वायू, तथाशक्तिः प्रकल् पयेत् ।
रेच येच्चन्द्र मार्गेणः, सूर्येणा पूरयेत् सदा ।९।

अर्थात् ज्ञानी जनहरूले आफ्नो चल्ती स्वासको सूर्यस्वरले तानी कुंभकमा लगेर यथा शक्ति रोकी चन्द्र स्वरवाट छोडोस् र फेरि सूर्य स्वरले उसँगरी उपर कुम्भक स्थानमा चढावस् ।९।

चन्द्र पीबति सूर्यश्च, सूर्य पीबति चन्द्रमा ।
अन्योन्य काल भावेन, जीविते चन्द्र तार कम् ।१०

फेरि चन्द्रस्वरले पान गरोस् र फेरी चन्द्र स्वरलाई पनि सूर्यस्वरले पान गरोस् यस तरिकाले प्राणायाम गर्ने योगीहरुले कालको गतिलाई रोकेर जवसम्म चन्द्र र ताराहरू रहन्छन् तवसम्म ऊ वाँचिरहन्छ ।१०।

स्वयंगे वहते नाडी, तन्नाडी रोधनं कुरु: ।
मुख बन्ध ममुञ्चैव, पवनं जायते युवा ।११।

अर्थात्- आफ्नो अङ्गमा चल्ने जो नाडि छ सो नाडि लाई ब्रह्मरन्ध्रमा लगी रोकेर मुख बन्ध गरी नाशाछिद्रवाट मात्र स्वास छोड्ने अभ्यास गऱ्यो भने सो अभ्यासी पुरुष सधैं जवानी भईरहन्छ त्यसकारण, योगाभ्यासी योगी पुरुषले यी कुरा खुप बुझ्नु पर्छ ।११।

मुख नासा क्षिकर्णन्ता, नंगुलो भिर्निरो धयेत् ।
तत्वोदय मितिज्ञेयं, षण्मुखोकरणं प्रियम् ।१२।

अर्थात्- मुख र नाक कान तथा आँखा पनि औंलाहरूले विधिवत् ढाकेर श्री सूर्यकोकिरण हेर्दा त्यहाँ जस्तो रूपको दर्शन पाइन्छ उसलाई तत्व को रूप जान्नु अर्थात्-यस्तो मुद्रालाई योगीयरू षणमुखी मुद्रा भन्दछन् ।१२।

तस्यरूपं गति:स्वादो, मण्डलं लक्षणम् त्विदम् ।
स वेत्ति मानवोलोके, संसर्गा दपि मार्ग वित् ।१३।

अर्थात्- यह लोकमा मुद्राको लक्षण जान्ने योगीहरू तत्वको गति र स्वाद तथा रूची र तत्वहरूको मण्डलमा मिल्ने बाटो पनि जान्दछन् ।१३।

निराशो निष्कलो योगी, न क्वचि दपिचिन्तयेत् ।
वासना मुन्मनाँ कृत्वा, कालं जयति लीलया ।१४।

अत एव यस्तो मुद्रा गर्ने योगीहरू इच्छा र चिन्ता रहित् भैं निष्पाप अत: सम्पूर्ण वासनालाई मनले तिरस्कार गरी क्रीडालेमात्र काललाई जीत्न सक्छन् अरू वस्तुको के कुरा ।१४।

विश्वस्य वेदीका शक्तिः, नेत्राभ्याम् परिदृश्यते ।
तत्रस्थं तु मनोयस्य, याम मात्रम् भवेदि हः ।१५।

जो योगी हरू समाधिमा मनलाई एक पहर मात्र पनि स्थिर गर्न सक्छन् भने ती योगीहरूलाई सम्पूर्ण सन्सारको गति आँखाले मात्र जान्न सकिने शक्ति प्राप्त हुन्छ ।१५।

तस्या युर्व र्धते नित्यं घटिका त्रय मा न तः ।
शिवेनोक्तं पुरातन्त्रे, सिद्धस्य गुणगह्वरे ।१६।

यस्ताप्रकार्को योगीहरूको आयुष्य दिनको-३ घडी प्रमाण वढ्दै जान्छ भन्ने सिद्धिहरूको यो गुण पहिले पार्वतीलाई शिवजीले गह्वरतन्त्रमा भनेको थियो

वद्धपद्मासनास्थां गुद गत पवनंसन्निरुद्धया मुमुच्चैः।
तं तस्यपानरन्ध्रेक्रमजितमनिलं प्राणशक्त्या निरुध्यः ।।
एकी भूतं सुषुम्ना विवरमुपगतं ब्रह्मरन्ध्रे च नीत्वा ।
निक्षिप्याकाशमार्गे शिवचरणरतां यांति ते केऽपिधन्यः। १७।

अर्थात्- योगी पुरुषहरूले पद्मासन बाँधी गुदद्वारमा रहने अपान वायुको रोकी उपर चढाई क्रमैले जितेको प्राण शक्ति लाई एकै रूप गरी त्यस अन्तर सुषुम्ना नाडिको छिद्रबाट व्रह्म रन्धको ठिकानामा लगी शिबजीका चरण कमलको शरणमा मिलाउने जो योगी छन् उनीहरू आकाश मार्गमा गै प्राणलाई छोडी दिन्छन् तिनही योगी धन्य छन् । ।१७।

एतज्जा नाति यो योगी, एत त्पठति नित्य शः ।
सर्वदुःख विनीर्मूक्तो, लभते वांछितं फलम् ।१८।

जो योगी यो शिव स्वरोदय शास्त्रको सदवचनलाई जानेर नित्य पाठ गर्छन् ती योगी सम्पूर्ण पापको दुःखबाट मुक्तभै मनइच्छित फल पाउँछन् ।१८।

स्वरं ज्ञानं नरेयत्र, लक्ष्मीः पाद तले भवेत् ।

सर्वत्र च शरीरे ऽपि सुखं तस्य सदा भवेत् ।१९।

जो योगी मनुष्यको हृदयमा शिव स्वरोदय ज्ञान रहन्छ उसको पयरमा सधैं लक्ष्मीको वास हुन्छ, उसको शरीरमा कहिलेई पनि दुःखले छुदैन सुखैसुखले उसको दिन वित्छ । ।१९।

प्रणव सर्वं वेदानां, ब्राह्मणो भास्करो यथाः ।

मृत्युः लोके तथा पूज्यः, स्वर ज्ञानी पुमा नपि ।२०।

अर्थात्-सम्पूर्ण वेदमा जस्तै ॐ को अक्षर पूज्यमान छ, त्यस्तै श्रीसूर्य र कर्मकाण्डी ब्राह्मण पूज्यमान छन्, त्यस्तै यहवा परलोकमा पनि स्वरका ज्ञानी पनि पूज्यमान हुने छन् ।२०।

नाडि त्रयं विजानाति, तत्व ज्ञानं तथै वच ।

नैव ते नभवे त्तुल्य, लक्ष कोटीरसा यनम् ।२१।

अतः जो मानव यो तीनै किसिमको नाडिका तत्वको भेद जान्दछन्– ती ज्ञानी पुरुषको समान लाखौं करोडौं रसायन पनि उनको समान पुग्न सक्तैनन् । ।२१।

एकाक्षरः प्रदातारं, नाडि भेद विवेच कम् ।

पृथिव्या नास्ति तद् द्रव्य, यद्धृत्वा चा नृणो भवेत् ।२२।

अर्थात् अनिर्वचनीय अद्वितीय अनन्त अव्याक्त एकाक्षरी ब्रह्म ॐ को उपदेश लिएको छ र नाडि भेदमा पनि विबेचन गरेको छ भने त्यस्ता योगीहरूका–

लागि यो पृथिवीका धनको केहि महत्व हुँदैन त्यो मानव दुवैलोकको अरिणि सर्वत्र मुक्त छ (भन्नुहुन्छ शङ्करजी) ।२२।

स्वर तत्वं तथा युद्धे, देवि पश्यन्ति यस्तथा ।

गर्भाधानं च रोगीश्च, पलार्धे नैव मुच्यय ते ।२३।

हे देवी यो शास्त्रको स्वर तत्व जान्ने योगीले, युद्ध र स्त्री वसीकरण तथा गर्भाधारण र रोगादिक विषयको निर्णय गर्न आधा पला मिलैमा सक्छ अझ आधा पला पनि लाग्दैन । ।२३।

एवं प्रवर्त ते लोके, प्रसिद्धः सिद्ध योगी भिः ।

चन्द्रार्क ग्रहणे जाप्यं, पठतां सिद्धि दायकम् ।२४।

यस्ता प्रकारको इह लोकमा प्रवृत भएका सिद्धहरूले प्रकाश गरिएको यो स्वरोदय शास्त्र चन्द्र वा सूर्य ग्रहणमा जप-पाठ गर्नाले मात्र पनि उसलाई सिद्धि प्राप्ति हुन्छ । अर्थात् यो पाठ सिद्धि दिने वाला छ ।२४।

स्वस्थानेतु समासिनो, निन्द्रा चाहर मल्पयेत् ।

चिन्तयेत् परमात्मान, यो वेद सभवेत् कृति ।२५।

अर्थात्-आफ्नो स्थानमा बसेको निन्द्रा र भोजनको कम गर्ने र आफ्नो हृदय रूपी कमलमा विराजीनु भएका प्राण पति परमात्माको चिन्तन गर्ने त्यो गम्भीर योगी महापुरुष सदा सर्वदा कुशल रहन्छ । ।२५।

प्यारी पार्वतीका अगाडि सब यो स्वरको सुज्ञानै कही ।
आज्ञा श्री शिवले गऱ्या उहि वखत् अत्यान्त खुशी भई ।।
हे प्यारी सुन यो जउन्जनहरू, मभ्यास येस्को गरी ।
स्वरलाई जसले चिन्यो यदि भन्या जान्छन् तो ससार तरी ।२६।

।।इतिश्री शिवशक्ति सम्वादे शिवस्वरोदय शास्त्रम्।।

षोडश भागम् य नियं प्रकरणम् समाप्ति ।

यो पुस्तिकामा मूल अथवा अनुवाद (टिका) जो प्रस्तुत गरियो सो लेखकको अल्पज्ञताको कारणले यसमा कति त्रुटीहरू भईरहेको होला तसर्थ विशेषज्ञहरूले क्षमा दिनु होला भन्ने लेखकको अनुरोध छ ।

।।इति।।

अथ-अमोघ श्री शिवकवचम् प्रारम्भः-

यो अमोघ शिव कवच परम गुप्त र अत्यान्त आदरणीय छ ।

फेरि, सर्वपाप बाट मुक्त गरी विघ्न वाधा पनि हटाउने वालो छ ।

फेरि, मृत्युका नजीकमा पुगेको महान रोगी मानवहरूको रोगवाट पनि मुक्त गराउने वालो छ–

फेरि, यो अमोघ शिव कवच सम्पूर्ण विपरितको दुःखवाट छुटाई मानव मात्रमा परम हीतकारक तथा भव भयको दूर गर्ने वालो यो कवच भक्ति र श्रद्धाका साथ नित्य पाठ गर्नाले अन्त्य दूर्लभ मोक्षको पनि प्राप्ति गर्ने वालो छ ।

महर्षि श्री ऋषभ् देवको मुख कमलबाट निसृति यो शिव कवच श्री स्कान्द पुराणान्तर्गतमा पाइन्छ ।

अथ-विनि योगः–

ॐ श्री शिव कवच स्तोत्र मन्त्रस्य ब्रह्मा ऋषिः रुद्रो देवताः अनुष्टुप्छन्दः श्रीं ह्रीं क्लीं बिजम् ह्रीं शक्तिः बं कीलकम् श्रीसदाशिव प्रियताँ कवचम् जते विनि योगः-

अथ-ऋष्यादिक न्यासम्ः–

ॐ ब्रह्म ऋषयेनमः शिरसि । ओम श्री सदाशिव रुद्रदेवताय नमः हृदि । ओमअनुष्टुप्छन्दसेनमःमुखे । ॐ ह्रीं श्रीं क्लीं मिति बीजाय नमः गुह्ये । ॐ ह्रीं शक्तये- नमः पादयो । ॐ बं कीलकाय नमः नाभौ । ओम विनि योगाय नमः सर्वांगे ।७।

अथ-करन्यसम्

ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम ह्रीं रां सर्व शक्तिःधाने ईशानात्मने-अंगुष्ठा भ्या न्नमः ।
ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम नं रीं नित्य तृप्ति शक्तिः धाम्ने तत्पुरुषात्मने तर्जनीभ्यां स्वाहा
ॐ नमो भगवते ज्वल ज्वाला मालिने ॐ मं रूं अनादि-शक्तिः धाम्ने अघोरात्मने मध्यामाभ्यां वषट् ।
ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम शिरैं-स्वतन्त्रशक्ति धाम्ने वामदेवात्मने अनामिका भ्यांहूम् ।
ॐनमो भगवते ज्वल ज्वालामालिने-ओमवांरौंअलुप्त शक्तिः धाम्ने सद्योजातात्मने- कनिष्ठिका भ्यां वौषट् ।५।
ॐ नमोभगवते ज्वलज्वाला मालिने ॐ यं रं अनादिशक्तिःधाम्नेसर्वात्मने-करतल करपृष्ठाभ्यांफट्।

अथ-हृदयादि न्यासम्

ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम ह्रीं रां सर्वशक्तिः धाम्ने ईशानात्मने-हृदयाय नमः ।
ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम रीं नित्य तृप्ति-शक्तिः धाम्नेतत्पुरषात्मने-शिरसेस्वाहा ।

ॐ नमो भगवते ज्वल ज्वाला मालिने ओम मं रूं

अनादिशक्तिः धाम्ने अघोरात्मने शिखायै वषट् ।

ॐ नमो भगवते ज्वल ज्वा मालिने ओम शिरैं

स्वतन्त्रशक्तिःधाम्ने वामदेवात्मने कवचायहूम् ।

ओम नमो भगवते ज्वल ज्वाला मालिने ओम वारौं

अलुप्त शक्तिःधाम्ने सद्योजातात्मने नेत्रत्रयायवौषट्।

ओम नमो भगवते ज्व ज्वाला मालिने ओम यं रं

अनादि शक्तिः धाम्ने सर्वात्मने अस्त्राय फट् ।६।

अथ-ध्यानम्

ओम बज्र दष्ट्रं त्रिःनयनं कालकण्ठं मरिंदम् ।

सहस्त्र करम प्यू नं वन्दे शंभो मुमा पतिम् ।१।

यथा परं सर्वपुराण गुह्यं ।

निःशेष पापौघ हरं पवित्रम् ॥

जय प्रदं सर्व विपद्वि मोचनं

वक्ष्यामि शैवम् कवचं हिता येत् ।२।

पुनः-ध्यानम्

ओम नमस्कृत्य महादेवं विश्वव्यापिं नमिश्वरम् ।

वक्ष्य शिवमयं वर्म सर्वं रक्षा करं नृणाम् ।३।

शूचौ देशे समासिनो यथाव कल्पिता सनम् ।

जितेन्द्रियो जितः प्राणा स्चिन्तयेच्छिव मव्ययम् ।४।

हृत्पुण्डरी कान्त रसं निविष्ट ।

स्व तेजसो न्याप्त नभो ऽवकाशम् ।

अतिन्द्रियं सुक्ष्म नसन्त माद्य ।

ध्यायेत् परानन्द मयं महेशम् ।५।

अथ-तामस ध्यानम्

ध्याना अवधूता खिल कर्म बन्धन् ।

चिर चिदानन्द निमग्न चेताः ।।

षडक्षरं न्यास समाहि ता त्मा ।

शैवेन कुर्यात् कवचेन रक्षस् ।६।

अथ - कवचा रभः-

मांपातु देवो ऽखिल देव तात्मा

संसार कूपे पतितंगभीरे ।।

तन्नाम दिव्यं वर मन्त्र मूलम् ।

धुनोतु मे सर्व मघं हृदि स्थम् ।१।

सर्वत्र मां रक्षतु विश्व मूर्तिं ।

ज्योति र्मया नन्द घनिश्च दात्मा ।।

अणो रणी यानरु शक्ति रेकः ।

सईश्वरः पातु भयाद शेषाद् २

योभू स्वरूपेण विर्भात्ति विश्वम् ।
पायात् सभूमे गिरि शोऽष्ट मूर्तिम् ।।
योऽपां स्वरूपेण नृणां करोति ।
स ञ्जीवनं सोऽवतुमांजले भ्यः ।३।
कल्पा वसाने भुवनानि दग्ध्वा ।
सर्वाणि यो नृत्यति भूरि लाला ।।
सकाल रुद्रो ऽवतु मांदवाग्ने: ।
वात्यादि भीते रखिला च्च तापात् ।४।
प्रदिप्त विद्यु त्क कनकाव भासो ।
विद्या वरा भीति कूठारपाणि: ।।
चतुर्मुख स्त त्पुरुष स्त्री नेत्र: ।
प्राच्याँस्थित रक्षतु माम जस्त्रम् ।५।
कुठार वेदांकुश पाश शूल ।
कपाल ढक्काक्ष: गुणान् दधान: ।।
चतुर्मुखो नील रुचि स्त्री नेत्र: ।
पायाद घोरो दिशि दक्षिणस्याम् ।६।
कुन्देन्दु शंख स्पटिकाव भासो ।
वेदाक्ष माला वरदा भयाङ्कः ।।
त्र्यक्ष श्चतुर्वक्त्र उरू प्र भाव: ।
सद्योऽधि जातोऽ वतु मां प्रती चयम् ।७।

वरक्षः माला भयटङ्क हस्तः ।
सरोज किञ्जल्क समान वर्णः ॥
त्रिलोचन श्चारु चतुर्मुखो माम् ।
पायातु दीच्यां दिशिवाम देवः ।८।
वेदाभयेष्वांकुश पाश टङ्कः ।
कपाल ढक्काक्षक शूल पाणि ॥
सित द्युतिः पंचमुखो ऽवता न्मां ।
मीशान ऊर्ध्वं परमं प्रकाशः ।९।
मूर्द्धां नमः व्यान्मम चन्द्र मौलिः ।
भालं ममाव्या दथ भालनेत्रः ।
नेत्र ममाव्यद् भग नेत्र धारी ।
नासा सदा रक्षतु विश्व नाथः ।१०।
पिया द्रुती मे श्रुत गीत कीर्तिः ।
कपोल म व्यात् सततं कपालो ।
वक्त्रं सदा रक्षतु पञ्च वक्त्रो ।
जिह्वा सदा रक्षतु वेद जिह्वः ।११।
कण्ठ गिरी शोऽवतु नीलकण्ठः ।
पाणि द्वयं पातु पिनाक पाणिः ॥

दोर्मूल मव्यान्मम धर्म बाहू ।
वंक्षस् थलं दक्षः मखान्त कोऽव्यत् ।१२।
मनोदरं पातु गिरीद्र धन्वा ।
मध्यं ममा व्यन्मद नान्त कारी ।।
हेरम्बता तोम मांपातु नाभिः ।
पायत् कर्टा धूर्जटि रीश्वरो मे ।१३।
ऊरू द्वयै पातु कवेर मित्रो ।
जानुद्वयं मे जगदी श्वरो ऽ व्यात् ।।
जंघा युगं पुङ्ग वकेतु र व्यात् ।
पादौ ममाव्यात्सुर वन्द्य पादः ।१४।
महेश्वरः पातु दिना दिया मे ।
मां मध्य यामेऽवतु वाम देवः ।।
त्रियं बकः पातु हृती यया मे ।
बृष ध्वजःपातु दिनान्त्य या मे ।१५।
पाया त्रिशादौ शशि शेख रो मा ।
गङ्गा धरो रक्षतु माँ निशी थे ।।
गौरी पतिं पातु दिशा वसा ने ।
मृत्युञ्जयो रक्षतु सर्व कालम् १६।

अन्तः स्थितं रक्षतु शंकरो माँ ।
स्थाणु सदा पातु बहि स्थितं मां ॥
यदन्तरे पातु पतिः प शुन्याम् ।
सदा शिवो रक्षतु मां समन्तात् । १७।
तिष्ठन्त मव्याद् भुवनैक नाथः ।
पायाद् व्रजन्तं प्रमथाधि नाथः ॥
वेदान्त वेद्योऽवतु मां निषण्णं ।
माम व्ययः पातु शिव शयानम् ।१८।
मागेषु मां रक्षतु नील कण्ठः ।
शैलादि दुर्गेषु पुर त्रयारिः ॥
अरणय वासादि महा प्रवासे ।
पायान् मृग व्याध उदार शक्तिः ।१९।
कल्पान्त काटोपपटु प्र कोपः ।
स्फुट्ट हासोच्चलिताण्ड कोशः ॥
घोरारि सेनार्ण वदुर्नि वारः ।
प्रहाभयाद् रक्षतु वीर भद्रः ।२०।
पत्त्यश्च मातंग घटा वरूथः
सहस्त्र लक्षा युत कोटि भीषणम् ॥
अक्षौ हिणी नां शत माततायिनां ।
छिन्द्यान्मृडो घोर कुठार धारया ।२१।

निहन्तु दस्यून् प्रलया न लार्चिः ।
ज्वलत् त्रिशूलं त्रिपुरान्त कस्यः ।।
शार्दूल सिंह क्षं वृकोदि हिंस्रान् ।
सन्त्रासयत् वीष धनुः पिनाकम् ।२२।
दुःस्वप्न दुश्शकुन दुर्गति दौर्म नस्य ।
दुर्भिक्ष दुर्व्यसन दुस्स ह दुर्य शान्ति ।
उतपात ताप विष भीति मसद् ग्रहार्ति ।
व्याधिश्च नाशयतु मे जगतामधीशं ।२३।

ॐ नमो भगवते सदा शिवाय सकल तत्वात्म काय सकल-तत्व विहाराय: सकल लोकैक कर्त्रे-सकल लोकैक भर्त्रे सकल लोकैक हर्त्रे-सकल लोकैक गुरवे-सकल लोकैक साक्षिणे-सकल निगम गुहयाय: सकल वर प्रदाय:सकल दुरि तार्ति भञ्जनाय: सकल जगत् भयंकराय: निर्गुणाय निरूप माय: निरूपाय:- निराभाषाय: निरमयाय: निष्प्रपञ्चाय: निष्कलंकाय: नीर्द्व द्धाय: निस्संगाय: निर्मलाय: निर्गमाय: नित्य रूप विभवाय: निरूपम विभवाय: निरा धाराय: नित्य शुद्ध:बुद्ध:परिपूर्ण सचिदा नन्दा वयाय: परम शान्त प्रकाश तेजोरूपाय:-

जय जय महारुद्रः महारौद्रःभद्रावतारः दुःख दाव दारणः महा भैरव काल भैरव कल्पान्त भैरव–कपाल माला धरः खट्वांग खड्व चर्म धरः ।। ततः पाशांकुश डमरु चाप शूल बाण गदा शक्तिःभिन्दि पाल-तमोर मुसल मुद्गर पट्टिश परशु–परिघ भुसूण्डी शतघ्नी चक्राद्यायुध भीषणकर सहस्त्र मुख दंष्ट्रा कराल विकटाट हास–विस्फुरित ब्रह्माण्ड मण्डल नागेन्द्र कुण्डल नागेन्द्र हार नागेन्द्र बलय नागेन्द्र चर्मधर मृत्युञ्जयः त्र्यास्बकं त्रपुरान्तक विरूपाक्षि विश्वेश्वर विश्वरूप वृषभवाहना विष भूषणःविश्वतो सुखःसर्वतोरक्षःमांरक्षः ज्वलज्वल महामृत्यु भय मप मृत्युभयं नाशय नाशय रोग भय मुत्सादः घोत्सादय विष सर्प भयं समय समय चोर भयं मारयामरयःमम शत्रु च्चाटोयु च्चाटयः शूलेन विदारय विदारयःकुठारेणः भिन्धि भिन्धिः खड्गेन छिन्दि छिन्द्धि खट्वाँगेन : विपोथयः मुशलेनः निशेषयः नाणैःसंताडय सन्ताडयःरक्षांसि भीषय भूतानी विद्रा वय विद्रायवः कूष्माण्ड वेताल मारी गणः

ब्रह्म राक्षसान् संत्रासय:संत्रासय: ममा म भय कुरू: कुरू: वित्रस्तं ममाश्वासया श्वासय: नरक भयान: मामुद्धा र्योद्धारय संजीवन: क्षुत्तृड्भ्यां ममाप्याय: याप्याय: दु:खातुरं ममानन्द यानन्दय शिवकवचेन मामच्छादया च्छादय त्र्यम्बकं सदाशिव

नमस्ते नमस्ते नमस्ते: ॥

इत्येतकवचं शैवं यरदं व्यहृतं मया

सर्ववाधा प्रशमनं रहस्य सर्व देहिनाम् ।२४।

यः सदा धारतेन् मर्त्यं शैवं कवच मुत्तमं

नःतस्य जायते क्वापि भय शंभो ननुग्रहम् ।२५।

क्षणायु मृत्यु मा प्नोति महा रोग हतोऽपिना ।

सद्यःसुख मवाप्नोति दीर्घमायु श्चविन्दति ।२६।

सर्वदारिद्रय शमनं सौमंगल्य विवर्धनम् ।

योधन्ते कवचं शैवं स देवै रपि पूज्यते ।२७।

महा पातक संघात मुच्यते चोप पातकैः ।

देहान्ते शिव माप्नोति शिव वर्मानु भावतः।२८।

त्वयापि श्रद्धया वत्स शैव कवच मुत्तमम् ।

धारये स्व मया दत्तं सद्यः श्रेयो ह्यावप्स्यसि ।२९।

इतिश्री स्कान्दे महापुराणे एकाशित सहस्रायाम् तृतीय ब्रह्मोत्तरखण्डे

अमोघ शिव कवचम् समाप्त ।।

जय शिव ॐ का रा प्रभु हरि शिव ओम कारा
ब्रह्मा विष्णु सदा शिव -२- अर्द्धांगी धारा
ओम हरहर हर महादेव. ।१।
एका नन चतुरा नन, पञ्चा नन राजे प्रभु -२-
हंसासन गरुडासन-२- वृष वाहन साजे ओम हर० ।२।
दोभुज चार चतुरभुज, दशभुज वर सोहे प्रभु-२-
तीनो रूप निरखत -२- त्रिभुवन मन मोहे-
ओम हर हर हर महादेव ।३।
अक्षमाला वन माला, रुण्ड माला धारी शिव -२-
चन्दन सोहे मृगमद-२-भाले शशिधारी ओम हर० ।४।
स्वेताम्बर पीताम्बर, बागाँबर अंगे शिव -२-
ब्रह्मादिक सनकादिक -२- प्रेतादिक संगे
ओम हर हर हर महादेव ।५।
करके बीच कमण्डलु, चक्र त्रीशूल धरता प्रभु-२-
जग भरता संहरता-२-पुन पालन करता ओम हर० ।६।
ब्रह्मा विष्णु सदा शिव, जानत अविवेकी प्रभु-२-
प्रणवा क्षर के मध्ये-२- ती नौं ही एका
ओम हर हर हर महादेव ।७।
आरती श्री शङ्करको-जो कोई गावे नित-२-
कहत सदानन्द स्वामी कहत सदा शिव स्वामी
ते वर सुखपाये ओम हर हर हर महादेव । ।८।

।। इति आरती ।।